अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९

बाट

नेपाल सरकार

समक्ष पेश गरिएको प्रतिवेदन

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९

२६ मङसिर २०८०

भूमिका

हाम्रो देश नेपालमा लेनदेन व्यवहार परम्परा देखिनै समाजमा व्यवहार चलाउन चल्दै आइरहेको थियो। लेनदेन व्यवहारको सन्दर्भमा १९१० को मुलुकी ऐन भन्दा पहिले देखिनै जिन्सीमा व्याज लिन नहुने, १० प्रतिशतभन्दा बढी व्याज लिन नहुने, व्याजको स्याज खान नहुने आदि प्रतिवन्ध रहेकै थिए ।

तर व्यवहारमा असामीसंग विभिन्न रुपमा बढी व्याज लिने र शोषण गर्ने चलन चल्न थाल्यो । खासगरी मधेश क्षेत्रमा असामी अर्थात् ऋणीलाइ ऋणको नाममा बढी शोषण गर्न थालियो । एकथरी साहुहरुको पेशा नै व्याजमा लगानी गर्ने अर्थात् सूदखोर हुन थाल्यो।

लिखतमा साविकमा मुलुकी ऐन र हाल देवानी संहिता कानून अनुसार १० प्रतिशत व्याज तोकेर लिखत खडा गरिन्छ । तर ब्यवहारमा चक्रवृध्दि व्याज मात्र नभइ सयकडा ३६ प्रतिशत वा सो भन्दा बढी पनि व्याज लिन थालियो।

मधेश प्रदेशका जिल्लाहरुमा परापूर्व काल देखिनै कपाली तमसुक बनाउँदा एक को तीन अर्थात् दश हजार ऋण लिएमा तीसहजारको तमसुक बनाउने चलन थियो । दशकौं देखि भने अनुचित लेनदेन कार्यले मिटर व्याजको रुप लिन थाल्यो। काठमाडौंमा पहिले पहिले मिटरवाला टेक्सीमा यात्रु चढेपछि ड्राइभरले मिटर फड्काएर मिटरमा अत्यधिक भाडा चढाएर असूल गरिन्थ्यो। त्यसैगरी घरायसी लेनदेनमा पनि पटक पटक तमसुक फेरेर अत्यधिकरुपमा व्याज बढाएर लिन थालेपछि साहुको त्यस्तो कार्यलाइ मिटर ब्याजी भनिन थाल्यो ।

अनुचित लेनदेन अर्थात मिटर ब्याजी कार्यले मधेश प्रदेशका हजारौं हजार गरीबहरु घरबार विहीन हुन थाले ।विशेषतः मधेश प्रदेशका जिल्लाहरुमा लेनदेनको तमसुक सावाँ भन्दा ३।४ गुणा बढाएर तयार गरिन्छ । त्यसमाथि सावाँव्याज तिरे पछि फिर्ता गर्ने गरी असामी अर्थात् ऋणीको जग्गा पनि राजीनामा पारीत गराएर लिइन्छ। त्यतिले पनि नपुगेर शून्य मौज्दातमा बैंकमा खाता खोल्न लगाएर २।३ थान खाली चेकमा सही गराएर समेत लिइन्छ। गरीबले समयमा ऋण चुक्ता गर्न सक्ने अवस्था हुँदैन, यस्तो अवस्थामा उक्त चेकमा मनलाग्दी रकम भरेर चेक बाउन्समा मुद्दा समेत दिइन्छ। अनुचित लेनदेन गर्दा साहुहरुले ऋणीलाइ रकम दिंदा होस् वा ऋणीबाट सावाँ व्याज फिर्ता लिंदा होस् साहुहरुले घरसारमा नगद वा जिन्सीमा मात्रै कारोबार गर्छन्। ऋणीले साँजा व्याज बुझाएको अवस्थामा तमसुकमा दरपीठ वा भरपाइ केही पनि गरिदिंदैनन्। विशेषतः मिटर व्याज सम्बन्धी विषयमा साहुसंग उपरोक्त उल्लेखित सवै आधार प्रमाण खडा हुन्छ तर पीडितको साथमा घरजग्गाको भोगचलन बाहेक अन्य कुनै पनि प्रमाण हुँदैन, अर्थात् पीडकले आफ्नो विरुध्दको प्रमाण पीडितलाइ दिने गर्दैनन् ।

साहुहरुको यस्तो अमानबीय र कानून प्रतिकूलको कृयाकलाप र व्यवहारले पीडित ऋणीहरु घरका न घाटका हुन पुगे। साहुले घरबास, जग्गा सवैबाट उठाए पछि पीडितहरुले सरकार गुहार्न थाले ।

स्थानीय रुपमा पालिका र प्रदेश सरकारबाट कुनै सुनुबाइ नभए पछि संघीय सरकारलाइ गुहार्न थाले।

पश्चिम नवलपरासी र मधेश प्रदेशका जिल्लाहरुबाट राजधानी काठमाडौंसम्म पैदल यात्रा गरी आन्दोलनकारी पीडितहरु राजधानी आए । रत्नपार्क शान्ति वाटिका र माइतीघर मण्डलामा अनसन,धर्ना बसेर विरोध गर्न थाले ।

पीडितको व्यापक विरोध पछि पीडितहरुसंगकै सहमतीमा अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी समस्या निराकरण लगायत सुझावको लागि नेपाल सरकारले २०७९ चैत्र २० मा यो आयोग गठन गरेको थियो ।

आयोगले आफूले पाएको कार्यदिश अनुसार काम गर्दै जाँदा पीडितहरुलाइ निवेदन दिन पटक पटक दिइएको म्यादमा पीडितहरुको करिब २८००० अठ्ठाइस हजार निवेदन परे। पीडितका तर्फबाट परेका निवेदनहरु छलफलको माध्यमद्वारा मेलमिलाप गर्न आयोगको सिफारिशमा गृह मन्त्रालयबाट सवै जिल्ला प्रशासन कार्यालयहरुमा सहायक प्रजिअ, सहायक सरकारी वकील र प्रहरी अधिकृत समेत रहेको कार्यदल गठन गरियो। उक्त कार्यदलबाट पीडित ऋणी र साहुबीच छलफल गराइ दुवै पक्षको सहमतीको आधारमा मिलापत्र गराउन थालियो । यो प्रतिवेदन तयार पार्दासम्म करिब *५२०० (पाँचहजार दुइ सय)* पीडितका निवेदनहरुमा साहु र असामीबीच सहमती भइ मिलापत्र भएको छ ।जसको फलस्वरुप साहुबाट ऋणी असामीलाइ २१८ बिघा (७९३) कित्ता जग्गा फिर्ता भएको छ । साहुबाट ७ अर्ब ६२ करोड ८० लाख रुपैयाँ असूल हुन बाँकी छ भनी माग गरेकोमा १ अर्ब ७२ करोड ८६ लाख रुपैयाँमा दुवै पक्ष बीच सहमतीमा टुँगिएको ।

पीडितहरुबाट अझै निवेदन दिन छुटेको भन्ने गुनासो पनि आइरहेको छ । एक थरी मिटरव्याज पीडित संघर्ष समितिको नामबाट लेनदेनको सबै तमसुकनै खारेज गरिनु पर्दछ, अवैध घोषित गरिनु पर्दछ भन्दै मिलापत्रको लागि बोलाउँदा निवेदकहरुनै अटेर गरी नआएको स्थिति पनि छ ।

आयोगलाइ प्राप्त कार्यदिशको अधीनमा रही पीडितले ऋण लिनु पर्ने समस्या लगायत देखिएका समस्याको सम्बोधन राज्यले गर्नु पर्नेतिर धेरै परामर्श, सोचविचार गरी सुझावहरु दिइएका छन् ।

आयोगले गृह मन्त्रालय मार्फत जिल्ला प्रशासन कार्यालयहरुमा कार्यदल गठन गराएर ऋणी पीडित र साहु अर्थात् महाजन बीच मिलापत्र गराउँदै आएको सर्वविदितै छ । आयोगको अनुपस्थितिमा पनि उक्त कार्यदलबाट हुँदै आएको कार्यलाइ निरन्तरता दिइनु पर्दछ । त्यसको लागि कानूनी व्यवस्था नै गर्नु

पर्ने हुन्छ । मिलापत्र गरेर समस्या समाधान गराउन प्रमुख जिल्ला अधिकारीलाइ अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी काम कारबाहीमा मिलापत्र सम्बन्धी अधिकार प्रदान गर्नको लागि मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ पछि थप भएको दफा २४९क को उपदफा (६) पछि उपदफा (७) थप गर्न सरकारलाइ सुझाव दिइएको छ ।

दिइएका सुझावहरु सरकारले अविलम्ब कार्यान्वयनमा ल्याएमा मात्र अनुचित लेनदेन अर्थात् मिटर ब्याजी समस्याको निराकरणमा पाइलो अगाडि बढ्न सक्छ भन्ने आयोगको ठम्याइ रहेको छ ।

आयोगले जाँचबुझको काम गर्दा पीडित रहेका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, जिल्ला प्रहरी कार्यालयका प्रमुखहरु, सरकारी वकीलहरु, अन्य राष्ट्र सेवकहरुको अमूल्य सहयोग पाएको छ । जिल्ला जिल्लामा अन्तरकृया गर्दा विभिन्न निकायका प्रमुख लगायतबाट सिर्जनात्मक सुझाव आयोगले पाएको छ। आयोगलाई तोकिएको कार्यदिश बमोजिमको कार्य सम्पन्न गर्ने क्रममा सहयोग पुऱ्याउने सबैमा आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

आयोगमा खटिएका शाखा अधिकृत श्री सुन्दर वान्तवा, कम्प्युटर अपरेटर श्री चन्द्रशेर राना, कम्प्युटर अपरेटर श्री सपना थापा मगर, श्री मनिष कुमार कर्ण, कार्यालय सहयोगीहरु प्रमोद झा र श्री बीरेन्द्र खतिवडाको सहयोगको लागि धेरै धन्यवाद। साथै गृह मन्त्रालयका सह सचिव माहादेव पन्थ, सह सचिव तुलसी बहादुर श्रेष्ठ र उप सचिव श्री भीमकान्त शर्माको सकृय सहयोगको लागि पनि धेरै धन्यवाद ।

अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी
जाँचबुझ आयोग, २०७९

२०८० मङसिर २६

विषय सूची

१) परिचय..१

क) लेनदेन सम्बन्धी ईतिहास

ख) परम्परागत लेनदेन

ग) लेनदेनमा देखिएका समस्याहरु

घ) पछिल्लो समयमा लेनदेनमा आएका विकृतिको कारण

ङ) पीडितहरुको संघर्ष तथा गतिविधिहरु

२) विगतमा समस्या समाधानको लागि सरकारी स्तरबाट भएका प्रयासहरु.........................४

३) आयोग गठन र कार्यदिश ५

४) मुद्दा यथास्थितिमा राख्नु पर्ने सुझाव गृह मन्त्रालयलाई दिइएको ६

५) जिल्लामा भएका अन्तरक्रियाहरु ७

६) जिल्लाको स्थलगत भ्रमण पश्चात प्राप्त भएका विवरणहरु...८

क) अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी विभिन्न जिल्लामा के-कस्ता प्रकृति/प्रवृत्तिहरु रहेका छन् ?

ख) अनुचित लेनदेनको कारणले सिर्जित पीडितहरुको अवस्था कस्तो छ ?

ग) के कारणले अनुचित लेनदेन भईरहेकोछ ?

घ) विगतमा स्थानीय प्रशासन/प्रहरीबाट अनुचित लेनदेनको न्यूनीकरणको लागि भएका प्रयासहरु ?

ङ) अनुचित लेनदेन न्यूनिकरणको लागि प्राप्त सुझावहरु के-के हुन ?

७) पीडितहरुको निवेदन फारमको विश्लेषण..१४

८) समग्र समस्याको पहिचान १८

९) भविष्यमा अनुचित लेनदेनलाई न्यूनिकरण गर्न अपनाउनु पर्ने उपायहरु.......................२२

क) प्रचलित कानूनको प्रभावकारी (कडाइका साथ) कार्यान्वयन गर्नुपर्ने २३

ख) गरिबीको रेखामुनी रहेका जनताहरुलाई लक्षित गरी कार्यक्रमहरु ल्याइनुपर्ने २४

ग) पीडकलाई कारबाहीको लागि अपनाउनु पर्ने कानूनी प्रक्रिया ३८

घ) लघुवित्त कर्जा सम्बन्धमा ३९

ङ) कृषि ऋण अनुदान गरीव र साना किसानमा पुऱ्याउनु पर्ने ४६

च) स्थानीय रुपमा गाउँघरमा आपसी लेनदेन गर्दा अपनाउनु पर्ने प्रकृया ४९

छ) मिलापत्र यथावत गराउनको लागि प्र.जि.अ.लाई अधिकार दिने सम्बन्धमा कानुन संशोधन गर्नुपर्ने सुझाव ५०

१०) सारांश ५५

अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९

गृह मन्त्रालयमा पेस गरिएको प्रतिवेदन

१. परिचय

(क) लेनदेनको ईतिहास: ढुङ्गे युगमा रहेको मानव सभ्यताको क्रमशः विकास हुँदै जाँदा मानिसहरू समूहमा बस्न थालेको पाइन्छ। यसरी समूहमा बस्नुको प्रमुख कारणमा सुरक्षा र दैनिक आवश्यकताको सहज परिपूर्ति नै देखिन्छ।

समाजको विकाससँगै मानिसहरूको आवश्यकताहरू जस्तैः गाँस, बास, कपासको परिपूर्ति तथा समाजको विकाससँगै समाजमा देखा परेका खराब तत्वहरू, प्रवृत्तिहरू तथा जंगली जनावरहरूबाट समेत सुरक्षित रहन समूहमा बस्नुपर्ने आवश्यकता भयो। कालान्तरमा जब एक समूहमाथि अर्को समूहले हमला गर्ने, कब्जा गर्ने तथा उनीहरूसंग भएको संचित खाना तथा स्रोत साधनहरू लुटेर लैजाने जस्ता घटनाहरू बढ्दै गए। जसले गर्दा मानिसहरूलाई जीउ धनको सुरक्षाको लागि समूह भई समाजमा बस्नुपर्ने बाध्यता भयो। जसको परिणाम स्वरुप क्रमशः राज्यहरूको परिकल्पना तथा विकाससमेत भएको पाइन्छ।

यसरी समाजमा बसेको मानिसहरू बीच आफूलाई आवश्यकता परेको बेलामा छिमेक वा समाजमा रहेका अन्य व्यक्तिहरूसँग सापट (ऋण) लिने (लेनदेन) परम्परा सुरु भएको थियो र यो प्रथा आजको २१औं शताब्दीसम्म आईपुग्दा पनि अझ व्यापक तथा सर्वव्यापी रुपमा बृद्धि भएको पाइन्छ।

नेपाल पनि घरायसी लेनदेनबाट अछुतो रहने भएन। हाम्रो देशमा पनि यो प्रथा परम्पराको रुपमा यत्रतत्र सर्वत्र रही आएको छ।

<u>**लेनदेनसम्बन्धी कानूनी इतिहास:**</u>

लेनदेनको सम्बन्धमा मानिसहरूबीच पहिलेदेखि नै व्यवहार चलाउन ऋण लेनदेन हुँदै आएको पाइन्छ। मानिसहरु वीचको लेनदेनलाई थप व्यवस्थित गरी कानूनी मान्यता दिन तत्कालीन राजा, रजौटाहरुले विधि निर्माण गर्ने प्रचलन पनि शुरु भयो। समाज विकासको क्रमसँगै मानिसहरुमा नैतिक विचलनको पनि सँगै विकास हुनथाल्यो। जसको फलस्वरूप घरसारमा भएको मौखिक लेनदेनलाई आलटाल गर्ने र नतिर्ने प्रवृत्तिको पनि विकास भयो।

राष्ट्रिय विभूति शंखधर शाख्वाले ऋणले पिसिएका जनतालाइ मल्ल काल अगाडिनै ऋण मुक्त गराएका थिए भन्ने ऐतिहासिक प्रमाण समेतका आधारमा नेपालमा लिच्छवी र मल्ल काल

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९

देखिनै समाजमा साहु र ऋणी बीच ऋण लेनदेन हुँदै आएको पाइन्छ। यसरी ऐतिहासिक रुपमा प्राचीन काल देखिनै ऋण लिने चलन रहेछ र ऋणले पिसिएका जनतालाइ नै शाख्वाले ऋण मोचन गरिदिएपछि नेपाल संवत् शुरु भएको भन्ने देखिन्छ।

१४३७ को राजा जयस्थिति मल्लको मानव न्याय शास्त्र वा न्याय विकासिनीमा पनि लेनदेन हुने कुरा उल्लेख छ। त्यस्तै तिर्नुपर्ने दायित्व बारेमा पनि ५४३ वर्ष अगाडिको अभिलेखमा उल्लेख भएको पाइन्छ।

मुलुकी ऐन, २०१० को साहु तिर्नाको महल ६ मा लेनदेनसम्बन्धी कानूनी व्यवस्था रहेको थियो। सो प्रावधान अनुसार जिन्सी व्याज तिर्ने गरी कागज भएको छ भने मुद्दा परेमा १० प्रतिशत मात्र भरी पाउने। बढी लेखेको नपाउने भन्ने उल्लेख भएको देखिन्छ।

"कसैले सयकरा यति मुरि अन्न तिरुला भंन्या कवोल गरी कागज लेषी साहु संग रूपैया कर्जा लियाको रहेछ तिर्न्या बेलामा साहु असामीको झगडा भै अदालत ठाना अमालमा कराउन आया भन्या कवोल गरि लेष्याको कागज छ ता पनि सयकरा १० रुपैयाका हिसाबले व्याज भराई दिनु कबुलियेत बमोजिम् अन्न र बिक्रीका भावले रुपैयाँ पाउदैन। साहु रिणीको महलको १३ नम्बरमा दश प्रतिशतमा व्याज लिन पाउने, बढी व्याज असूल गरेको भए सावाँबाट कट्टा हुने" भन्ने कानूनी व्यवस्था रहेको थियो।

२०२० मा जारी भएको मुलुकी ऐन महल (भाग) १७ लेनदेन व्यवहारको महलमा व्याज १० प्रतिशतमात्र लिन पाउने। सावाँको दोब्बरभन्दा बढी व्याज लिन नपाउने। बढी व्याज लिएमा साँवामा कट्टा हुने। जिन्सी लिन नपाउने भन्ने कानूनी व्यवस्था रहेको थियो।

यसरी १९१० सालको मुलुकी ऐनदेखिनै नागरिकलाई कर्जा चाहिने र कर्जा लिने दिने कार्यलाई व्यवस्थित गर्न कानूनी प्रावधान राखेको पाइन्छ।

(ख) परम्परागत लेनदेन

अ. तरिका - रकम लिने दिने र प्रमाणस्वरुप साहुले ऋणीबाट तमसुक या जग्गा पास गरेर लिने अथवा सुनचाँदी धितो राख्ने।

आ. माध्यम - नगदै कारोवार

- साक्षीहरू राखिने।

इ. कारण- ऋणीका आवश्यकताहरू परिपूर्ति गर्न।

- यसमा आफ्नो आर्थिक अवस्था अनुसार ऋणीका आवश्यकताहरू फरकफरक हुने।
- गरीबलाई स्वास्थ्य/शिक्षा/रोजगार/रीतिरिवाज/ सामाजिक संस्कार मनाउन, अरुको ऋण तिर्न बिशेष गरी ऋण आवश्यकता पर्छ भने धनी व्यक्तिले पनि प्रायः आफ्नो

व्यवसाय, बन्द व्यापार बढाउन वा अन्य विलासिताका उपायहरू संग्रह गर्न ऋण लिने गर्दछन्।

(ग) लेनदेनमा देखिएका समस्याहरु:

- जब समाजको विकाससँगै मानिसहरूमा नैतिक विचलनको पनि विकास हुन थाल्यो। साथै समाजमा भडकिलो जीवन शैलीको विकास हुन थाल्यो। साहु र ऋणीमा विवाद हुन थाल्यो।
- ऋणीले समयमा नै साहुलाई ऋण तिर्ने ग्यारेन्टी नहुने भन्ने बहानाबाजी गरेर लिएकोभन्दा धेरै गुणा साँवा व्याज तिर्दा पनि अशिक्षा र गरिबीको कमजोरीको फाइदा उठाउँदै खराव साहुले चर्को व्याज लिने, ऋणीले लिएको भन्दा धेरै गुणा साँवा व्याज तिर्दा पनि साँवा/व्याज तिरेर कहिल्यै नसकिने, ऋणीले शर्तहरू पूरा गरे पनि साहुले धितो नफर्काउने, ऋणीलाई घरबारविहीन बनाउने र विभिन्न शारिरिक र मानसिक हिंसात्मक गतिविधीहरू समेत गर्ने गरेको पाइन्छ।
- ऋणीसँग खाली चेक लिएर मनोमानी रकम भरी चेक वाउन्स गराएर मुद्दा लगाउने, साँवा/व्याजको अधिकांश रकम तिरी सकेपछि पनि तमसुक दरपीठ, फुकुवा वा फिर्ता नगरी सोही तमसुकको आधारमा अदालतमा मुद्दा हाल्ने जस्ता क्रियाकलापहरू पनि बढेर गए।
- यसरी समाजमा परम्पराको रुपमा रहेको लेनदेनको संस्कृति पछिल्लो समयमा बिशेष गरी गरीब वर्गको लागि "अनुचित लेनदेन" को रुपमा अभिशापसिद्ध भएको छ।

(घ) पछिल्लो समयमा लेनदेनमा आएका विकृतिको कारण मानिसहरू:

१. आत्महत्या गर्न बाध्य भएको।

२. घरबारविहीन भएर सुकुम्बासी हुनु परेको।

३. कतिपय अवस्थामा महिलाहरू यौन शोषणमा पर्ने गरेको।

४. बालबालिकाहरू शिक्षा/स्वास्थ्यबाट वञ्चित हुनु परेको।

५. शारिरिक र मानसिक लगायत अन्य हिंसामा परेको।

(ङ) पीडितहरूको संघर्ष तथा गतिविधिहरु:

माथि उल्लेख भए बमोजिमको अवस्था सिर्जना भएपछि देशभरीका विशेष गरेर तराई र भित्री मधेशका जिल्ला/जिल्लामा पीडितहरू बाध्य भएर संगठित हुन थाले । त्यसपछि विभिन्न मागहरू राखी सडकमा आउन बाध्य भएका थिए । यसरी संगठित भएका पीडितहरूका गतिविधिहरू निम्नानुसार रहेका छन् :

क. जिल्ला/जिल्लामा संघर्ष समितिहरू गठन गरेका।

ख. जिल्ला/जिल्लामा सदरमुकाम लगायतका स्थानहरूमा आफ्नो मागहरू राखी जुलुस, धर्ना प्रदर्शन गर्ने गरेका।

ग. काठमाडौंको माइतीघर मण्डला तथा शान्ति वाटिकामा निरन्तर रूपमा धर्ना/प्रदर्शन हुने गरेका।

घ. विभिन्न समयमा भएका यस्ता धर्ना/प्रदर्शनमा प्रहरीद्वारा हस्तक्षेप गरी पक्राउ तथा घाइते बनाइएको।

ङ. सरकारसँग विभिन्न चरणमा वार्ता गरी सम्झौता हुने गरेको।

च. पछिल्लो समयमा बर्दिवासदेखि काठमाडौंसम्म ११ दिनको पैदल मार्च तथा काठमाडौंमा भेला भएर प्रदर्शन गरेका।

छ. पीडित र सरकारबीच भएको पछिल्लो विवरणको सहमति पश्चात् उच्चस्तरीय आयोगको गठन गरी समस्या समाधान गर्ने कुरामा सरकार र आन्दोलनकारीहरू बीच सहमति भई अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०७९ गठन भएको।

२. <u>विगतमा समस्या समाधानको लागि सरकारी स्तरबाट भएका प्रयासहरू:</u>

क. संघर्ष समिति र सरकारका प्रतिनिधि बीच पटकपटक वार्ता/छलफल भई सम्झौता भएको।

ख. सम्झौता अनुसार मिति २०७९।०४।२७ मा सहसचिव भीष्मकुमार भुषालको संयोजकत्वमा ६ सदस्यीय कार्यदलको गठन भएको।

ग. कार्यदलले २०७९ भाद्र महिनामा ७७ वटै जिल्ला प्रशासन कार्यालयमार्फत् पीडितहरूबाट निवेदन लिई कारवाही प्रकृया अगाडि बढाएको।

घ. देशभरी करिब ३ हजार निवेदन परेका भएता पनि सीमित निवेदनहरू मात्र फछ्यौंट भएको।

ङ. उक्त कार्यदलबाट मिति २०७९।०९।१९ मा गृह मन्त्रालयसमक्ष प्रतिवेदन प्रस्तुत गरेको।

च. कार्यदलबाट समस्या समाधान हुन नसकेको भनी पुनः संघर्ष समितिले माग गरे अनुसार मिति २०७९।१२।२० गते पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा ३ सदस्यीय जाँचबुझ आयोग, जाँचबुझ आयोग ऐन,२०२६ अनुसार गठन भएको ।उक्त आयोग गठन भएपश्चात् मिति २०७९।१२।२६ देखि आयोगले आफूलाई दिइएको कायदिश TOR बमोजिम कार्य सम्पादन गरिरहेको।

छ. नेपाल सरकारद्वारा अनुचित लेनदेनलाई अपराधिकरण गर्दै मिति २०८० वैशाख २० गते अध्यादेश मार्फत् मुलुकी अपराध संहिता, २०७४ मा अनुचित लेनदेन सम्बन्धी २४९ (क) दफा थप गरी अन्य प्रचलित नेपाल कानूनमासमेत केही दफाहरू संसोधन गरी कार्यान्वयनमा ल्याएको, पछि उक्त अध्यादेशमासमेत आवश्यक परिमार्जन सहित

२०८० साउन १२ गते संघीय संसदबाट सर्वसम्मतीबाट अनुचित लेनदेन सम्बन्धी नयाँ कानून पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भइ लालमोहर लागेको छ ।

नेपाल सरकारको मिति २०७९।१२।२० को निर्णयले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३(२) अनुसार तीन सदस्यीय **अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०७९** गठन भएको हो ।

३. **आयोग गठन यस प्रकार छ।**

१.	**श्री गौरीबहादुर कार्की, विशेष अदालतका पूर्व अध्यक्ष**	**अध्यक्ष**
२.	**श्री गणेशबाबु अर्याल. पूर्व नायव महान्यायाधिवक्ता**	**सदस्य**
३.	**श्री उत्तमराज सुवेदी, पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक**	**सदस्य**

आयोगलाइ निम्नानुसार कार्यदिश दिइएको थियो:

(क) आयोगले देहाय बमोजिमका वा अन्य रुपमा भएका अनुचित लेनदेनसम्बन्धी उजुरी लिई जाँचबुझ गर्ने:-

(१) नभएको वा नगरेको रकम लिए दिएको भनी लिखत तयार गरेको,

(२) वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गरेको,

(३) लेनदेन गर्दाकै बखतमा व्याज रकमसमेत साँवामा जोडी लिखत तयार गरेको,

(४) व्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गरेको,

(५) ऋणीले तिर बुझाएको रकमको भर्पाई नदिने वा लिखत नबनाउने गरेको,

(६) प्रचलित कानूनमा तोकिएभन्दा बढी व्याज लिएको,

(७) ऋणको साँवाभन्दा बढी व्याज लिएको,

(८) ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिएको वा हिंसा वा शोषण गरेको,

(९) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिएको ।

(ख) अनुचित लेनदेनसँग सम्बन्धित कानूनी तथा प्रशासनिक रुपमा सम्बोधन गर्नुपर्ने अन्य विषय,

(ग) अनुचित लेनदेन गर्ने पीडकलाई प्रचलित कानूनबमोजिम कारबाही र सजाय गर्नको लागि सिफारिस गर्ने,

(घ) अनुचित लेनदेनबाट पीडितलाई दिइने उपचार सिफारिस गर्ने,

(ङ) अनुचित लेनदेन हुनुका कारण पत्ता लगाई आगामी दिनमा यस प्रकारका घटना हुन नदिन गर्नुपर्ने कानूनी, प्रशासनिक वा अन्य सुधारका उपायका सम्बन्धमा सिफारिससहितको प्रतिवेदन पेश गर्ने ।

सोही कार्यदिश भित्र रहेर आयोगले काम गरेको थियो । यो आयोग गठन भएपछिका क्रियाकलापहरू:

क. विगतमा गठन भएको कार्यदलले समस्या समाधानको लागि गरेका प्रयासहरूको अध्ययन।

ख. विगतमा मिटरव्याज पीडितको तर्फबाट भएका विरोध/धर्ना/पैदल मार्च/नारा/जुलुसहरूको सुक्ष्म अध्ययन र विश्लेषण।

ग. सहसचिव भीष्मकुमार भुषालको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदन अध्ययन।

घ. विभिन्न जिल्लामा गठित संघर्ष समिति र सरोकारवालाहरूसँग संवाद/छलफल र अन्तरक्रिया।

ङ. विगतमा कार्यदलको सूचनाबमोजिम जिल्ला प्रशासन कार्यालयहरूमा परेको करिब ३ हजार निवेदनमध्ये समाधान हुन बाँकी केही निवेदनहरूको अध्ययन/विश्लेषण।

च. मिटरव्याज पीडितहरूबाट निवेदन सङ्कलनको लागि निवेदन फारम (Word र Google Forms) को नमूना तयार गरिएको।

४. <u>मुद्दा यथास्थितिमा राखनु पर्ने सुझाव दिइएको:</u>

अदालतमा चलिरहेका लेनदेन र ती सम्बन्धी मुद्दा यथस्थितिमा राख्नको लागि सर्वोच्च अदालतमा अनुरोध गर्नु पर्ने भनी यस आयोगले नेपाल सरकार गृह मन्त्रालयलाइ २०८०।१।४ मा निम्न बमोजिम पत्र लेखेको थियो।

अनुचित लेनदेन (मिटर ब्याज) पीडितहरुसंगको कारोबार सम्बन्धमा यस आयोगबाट छानविन भइरहेको छ ।

(अदालतबाट भइसकेको फैसलानै अनुचित लेनदेन (मिटर ब्याज) पीडितहरुबाट बदर वा खारेज हुनु पर्ने माग भएको देखिन आयो। अदालतबाट भइसकेको फैसला कानूनी प्रकृया पूरा नगरी बदर वा खारेज हुने अवस्था हुँदैन।)

पीडित भनिने उपर लेनदेनमा विभिन्न अदालतमा मुद्दा विचाराधीन रहेका, कुनै फैसला कार्यान्वयनको अवस्थामा रहेका भन्ने पीडितहरुको भनाइ रहेको पाइयो।

अनुचित लेनदेन (मिटर ब्याज) पीडितहरुका उजुरी सम्बन्धमा यस आयोगबाट छानविन भइरहेको छ । आयोगको छानविन कार्य सम्पन्न नभएसम्म सबै तहका अदालतमा विचाराधीन र फैसला कार्यान्वियनको स्थितिमा रहेका मुद्दाहरु आयोगको छानविन टुंगो नलागेसम्म केही समयको लागि सम्मानित अदालतहरुले यथास्थितमा राखी दिएमा दुइ पक्ष बीच समझदारी कायम गराउन सकिने स्थिति पनि आउन सक्ने र छानविन प्रभावकारी भइ दुवै पक्षले जीतजीतको अवस्था आउन सक्ने सम्भावना हुनाले हाललाइ अनुचित लेनदेन (मिटर ब्याज) पीडितहरुको सम्बन्धित अदालतमा निवेदन परेमा विचाराधीन मुद्दा र फैसला कार्यान्वयनको

अवस्थामा रहेका मुद्दाहरु यथास्थितिमा राखी दिनको लागि सम्मानित सर्वोच्च अदालतमा नेपाल सरकारबाट अनुरोध गरी पठाउन गृह मन्त्रालयमा अनुरोध गरी पठाउने ।
आयोगले अनुरोध गरेबमोजिम कार्यान्वयनमा जान नसकेकाले अदालतमा चलेका मुद्दाहरु यथास्थितिमा रहन नसक्नाले धेरै पीडितहरु मुद्दाको झण्झटमा फस्न पुगेका थिए ।

छ. मिटरव्याजी अर्थात् पीडकलाईसमेत भराइने फारम तयार गरिएको।

ज. ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा पीडित सहायता कक्ष स्थापना गरी निवेदन सङ्कलन गरिएको। निवेदन सङ्कलन गर्न मिति २०८० वैशाख १७ गतेदेखि १५ दिनको अवधि तोकिएकोमा पीडितहरूको अनुरोधमा पुनः २ पटक ऐ. जेठ १४ गतेसम्म म्याद थप गरिएको।

१. पहिलो पटक - १५ दिन

२. दोस्रो पटक - ७ दिन (म्याद थप)

३. तेस्रो पटक - ७ दिन (म्याद थप) कुल जम्मा - २९ दिनको समय दिइएको।

४. पीडितहरूको अनुरोधमा मिति २०८०।०४।१४ देखि २०८०।५।३१ सम्म पहिले निवेदन दिन छुट भएका निवेदकहरूको निवेदन पुनः संकलन गरिएको।

झ. जम्मा निवेदनहरू परेको संख्याः करिब २८००० अठ्ठाइस हजार । यी मध्ये गृह मन्त्रालयको आइटी शाखाबाट उपलब्ध अभिलेख अनुसार गुगल फर्ममा दर्ता भएका २३८७५ मात्रको विश्लेषण गरिएको ।

१. १. देशभरीको अनुसूची (Annex मा संलग्न छ)

२. प्रदेश अनुसार अनुसूची (Annex मा संलग्न छ)

३. जिल्ला अनुसार अनुसूची (Annex मा संलग्न छ)

ञ. जिल्लाहरूको स्थलगत भ्रमण

१. तराई तथा भित्री मधेशका २३ जिल्लाहरूमा अन्तरक्रिया तथा छलफलबाट जिल्लाहरूमा रहेको समस्याहरूको पहिचान गरी सुझावहरू संकलन गरिएको।

५. जिल्लामा भएका अन्तरक्रियाहरू:

मिति २०८०।०१।१६ देखि आयोगका माननीय अध्यक्षको नेतृत्वमा आयोगका अन्य सदस्यहरू समेतको टोलीले तराई तथा भित्री मधेशका २३ जिल्लाहरूको पटक पटक स्थलगत भ्रमण गरी त्यहाँको अनुचित लेनदेनको अवस्था, यसका कारणहरू, समस्या समाधानका लागि स्थानीय प्रशासन/प्रहरीबाट भएका प्रयासहरू तथा समस्या समाधानका लागि स्थानीय प्रशासन, राजनैतिक दल, जनप्रतिनिधि तथा पीडितहरू लगायत अन्य सरोकारवाला व्यक्तित्वहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रमसमेत भएको थियो।

स्थलगत अनुगमनको लागि जिल्ला छनौट गर्दा अनुचित लेनदेनबाट बढी प्रभावित जिल्लाहरूलाई प्राथमिकतामा राखेर गरिएको थियो।

स्थलगत अध्ययन भ्रमणको सिलसिलामा निम्नानुसारका व्यक्तित्वहरूसँग सुझाव सङ्कलन तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो।

१ जिल्ला सुरक्षा समितिका पदाधिकारीहरू
२ मालपोत, नापी, सरकारी वकिल कार्यालयका प्रमुखहरू
३ बार एसोसिएसन/पत्रकार महासंघका प्रमुख/प्रतिनिधिहरु
४ जिल्लास्थित क्रियाशील राजनैतिक दलका प्रमुख/ प्रतिनिधिहरू
५ जिल्लास्थित विभिन्न पालिकाका प्रमुख/उपप्रमुखहरू
६ जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुखहरू
७ पीडितका प्रतिनिधिहरू
८ बैक/वित्तीय संस्थाका प्रमुख/प्रतिनिधिहरू
९ नागरिक समाजका अगुवाहरू
१० नागरिक अभियन्ता र पीडित सङ्घर्ष समितिका पदाधिकारीहरू
११ अन्य

<u>सुझाव सङ्कलन तथा अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरिएका एजेण्डाहरू:</u>

क. अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी विभिन्न जिल्लामा के-कस्ता प्रकृति/ प्रवृत्तिहरू रहेका छन्?

ख. अनुचित लेनदेनको कारणले सिर्जित पीडितहरूको अवस्था कस्तो छ? र उनहरुको लागि राज्यले के कस्तो पहल गर्नु पर्ने हो ?

ग. के कारणले अनुचित लेनदेन भइरहेको छ?

घ. स्थानीय प्रशासन/प्रहरीबाट यसको न्यूनीकरणको लागि के कस्ता प्रयासहरू भएका छन्?

ङ. अनुचित लेनदेन न्यूनीकरणको लागि राय सुझावहरू के-के हुन्?

च. अनुचित लेनदेन न्यूनीकरणको लागि अल्पकालीन र दीर्घकालीन उपाय के कस्तो हुनु पर्दछ ?

६. <u>जिल्लाहरूको स्थलगत भ्रमणपश्चात् प्राप्त भएका विवरणहरू:</u>

क. <u>अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी विभिन्न जिल्लामा के-कस्ता प्रकृति/ प्रवृत्तिहरू रहेका छन्?</u>

१. घरसारमा भएका लेनदेनमा लेनदेन भएको रकमभन्दा तमसुकमा उल्लेख भएको रकम कम्तिमा ३ गुणा बढाएर बनाउने गरेको पाइएको।

२. पीडितहरुसंग तमसुक र चेक दुवै बनाउने तथा अधिकाङ्श अवस्थामा पीडित (ऋणी) हरूबाट शून्य मौज्दातमा बैङ्कहरुका खोलिएका खालि चेकमा सहि गराएर खाली चेक लिने गरेको पाइएको ।

३. पीडितबाट चेकमात्र लिइएको अवस्थामा लेनदेन भएको रकमभन्दा चेकमा उल्लेख भएको रकम कम्तिमा तेब्बर हुने र अधिकांश अवस्थामा खालि चेकमा सहि मात्र गराएर लिने र उक्त चेकमा मनलाग्दी रकम भरेर चेक बाउन्स गराउने गरेको पाइयो।

४. लेनदेनको क्रममा धरौटी स्वरुप पीडितको जग्गा दृष्टिबन्धक राख्ने मौखिक सम्झौता हुने गरेको तर अधिकांश केसमा मौखिक सम्झौतामा दृष्टिवन्धक भनिएता पनि व्यवहारमा लिखित रूपमा राजिनामा पास नै गरेर ऋणीको जग्गा आफ्नो वा आफ्नो परिवारको वा नातेदारहरुको नाममा लिखत पारित गरेको पाइयो। जग्गा साहु वा निजको नातेदारको नाममा दृष्टिबन्धक/राजिनामा पास गरेर अनुचित लेनदेन गर्दा कारोवार भएको अवस्थामा पीडितले लिएको रकमको साँवा/व्याज बुझाईसक्दा समेत पीडित अर्थात् ऋणीलाई जग्गा फिर्ता नगरिएको अवस्था पाइयो।

५. बुदा नं ४ को अवस्थामा जग्गा फिर्ता नगरेता पनि अधिकांश केसमा जग्गाको भोगचलन भने ऋणीले नै गरेको पाइयो।

६. लेनदेन भएको रकमको पहिलो वर्षको व्याज सुरुमा नै कट्टा गरी ऋण दिने गरिएको पाइयो।

७. बास्तविक लेनदेन भएको रकमको ठूलो हिस्साको साँवा/व्याज बुझाई सकिएको अवस्थामा पनि ऋणीले केही समय साँवा/व्याज बुझाउन नसक्दा साहुले तमसुकमा उल्लेख भएको रकम वा खाली चेक लिएको अवस्थामा चेकमा मनोमानी रकम भरी चेक बाउन्स गराएर अदालतमा मुद्दा गर्ने गरेको देखियो।

८. साहुले पीडितबाट लिएको खालि चेकमा अस्वाभाविक रकम लेखी चेक बाउन्समा अदालतमा मुद्दा दायर गरेपछि अदालतले पीडक (वादी)लाई रकमको स्रोत कुन कामको लागि रकम कसरी कुन माध्यमबाट दिइएको भन्ने बारेमा समेत कुनै सोधपुछ नगरेको भन्ने पीडितहरूको गुनासो रहेको पाइयो।

९. ५ बर्षअगाडि साहुबाट ५ लाख लिएकोमा ५ वर्षको साँवा/व्याज भन्दै पीडितबाट २२ लाख असूली सकेपश्चात् पुनः९६ लाखको चेक बाउन्स गराई अदालतमा मुद्दा दायर हुँदापनि अदालतले रकमको स्रोत नै नखोजी केवल प्रतिवादीको सहीमात्र परीक्षण गराएर वादीको माग दावीबमोजिमकै रकम भराई पाउने ठहराई फैसला गरेकोसमेत सुन्नमा आयो।

१०. ऋणीले साहुलाई बीचबीचमा बुझाएको साँवा/व्याजको रकमको कुनै भरपाई वा निस्सा दिने गरेको पाइएन। जसले गर्दा ऋणी (पीडित)सँग व्याज बुझाएको कुनै प्रमाण नहुने गरेको।

११. साहुको पक्षमा कानूनतः सवै प्रमाण हुने तर ऋणीको पक्षमा साहुले कुनै प्रमाण दिने नगरेको पाइयो ।

१२. अनुचित लेनदेनहरू सामान्यतयाः ४ किसिमका भेटिए।

क. गरिवीको रेखामुनी रहेका जसले साँच्चै नै घरायसी समस्या जस्तै- बिरामी हुँदाको उपचार, सन्तानको शिक्षा, विवाह/व्रतवन्ध, छोरीको विवाहमा तिलक (दाइजो) दिन, वैदेशिक रोजगारी, खेती किसानीको खर्च तथा अरुको ऋण तिर्नको लागि पनि ऋण लिने गरेका।

ख. मध्यम वर्गका ऋणी जसले छोरा/ छोरीलाई विदेश पढाउन, महंगो जग्गा खरिद, घर निर्माण, नयाँ सवारी साधन खरिद तथा अरुको ऋण तिर्न लिने गरेका।

ग. व्यवसायीहरू जो आफ्नो व्यवसाय खोल्न, चलाउन वा वा व्यवसायमा भएको घाटा पूर्ति गर्न, तथा अरुको ऋण तिर्न ठूलो रकम ऋण लिने गरेका।

घ. केही व्यक्तिहरूले बिलासिताको सामाग्री उपभोगको लागि पनि ऋण लिने गरेको।

१३. बैंक/वित्तीय संस्थाहरू सहकारीको ऋण तिर्न समेत साहुहरूसँग ऋण लिने गरेको।

१४. लघुवित्तहरू मार्फत् प्राप्त ऋणहरूको सदुपयोग हुन नसक्दा धेरै लघुवित्त वा साहुसँग ऋण लिने प्रवृत्ति पनि देखिएको। (लघुवित्त सम्बन्धी अन्य विवरण पछाडि राखिएको छ)

१५. ऋण लिनको लागि घरसारमा तमसुक गर्दा कतिपय अवस्थामा शून्य मौज्दातको बैंक एकाउण्ट खाताबाट साहुले चेक काटेर लिने अनि जग्गा पास गरी लिने र ऋणी (जग्गा धनी) लाई कपाली तमसुकमा उल्लेख भएकोभन्दा कम अर्थात् निश्चित रकम मात्र नगद दिने गरिएको। खाली चेक लिएको अवस्थामा अदालतमा मुद्दा दिंदा ठूलो रकम लेख्ने गरेको र तमसुकमा उल्लेख भएको रकम जग्गाको वास्तविक प्रचलित मूल्य हुने तर वास्तविक लेनदेन भने एकदम न्यून रकममा मात्रै हुने गरेको पाइएको।

ख. अनुचित लेनदेनको कारणले सिर्जित पीडितहरूको अवस्था कस्तो छ?

१. कतिपय घरबारविहीन भएका छन् भने केही घरवारविहिन हुने अवस्थामा पुगेका छन्।

२. केहीले आत्महत्या/आत्मदाहसमेत गरेका छन् जसको कारण हेर्दा अनुचित लेनदेनको ऋणबाट पीडित भन्ने देखिन्छ।

३. कतिपय जेलमा सजाय भोगिरहेका छन् भने कतिपयलाई जेलको लागि बारेण्ट जारी भएको छ।

४. अदालतमा पीडकहरूबाट लेनदेन वा प्रहरीमार्फत् चेक वाउन्समा मुद्दा चलिरहेका छन् भने कतिपय पीडित फरार छन् र कतिपय अदालतमा मुद्दा फैसला भई फैसला कार्यान्वयन समेत भएका छन्।

५. कतिपय पीडितहरू घरवार छोडी भागेका छन् भने कतिपय भाग्न बाध्य हुने अवस्थामा छन्।

६. कतिपय जिल्लामा लेनदेनका कारण महिलाहरू यौनजन्य हिंसामा परेको भन्नेसमेत सुन्न पाइयो।

७. घरजग्गा साहुको नाममा राजीनामा पास भई गइसकेका पीडितहरू कुन बेला साहुले घर/जग्गा खाली गराउने हो र सडक वा पाटीको बास हुने हो? भन्ने त्रासमा छन् भने केही पीडितहरू अदालतको फैसला कार्यान्वयन पश्चात् घरवारविहीन भई सुकुम्बासी समेत बनाइएका छन्।

ग. <u>के कारणले अनुचित लेनदेन भईरहेको छ?</u>

१. <u>आवश्यकता:</u>

- गरिवीको कारण दैनिक गुजारा टार्नको लागि।
- बिरामी पर्दा रोगको उपचारका लागि।
- सन्तानको शिक्षा दिक्षाका लागि।
- विवाह/व्रतवन्धमा हुने भडकिलो खर्चको लागि।
- मर्दा/पर्दा हुने भडकिलो खर्चको लागि।
- बैदेशिक रोजगारमा जानको लागि।
- अरुको ऋण तिर्नको लागि।
- कृषिजन्य मल, बिऊ, औषधी, पम्पसेट आदि खरिदको लागि।
- घर निर्माण/मर्मतको लागि।
- तिलक (दाइजो) को लागि।

२. <u>मिटरव्याजमा साहुहरुबाट ऋण लिनुको कारणहरु:</u>

- आफ्नो आर्थिक अवस्था नाजुक हुनु।।
- बैंक वित्तीय संस्थाहरूको ऋण प्रवाह गर्ने तरिका जटिल र झन्झटिलो हुनु।
- बैंक वित्तीय संस्थाहरूले गरीबलाई सहजरुपमा ऋण नदिनु।
- कृषि ऋणको ब्याज अनुदान समेतमा हुने खानेको (ठूला ठालूको) मात्र पहुँच हुनु।
- बिना धितो/कर्मचारीलाई कमिशन बिना ऋण प्राप्त गर्न कठिन हुनु।
- लघुवित्त/सहकारीहरूको मनोमानी संचालन/परिचालन गरीबमैत्री नहुनु।

- बैंक, वित्तीय संस्था, सहकारी, लघुवित्तले ऋण दिएकै खण्डमा पनि भाख्खा नाघेकैवित्तिकै जग्गा लिलाम गरेर जग्गा हत्याउने र पछि उक्त निकायमा कार्यरत कर्मचारीहरूले मिलेर आफ्नो मान्छेलाई न्यूनतम मूल्यमा बेच्ने प्रवृत्ति बढ्नु।

३. <u>व्यापारी व्यवसायीको हकमा:</u>

- व्यापार बढाउने महत्वाकांक्षा।
- व्यापारमा घाटा भएको अवस्थामा।
- देशको आर्थिक अवस्था हाल नाजुक हुनाले वैङ्कबाट ऋण प्राप्त गर्न कठिन हुन गएको।

४. <u>विलासीपूर्ण जीवनको चाहना:</u>

स्मार्ट फोन खरिद गर्ने ।

मीठो मसिनो खानाको चाहना ।

सवारी साधन भाडामा लिएर देश विदेशको भ्रमण र सहरमा बसी राम्रो लगाउने र मीठो खाने समेत देखासिकीमा लिप्त हुनु ।

घ. <u>विगतमा स्थानीय प्रशासन/प्रहरीबाट अनुचित लेनदेनको न्यूनीकरणको लागि भएका प्रयासहरू</u> :

१. गृहमन्त्रीस्तरीय निर्णयबाट गठित कार्यदलबाट २०७९।०५।०१ देखि गृह मन्त्रालयको निर्देशनबमोजिम ७७ वटै जिल्ला प्रशासनमा मिटरव्याज पीडितहरूबाट निवेदन आव्हान गरिएको।

२. उक्त कार्यदलको आह्वानमा देशभरी करिब ३ हजार निवेदन परेकोमा बिशेषगरी मधेश प्रदेशका जिल्लाहरू र पश्चिम नवलपरासीमा बढी संख्यामा निवेदन परेको देखिएको।

३. प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला प्रहरी प्रमुख, जिल्ला सरकारी वकिल, मालपोत/ नापी प्रमुखसमेतको एउटा सहजिकरण समिति गठन गरिएको। उक्त समितिले दुवै पक्षलाई बोलाई छलफलद्वारा समस्या समाधान गर्ने र पीडितको हकमा प्रमाण भेटिएका पीडक उपर केसलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने प्रयास भएको।

४. अधिकांश जिल्लामा यसबाट न्यूनतम् सफलता प्राप्त भएको।

५. केही केस मिलापत्र भएका तथा केही केस ठगी शीर्षकमा अदालतमा मुद्दा चलाई विचाराधीन अवस्थामा रहेका।

६. कतिपय अवस्थामा बिपक्षीलाई प्रशासन/प्रहरीले बोलाउँदा अदालतबाट निषेधाज्ञा जारी गराएको पाईन्छ।

७. अभद्र व्यवहार एवम् फौजदारी अभियोगमा पीडकलाइ थुनामा राखेर जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धान तहकिकात भइरहेकोमा अदालतबाट बन्दी प्रत्यक्षीकरणको आदेशबाट छुटेका।

ङ. **<u>अनुचित लेनदेन न्यूनीकरणको लागि प्राप्त राय सुझावहरू के-के हुन्?</u>**

क. बैंक/वित्तीय संस्थामा गरीबको पँहुच सहज रूपमा पुर्याउनुपर्ने।

ख. शिक्षा,स्वास्थ,रोजगार जस्ता नागरिकका अति आवश्यक क्रियाकलापमा सरकारद्वारा स्थानीय तह वा निर्धन तथा गरिबी निवारण बैंकमार्फत् ऋण वा कुनै वैकल्पिक उपाय दिनुपर्ने।

ग. ग्रामीणस्तरमा बैकिङ्ग शिक्षा प्रचार/प्रसार व्यापक हुनुपर्ने।

घ. परम्परागत रुपमा मनाइँदै आएका कतिपय भड्किलो सामाजिक रीतिरिवाजलाई सामान्य रूपमा मनाउनु पर्ने।

ङ. साहु र ऋणीको सम्वन्ध राम्रो बनाइनु पर्ने।

च. सवै ऋणी असल तथा सवै साहु खराब नहुने हुनाले केसको अनुसन्धान गर्दा सत्य तथ्य केलाउनुपर्ने।

छ. अदालतमा बिचाराधीन रहेका अनुचित लेनदेनका मुद्दाहरूलाई आयोगको कार्य समाप्त नहुन्जेल यथास्थितिमा राखिनु पर्ने।

ज. अनुचित लेनदेनकर्ता (मिटर व्याजी) पीडकहरूलाई कडाभन्दा कडा कारवाही गरी पीडितलाई न्याय दिलाउनुपर्ने।

झ. पीडितका उजुरी परेका र तेब्बर, दोब्बरको दरमा घरसारमा भएका सवै तमसुकहरू अमान्य गरिनुपर्ने।

ञ. साहुले अनुचित लेनदेनका कारण हडपेको पीडितका घरजग्गाहरू पीडितलाई यथाशीघ्र फिर्ता गराउनुपर्ने।

ट. नियामक निकायहरूद्वारा लघुवित्त, सहकारी जस्ता संस्थाहरू उदेश्यअनुरुप चल्नुपर्ने र यिनीहरूका क्रियाकलपाहरू गरीबमैत्री हुनुपर्ने।

ठ. वित्तीय संस्थाहरूको अनुगमन प्रभावकारी बनाइनुपर्ने।

ड. पीडितबाट शून्य मौज्दातमा खाता खोल्न लगाई खालि चेकमा सही मात्र गराई चेक लिइ पीडकहरूले मनोमानी ढंगले रकम भरी चेक बाउन्स गराएका मुद्दाहरूको सुक्ष्म अनुसन्धान गर्दा त्यस्तो अवस्था पाइएमा पीडकलाई शख्त कारबाही गरिनुपर्ने र पीडितलाई थुनामा पठाएको भएमा निजबाट हर्जना समेत भराउने व्यवस्था मिलाउनुपर्ने।

ढ. गरिबीको रेखामुनी जीवन निर्बाह गर्ने परिवारको पहिचान गरी एक घर एक रोजगार नीतिको प्रभावकारी कार्यान्वयन गरिनु पर्ने ।

ण. सामाजिक व्यवहार सुधार ऐन, २०३३ को प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।

२. राष्ट्रियस्तरका अन्य सरोकारवालाहरू सँग सुझाव सङ्कलन।

- राजनैतिक व्यक्तित्व

- MP/MLA
- जनप्रतिनिधिहरू (स्थानीय सरकार)
- बैंकर्स
- मालपोत/नापीका विज्ञहरू
- सरकारी वकिल
- पूर्व वरिष्ठ कर्मचारी/प्रहरी/वकिल/न्यायाधीश

३. निवेदक (पीडित) तथा विपक्षी (पीडक) हरूलाई भरसक मेलमिलापद्वारा समस्या समाधानको लागि गृह मन्त्रालयमा अनुरोध गरिएको।

४. ७७ वटै जिल्ला प्रशासन कार्यालयमा कार्यदल गठनको लागि गृह मन्त्रालयसँग अनुरोध गरिएको र सोबमोजिम सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गृह मन्त्रालयको(च नं १८६४ २०८०।२।११)पत्र अनुसार कार्यदलहरू गठन भएका। कार्यदलमा निम्नानुसारका कर्मचारीहरूको व्यवस्थापन गरिएको।

- जिल्ला प्रशासन कार्यालयको सहायक प्रमुख जिल्ला अधिकारी-संयोजक-१
- जिल्ला प्रहरी कार्यालयको अधिकृत - १
- जिल्ला सरकारी वकिल कार्यालयको सहायक जिल्ला न्यायाधिवक्ता-१
- कार्यालय सचिव (जिल्ला प्रशासन कार्यालय) - १

५. यस सम्वन्धमा नेपाल सरकारद्वारा मिति २०८०।०१।२० मा जारी भएको अध्यादेशको अध्ययन तथा यसको सफल कार्यान्वयनको लागि सरोकारवालाहरुलाई प्रशिक्षण गरिएको।

७. <u>पीडितहरुको निवेदन फारमहरूको विश्लेषण:</u>

क. Digitally ख. manually गरिएको ।

आयोग गठन भएपछि पीडितबाट निवेदन संकलन गर्न ७७ वटै जिल्लाहरूमा त्यस जिल्लाको जिल्ला प्रशासन कार्यालयमा व्यवस्था गरिएको पीडित सहायता कक्षमार्फत् प्राप्त निवेदनहरूको विश्लेषण गर्दा देहायबमोजिमको अवस्था रहेको पाइयो।

१. जिल्ला प्रशासन कार्यालयहरूमार्फत् आयोगमा परेका निवेदनको आधारमा समस्याको पहिचान:

- ७७ वटा जिल्लामध्ये १० वटा हिमाली/पहाडी जिल्लामा निवेदन नपरेको।
- मधेश प्रदेशका ८ वटा जिल्ला र लुम्बिनी प्रदेशको पश्चिम नवलपरासीमा सबैभन्दा धेरै निवेदन परेको।
- तराई/मधेशका अन्य जिल्लाहरू लगायत काठमाडौं उपत्यकामा समेत यो समस्या देखिएको।

- उदयपुर, दाङ, सुर्खेत तथा चितवन जस्ता भित्री मधेसका जिल्लाहरूमा समेत उल्लेख्य संख्यामा समस्या देखिएको।
- शहरी क्षेत्रमा विशेष गरेर व्यापार, घरजग्गा खरिद, सवारीसाधन खरिद तथा छोराछोरीलाई उच्च शिक्षा दिलाउन र विदेश अध्ययनमा पठाउनको लागि ऋण लिने गरिएको।
- तराई मधेश लगायत अन्य स्थानमा बस्ने गरिबीको रेखामुनि रहेका व्यक्तिहरूले दैनिक आधारभूत आवश्यकता पूर्ति, विवाह लगायत सामाजिक कार्य गर्न तथा वैदिशक रोजगारमा जानको लागि ऋण लिने गरेको पाइयो।

२. <u>लेनदेन गर्नुको मुख्य कारणहरूः</u>

(क) विवाह लगायत अन्य सामाजिक व्यवहार चलाउन।
(ख) उपचारको लागि।
(ग) अरूसँग लिएको ऋण तिर्न।
(घ) वैदेशिक रोजगारमा पठाउन।
(ङ) घर निर्माण/मर्मत/जग्गा खरिद।
(च) शिक्षाको लागि।
(छ) व्यापार/व्यवसाय गर्न।
(ज) विलासिताको चाहना परिपूर्ति गर्न ।

३. <u>व्याजदर र सावाँ रकमः</u>

- तमसुकमा प्रायः उल्लेख नहुने। मौखिक सहमती अनुसारको उच्च व्याजदर निर्धारण हुने।
- वास्तविक लेनदेनभन्दा तमसुकमा उल्लेख भएको रकम घटिमा दुईगुना देखि ५ गुनासम्म उल्लेख हुने।
- व्याजदर साधारणतया १०% भन्दा माथि हुने र अधिकांश कारोबार ३६% भन्दा माथि हुने गरेको भन्ने पीडितहरूको भनाई पाइएको।

४. धितो :

- लेनदेनमा तमसुकको अलावा खाली चेक तथा घर जग्गासमेत धितो राख्ने गरिएको।
- मौखिक रुपमा धितो राख्ने भनिएपनि व्यवहारिक रुपमा घरजग्गा नै साहुले आफ्नो वा आफ्ना आफन्तको नाममा पास गरेर लिने गरेको।
- साँवा/व्याज बुझाईसकेपछि जग्गा फिर्ता गर्ने शर्त राखिए पनि अधिकांश कारोवारमा जग्गा फिर्ता गरेको नपाईएको।

- मौखिक रूपमा जग्गा दृष्टिबन्धक गर्ने भनिए तापनि व्यवहारमा पीडितको घर जग्गा राजिनामा पास नै गरिएको हुने।
- धितो राखिएको जग्गाको भोगचलन भने अधिकांश कारोबारमा जग्गाधनी (ऋणी) ले नै गरेको पाइयो।
- ऋणीले जग्गाको भोगचलन गरिरहेको भए तापनि उक्त जग्गा हडप्ने हर्कतमा साहुहरू सँलग्न रहेको।
- कतिपय कारोबारमा साहुले यस्ता जग्गाहरू अन्य व्यक्तिलाई बिक्री गरी तेस्रो/चौथो व्यक्तिसम्म पनि पुगेको पाइयो।
- ऋणीले साहुबाट लिएको सम्पूर्ण साँवा व्याज बुझाइसकेको अवस्थामा शर्तबमोजिमको जग्गा फिर्ता गर्नु त परको कुरा उल्टै तमसुकबमोजिमको साँवाव्याज दिलाई भराई पाउँ भनी अदालतमा मुद्दा गर्ने र कतिपय अवस्थामा ऋणीबाट शून्य मौज्दातमा बैंकमा खाता खोल्न लगाई उक्त चेकको केहि पानामा ऋणीको सही गराएको खाली चेक लिने अनि कपालीबमोजिमको साँवा व्याज भुक्तान गरिसकेपछि पुनः चेकमा मनमौजि रकम भरी चेक बाउन्समा मुद्दा गर्ने अत्यन्त निकृष्ट र जघन्य कृत्य गर्ने गरेकोसमेत देख्न सुन्नमा आएको।

५. <u>कारोबारको माध्यमः</u>

- अधिकांश अनुचित लेनदेनका कारोबारहरू घरसारमा नगदमा नै हुने गरेको।
- ऋणीले साहुलाई साँवा/व्याजवापतको रकम नगदै बुझाएको अवस्थामा रकम बुझाएको प्रमाण साहुले ऋणी (पीडित)लाइ दिने नगरेकाले ऋणीसंग प्रमाण नहुने ।
- सहरी क्षेत्रमा केही अनुचित लेनदेनका कारोबार नगद र चेक दुवैबाट हुने गरेकोसमेत पाइयो।

६. <u>चेकको दुरुपयोगः</u>

- पछिल्ला दिनहरूमा साहुहरूले ऋण दिंदा कपाली तमसुकको अलावा पीडितहरुबाट खाली चेकसमेत लिने गरेका।
- यदी ऋणीको बैंक खाता नभएमा साहुले नै शून्य मौज्दातमा ऋणीको खाता खोल्न लगाई खालि चेक लिने गरेका।
- ऋणीले चर्को व्याजसहित ठूलो रकम साँवा/व्याजको रूपमा बुझाईसकेपछि पनि साहुले थप रकम माग गर्दा नदिएको बहानामा सो खालि चेकमा मनोमानी रकम भरी चेक बाउन्स गराई फौजदारी अपराधको रूपमा बैंकिङ कसूर अन्तर्गत मुद्दा दिने गरेका। यसले गर्दा कतिपय ऋणीहरू चेक बाउन्स मुद्दामा थुनामा समेत रहेको पाइयो।

- चेक बाउन्सका कतिपय मुद्दा अदालतमा विचाराधीन छन् भने कतिपय अवस्थामा अदालतबाट पीडकको पक्षमा भएको फैसला कार्यान्वयनसमेत भईसकेका छन्। जसका कारण केही पीडितहरू घरवारविहीन भई सुकुम्बसी जीवन व्यतित गर्न बाध्य पारिएको पाइयो। अतः चेक बाउन्स सम्बन्धमा कानून संशोधन गर्न नेपाल सरकारलाइ च नं ७३ मिति २०८०।३।१८ र च नं २३ मिति २०८०।४।२२ मा सुझाव पठाएको थियो, सुझावहरु अनुसूचीमा संलग्न छ ।

७. **तमसुकको दुरुपयोग :**

- एकातर्फ सुरुमा नै वास्तविक लेनदेन भएको रकमभन्दा तमसुकमा उल्लेख भएको रकम ३/४ गुणासम्म बढी हुने गरेको छ भने अर्कोतर्फ यदि ऋणीले भाकाभित्र ऋण तिर्न नसकेमा फेरि तमसुकमा उल्लेख भएको रकमको ३/४ गुणासम्म रकम बढाएर पुनः नयाँ तमसुक तयार पार्ने गरेको।
- यसरी ऋणीले लिएको सानो रकमको तमसुकको रूपमा ८/१० गुणाभन्दा बढी कारोबार भएको लिखत प्रमाण साहुले लिने गरेको।
- ऋणीले साहुलाइ बुझाएको रकमको कुनै प्रमाण साहुले ऋणीलाइ दिने नगरेको।
- साहुले त्यही तमसुक प्रस्तुत गरेर जिल्ला अदालतमा ऋणीको विरुद्द मुद्दा दर्ता गर्ने गरेको।
- कतिपय अवस्थामा ऋणीले अदालतमा मुद्दा चलेको कुरा सुरुमा थाहा नपाउने, थाहा भएर पनि प्रतिउत्तर लगाउन नसक्ने अवस्था परी एकतर्फी रूपमा फैसला भएको पाइयो।
- पीडकहरुबाट अदालतमा मुद्दा दायर गरेको अवस्थामा अदालतबाट तमसुकमा भएको सही वा चेकमा भएको सही मात्र सनाखत गरी रकमको स्रोत सम्बन्धमा र प्रतिवादीका अन्य प्रमाण र जिकिरतर्फ कुनै प्रश्न नगरी तमसुक वा जाहेरीलाइ मात्र आधार मानेर फैसला गर्ने गरेको भन्ने अधिकांश पीडितहरुको गुनासो रहेको।
- प्रायः सबै अनुचित लेनदेन सम्बन्धी यस्ता केसमा अदालतबाट साहुको माग दावी बमोजिम साहुकै पक्षमा फैसला हुने गरेका।
- कतिपय केसहरू अदालतमा विचाराधीन रहेका छन् भने कतिपय फैसला कार्यान्वयन हुने चरणमा र कतिपय अवस्थामा फैसला कार्यान्वयनसमेत भईसकेको पाइयो।
- प्रायः अदालतबाट फैसला भईसकेका अनुचित लेनदेन सम्बन्धी यस्ता मुद्दाहरूमा केही ऋणीहरू पीडकले साँवाव्याज नबुझाएको बहाना बनाइ सिदा खर्च भरेर पीडितहरु थुनामा रहेकोसमेत पाइयो।

८. ७७ वटै जिल्ला प्रशासन कार्यालयमा स्थापना भएका कार्यदललाई प्राप्त निवेदनको फछ्यौंट तथा आवश्यक कारवाहीको लागि आवश्यक मार्ग निर्देशनहरू पठाइनुका साथै

पीडितहरूका निवेदनमाथिको कारवाही तदारुकताका साथ कार्यसम्पादन गर्दा अन्यौल भएमा, समस्याहरूको समाधानको लागि आयोगका सदस्यहरूसँग परामर्श लिन सक्ने व्यवस्था समेत मिलाइएको ।

९. कार्यदलबाट कार्य सम्पादनको क्रममा भोगेका समस्याहरूलाई सम्बोधन तथा कार्यदललाई आवश्यक मार्गदर्शन र अनुगमनसमेतका लागि यस आयोगका पदाधिकारीहरूले पटकपटक जिल्ला प्रशासन कार्यालयहरुको स्थलगत भ्रमण गर्ने गरिएको।

१०. निवेदन फछ्र्यौटको लागि जिल्ला प्रशासन कार्यालयमा रहेको कार्यदलबाट मात्र छलफल गराउँदा लामो समय लाग्ने देखिएकोले रू.५ लाखसम्मका प्रारम्भिक लेनदेन भएका निवेदन हाललाई सम्बन्धित जिल्लाका इलाका प्रशासन कार्यालय वा इलाका प्रहरी कार्यालय "क" मार्फत् फछ्र्यौटको लागि कार्यविधि बनाई पठाइएको।

११. छलफलको माध्यमद्वारा फछ्र्यौट हुन नसकेका इलाकाहरुमा पठाइएका यस्ता निवेदनहरूलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा फिर्ता पठाइ प्रचलित कानूनबमोजिम कारवाहीको लागि पहल गरिएको।

१२. आयोगद्वारा विभिन्न जिल्ला प्रहरी कार्यालयहरूमा स्थलगत भ्रमण गरी कार्यालय प्रमुख लगायत सिनियर प्रहरी अधिकृत, अ.अ. शाखामा कार्यरत प्रहरी कर्मचारीहरू तथा मातहत इलाका प्रहरी कार्यालय प्रमुखलाई निवेदन फछ्र्यौटको लागि प्रमाण पुगेसम्म पीडितबाट जाहेरी लिइ कानूनी दायरामा ल्याउन प्रशिक्षणको माध्यमबाट आवश्यक मार्ग निर्देशन गरिएको।

१३. हालसालै भएको अनुचित लेनदेन सम्बन्धी कानूनमा भएको संशोधित व्यवस्था बारेमा सम्बन्धित प्रहरी तथा अन्य कर्मचारीहरूसमेत लाई ब्रिफिङ (प्रशिक्षण) गरिएको।

१४. हाल मुलुकी अपराध संहिता र मुलुकी देवानी संहिताको संशोधनबाट थप भएको कानूनी व्यवस्था अनुसार २०७५ साल अगाडिका तमसुक/लिखतहरू ६ महिनाभित्र अनिवार्य रुपमा स्थानीय तह वा वडा समितिको कार्यालयमा दर्ता प्रमाणित गरी अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा सोको कार्यविधी तयार पारी श्री गृह मन्त्रालय तथा श्री संघीय मामिला तथा सामान्य मन्त्रालयमार्फत् सम्बन्धित जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय तथा स्थानीय तहसम्म पठाउने कार्य समेत यस आयोगबाटै भएको।

३ समग्रमा समस्याको पहिचानः

समाजमा अनुचित लेनदेन हुनाका कारणहरूः

समाजमा बस्ने मानिसहरूको आर्थिक अवस्था समान हुदैन। आधारभूत आवश्यकता बाहेक मानिसहरूलाई अन्य थप आवश्यकता पनि पर्ने हुन सक्छ। कुनै परिवारलाई आफ्नो परिवारको सदस्य बिरामी हुँदा ठूलो धनराशी खर्च हुनसक्छ भने यस्तै प्राकृतिक प्रकोप तथा

अन्य प्रकोपको कारण पीडित मानिसहरू अथवा परिवारलाई तत्काल अन्य किसिमको राहतको आवश्यकता पनि पर्न सक्छ।

प्रविधिको विकासले गर्दा २१ औं शताब्दीका मानिसहरूमा संसारभरि के भइरहेको छ ? मानिसहरूको जीवनशैली कस्तो छ? लगायत संसारभरी घटेका घटना/परिघटना बारेमा जानकारी लिन प्रयास गरेमा तुरुन्त जानकारी लिन सकिन्छ।

यिनै कारणहरूले समाजमा लेनदेन हुन्छ र लेनदेनका कारणहरू मानिसको आर्थिक अवस्था र हैसियत अनुसार फरक-फरक हुन्छन्।

साधारण नेपाली समाजमा रहेका परिवारहरूलाई निम्नानुसार बर्गीकरण गर्न सकिन्छ। यी चार वर्गहरूले समाजमा आफ्नो व्यवहार मिलाउन लेनदेन गर्ने अझ भनौ ऋण लिने छुट्टाछुट्टै कारणहरू देखिन्छ। यसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क. धनी/ सम्भ्रान्त वर्ग

- महंगो घर/जग्गा खरिद गर्न।
- महंगो सवारी साधन खरिद गर्ने।
- आफ्नो व्यापार व्यवसाय बढाउन।
- आफ्नो व्यापार घाटालाई तत्काल संन्तुलित गर्न।

ख. उच्च मध्यम वर्ग

- घर/जग्गा खरिद गर्न
- महंगो सवारी साधन खरिद गर्न।
- छोरा/छोरी लाई महंगो स्कूल/ कलेजमा पढाउन।
- आफ्नो व्यापार घाटालाई तत्काल सन्तुलित गर्न।
- अन्य विलासिता पूर्ण जीवन यापनको लागि।
- छोराछोरीलाइ अध्ययनका लागि विदेशमा पठाउन ।

ग. निम्न मध्यम वर्ग

- घर जग्गा खरिद गर्न
- छोरा/छोरी लाई पढाउन।
- घरमा बिरामी पर्दा
- घर मर्मत गर्न।
- विवाह/व्रतवन्ध जस्ता सामाजिक रीतिरिवाजको लागि।
- अरुसँग लिएको ऋण तिर्न।
- छोरा छोरीलाई बैदेशिक रोजगारमा पठाउन।
- कृषिको लागि ऋण।

- भोग विलासका उपायहरू अपनाउन।

घ. बिपन्न वर्ग

- घरको सदस्य बिरामी हुँदा।
- छोरा/छोरीलाई पढाउन।
- छोरा/छोरीलाई बैदेशिक रोजगारमा पठाउन।
- विवाह/ब्रतबन्ध/ मृत्यु जस्ता सामाजिक रीतिरिवाज मनाउन।
- घर मर्मत गर्न
- अरुको ऋण तिर्न।
- कृषिको लागि ऋण।
- दैनिक गुजाराको लागि।

यसरी जुनसुकै वर्गका मानिसहरू भएता पनि जब ऋण लिनुपर्ने बाध्यात्मक अवस्था आउँछ जसले गर्दा उसले आफ्नो पँहुच र आफू अनुकूल ऋण लिने प्रयास गर्दछ। साधारणतया उच्च वर्ग, उच्च माध्यम वर्गले बैंक/वित्तीय संस्थामार्फत् नै ऋण लिएर आफ्नो आवश्यकता पूर्ति गर्ने गरेको पाइन्छ भने निम्न मध्यम वर्ग त्यसमा पनि विपन्न वर्गले समाजमा नै रहेका साहु महाजनसँग ऋण लिने गरेको पाइन्छ। यसरी समाजमा परापूर्वकालदेखि रहेको लेनदेनमा समयको परिवर्तनसँगै ऋण लिने र दिने बिचमा विवाद हुने गरेको, कतिपय अवस्थामा ऋण लिनेले समयमा साँवा/व्याज नबुझाउने गरेका छन् भने वदनियत भएका साहुहरूले ऋण दिंदा चर्को व्याज असुल्ने, साँवा व्याज बुझाइ सक्दा पनि तमसुक नच्यात्ने, खाली चेक लिने, घर/जग्गा पास गरेर लिने तर साँवा व्याज बुझाइसक्दा पनि घरजग्गा फिर्ता नगरी ऋणीलाइ घरवारबिहीन बनाउने, धाकधम्की,कुटपीट लगायत अन्य शोषणहरू गर्ने जस्ता अनुचित क्रियाकलापहरू हुने गरेको पाइएको छ। यस्ता वदनियत भएका साहुहरूबाट अनुचित लेनदेनको सिकार प्रायःजसो बिपन्न वर्ग नै हुने गरेको छ।

राष्ट्रिय तथ्यांक कार्यालयले २०८० कार्तिक १३ गते सार्वजनिक गरेको 'राष्ट्रिय जनगणना २०७८ को विस्तृत नतिजा तथा विश्लेषणात्मक प्रतिवेदन÷ले देशभरका कुल ६६ लाख ६० हजार ८ सय ४१ घरपरिवारमध्ये २५.५९ प्रतिशतले मात्र वित्तीय संस्था र सहकारीबाट ऋण लिएको देखाएको छ ।

'प्रदेशगत रूपमा हेर्दा बैंक तथा वित्तीय संस्था र सहकारीबाट ऋण लिने परिवार सबैभन्दा बढी मधेशमा २८.८८ र सबैभन्दा कम सुदूरपश्चिममा २१.९६ प्रतिशत देखिन्छ,'

देशभरका कुल घरपरिवारमध्ये ४१ लाख २२ हजार ६ सय ९० अर्थात् ६१.८९ प्रतिशत परिवारमा कम्तीमा १ जना सदस्यको बैंक तथा वित्तीय संस्थामा निक्षेप खाता रहेको

प्रतिवेदनले देखाएको छ । 'कुल २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ जनसंख्यामध्ये ७४ लाख ९ हजार १ सय ८१ जना अर्थात् २५.५६ प्रतिशत व्यक्तिको बैंक तथा वित्तीय संस्था (सहकारी संस्थाबाहेक) मा कम्तीमा एउटा निक्षेप खाता रहेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'कुल १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ जना पुरुषमध्ये २६.४२ र कुल १ करोड ४९ लाख ११ हजार २७ जना महिलामध्ये २४.७४ प्रतिशतको बैंक तथा वित्तीय संस्थामा कम्तीमा एउटा खाता छ ।

यध्यपी नेपाल राष्ट्र बैंकको एक सर्वेक्षणले मुलुकका झन्डै ७२ प्रतिशत वयस्क जनसंख्या बचत वा ऋणका लागि साहु—महाजनको भर पर्नुपर्ने अवस्था रहेको देखाएको छ । मुलुकमा वित्तीय साक्षरता बढेको, ७ सय ५२ स्थानीय तहमा वाणिज्य बैंककै शाखा पुगेको, वित्तीय पहुँच विस्तार भएको दाबी सरकारले गरिरहेको बेला राष्ट्र बैंककै गत वर्ष सार्वजनिक 'वित्तीय साक्षरता आधार सर्वेक्षण प्रतिवेदनले बहुसंख्यक वयस्क जनसंख्याको औपचारिक बैंकिङ प्रणालीमा पहुँच नभएको देखाएको हो । सर्वेक्षणमा ७१.८३ प्रतिशत वयस्क जनसंख्या आर्थिक आवश्यकता पूरा गर्न (बचत वा ऋणका लागि) साहु—महाजन, परिवार तथा साथीभाइमै निर्भर रहेको उल्लेख छ ।

नागरिकलाई साहु—महाजनबाट चर्को मिटर ब्याजमा ऋण वा सापटी लिनुपर्ने बाध्यता अन्त्य गर्नकै लागि बैंकिङ सेवालाई मुलुकभर विस्तार गर्ने सरकारी लक्ष्य भए पनि यथार्थमा वित्तीय पहुँचको अवस्था निकै कमजोर रहेको सर्वेक्षणले औंल्याएको छ । विगतको तुलनामा नेपालमा वित्तीय सेवाको विस्तार तीव्र भए पनि त्यो पर्याप्त नभएको पनि पाइएको राष्ट्र बैंकका उच्च अधिकारीहरू स्विकार्छन् । (यज्ञ बञ्जाडे रिपोर्ट कान्तिपुर दैनिक कार्तिक १५, २०८०)
७२ प्रतिशत जनसंख्याले ऋण लिन साहु महाजनकै भर पर्नु परेको र मिटर ब्याजमा ऋण लिनु पर्ने बाध्यता रहेको तथ्य सरकारी तथ्याङ्क र नेपालको केन्द्रीय बैङ्कले नै स्वीकार गरेको छ । तर ती कमजोरी सुधार गर्न भने अगाडि सरेको देखिन आउँदैन ।

<u>ऋण लिंदा साहु महाजनकोमा नै जानुपर्ने बाध्यता किन ?</u>

क. बैंक/वित्तीय संस्थाहरूका क्रियाकलाप गरीबको सेवामुखी नहुनु।
ख. गरीबसंग धितो राख्ने चिज बस्तु नहुनु।
ग. Emergency जस्तो बिरामी पर्दा, तुरुन्त नगद (ऋण) प्राप्त गर्न साहुकोमा जाने पर्ने बाध्यतामा पर्नु।
घ. शिक्षा/ स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्तिको लागि राज्यको तर्फबाट भएका प्रयासहरू प्रायः गरीबको पँहुच भन्दा बाहिर हुनु।

ङ. वैदेशिक रोजगारीको अवसरको लागि विदेश जानको लागि चाहिने ठूलो रकम प्राप्त गर्ने अन्य बिकल्प नहुनु।

च. गरीबहरूको आय आर्जनको लागि राज्यबाट भएका प्रयासहरू Effective नहुनु।

छ. सामाजिक संजालको बढ्दो प्रभाव जसले मानिसहरूमा अनावश्यक कुराहरूलाई पनि आवश्यकताको रुपमा महसुस गराउने गरेको।

ज. कृषि विकास बैंक/साना किसान बैंक जस्ता वित्तीय संस्थाहरू पनि धनिमुखी क्रियाकलपमा मात्र संलग्न हुनु।

झ. माइक्रो फाइनान्स (लघुवित्त) तथा सहकारीहरूको अनुगमन गर्ने प्रकृया Effective नहुनाले यिनीहरूको क्रियाकलापबाट गरीबहरू लाभान्वित हुनुको सट्टा झन् पीडित भएको भन्ने समेत सुन्न र देख्न पाइएको।

ञ. **अनुचित लेनदेनलाई व्यवस्थित गर्न स्थानीय सरकारको कुनै भूमिका पाइएन।**

बहुसंख्यक अनुचित लेनदेन (मिटर ब्याज) पीडित मधेश प्रदेशका ८ जिल्ला र पश्चिम नवलपरासी जिल्लामा केन्द्रीत रहेको देखिन आयो। आयोगको हालसम्मको तथ्याङ्क अनुसार यी ९ जिल्लामा मात्र करिब २४ हजार पीडित रहेको पाइयो।

मधेश प्रदेशमा घरायशी लेनदेन गर्दा पहिले देखिनै एक को तीन अर्थात् एक लाख ऋण लिएमा तीन लाखको तमसुक बनाउने चलन चलिरहेको छ। आजकल त अझ बढी एकको ४।५ सम्मको तमसुक बनाउने गरिन्छ। यो समस्या भनेको स्थानीय समस्या हो। यसमा स्थानीय तहहरु अर्थात् पालिकाहरुले ध्यान दिएको देखिन आएन । त्यस्तै प्रदेश सरकारले पनि यो समस्यालाइ आफ्ना नागरिकको समस्याको रुपमा लिएको देखिन आएन। यो समस्या निराकरण गराउनेतिर कुनै पहल र चासो लिएको देखिन आएन। स्थानीय स्तरमा कसैले चासो नदिएपछि पीडितहरु संघीय सरकार गुहार्न राजधानीनै धाउन वाध्य भए । *मिटर ब्याज वास्तवमा धनीले गरिब 'मार्ने' पध्दति थियो र वर्षौं वर्षसम्म यो जघन्य अपराध कुनै राजनीतिक दल, तिनका अंग वा सरकार भन्ने कसैले पनि देखेनन्। पीडित जनता महिनौं सडक संघर्षमा ओर्लिनु पऱ्यो र मात्र यो अपराधको निराकरणका लागि मुलुक बाध्यतावश अग्रसर भयो।* (कृष्णप्रसाद सिग्द्याल, नागरिक दैनिक १९ आश्विन २०८०)

बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण लिने व्यक्तिले कर्मचारीहरूलाई ऋणको केही अंश कमिसनको रूपमा दिने तर सानोतिनो रकम ऋण लिने व्यक्तिहरूले कमिसन प्रतिशतमा दिंदा पनि रकम थोरै हुने भएकाले थोरै रकम ऋण दिन कर्मचारीहरुले झन्झट मान्ने प्रवृत्ति रहेको पनि सुन्न र देखिन आयो।

४. भविष्यमा अनुचित लेनदेनलाई न्यूनीकरण गर्न अपनाउनु पर्ने उपायहरू:

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९

क. प्रचलित कानूनको प्रभावकारी (कडाइका साथ) कार्यान्वयन।

अ. विगतमा भएका अधिकांश अनुचित लेनदेनहरूमा विशेष गरेर गरिबी र अशिक्षाको मारमा परेका सर्वसाधारणहरू लक्षित हुने गरेका छन्। अनुचित लेनदेनको अवस्थामा साहु/महाजनहरूले आफ्नो पक्षमा प्रशस्त प्रमाणहरू राख्ने तर ऋणीको पक्षमा कुनै प्रमाण नछोड्ने गरेकोले प्रचलित कानूनबमोजिम पीडितले न्याय पाउन कठिन अवस्था रहेको पाईन्छ। विगतमा साहु महाजनका अन्य गल्ती कमजोरीहरू पत्ता लगाई निजलाई विशेष गरेर सम्पति शुद्धीकरण ऐन, मुलुकी अपराध संहिताको दफा २४९, २५२ र २५३ तथा पीडितउपर हिंसात्मक क्रियाकलाप गरेको भएमा अभद्र व्यवहार शीर्षकमा पनि अति न्यून रुपमा मुद्दा चलाउने गरिएको थियो। जुन जिल्लाको प्रहरी प्रमुख सकृय र इमान्दार रहेका हुन्छन् ती जिल्लामा मात्र उपरोक्त उल्लेखित दफा बमोजिम अदालतमा मुद्दा चल्ने गरेका थिए। नीतिगत रुपमा सबै जिल्लामा पीडितको पक्षमा राज्यका निकाय नै लागेका पाइदैन। यही रुपमा पीडितको पक्षमा न्याय सफलिभूत हुन सकेको पाइदैन। यसैगरी साहु/महाजनसँग स्रोत नखुलेको सम्पतिसमेत प्रशस्त हुने भएकोले यस्तो अवस्था फेला पारिएमा छिटपुट रूपमा पीडकलाई सम्पत्ति शुद्धीकरण ऐन अन्तर्गत कारवाही गर्न सिफारिश गर्ने गरिन्थ्यो। तर ज्यादै नगण्य रुपमा मात्र पठाइएको हुन्थ्यो।

हाल ७७ वटै जिल्ला प्रशासन कार्यालयमा स्थापना भएका अनुचित लेनदेन हेर्ने कार्यदलले माथि उल्लेख भएबमोजिमको प्रकृयाहरू अपनाई विगतमा भएका अनुचित लेनदेनका विषयहरूमा समेत यथाशक्य समाधान गरिरहेको अवस्था छ।

आ. अनुचित लेनदेनलाई अपराधिकरण गर्दै नेपाल सरकारद्वारा राजपत्रमा सूचना प्रकाशित गरी ल्याइएको मुलुकी अपराध संहिता तथा मुलुकी देवानी संहिताहरूको संशोधन गर्न बनेको अध्यादेश २०८०।०१।२० मा जारी भएको थियो। सो अध्यादेशले ल्याएको कानूनी प्रावधानले अनुचित लेनदेन सम्बन्धी कसूरलाइ फौजदारी कसूरको रुपमा स्थापित गरेको छ। हाल मुलुकी अपराध संहिता सम्बन्धी नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०८० संघीय संसदबाट सर्वसम्मतिले पारित भई राष्ट्रपतिबाट प्रमाणिकरण भएपछि मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २१ मा ठगी सम्बन्धी कसूरको दफा २४९ (क) मा अनुचित लेनदेन गर्न नहुने शीर्षकमा मिति २०८०।०४।१२ मा समसामयिक संशोधन गरेको छ। जसका प्रमुख विशेषताहरू निम्नानुसार रहेको पाइन्छ:

- अनुचित लेनदेनलाई अपराधिकरण गरिएको।
- अनुचित लेनदेन फौजदारी कसूरको रुपमा नेपाल सरकार वादी हुने मुद्दाको रूपमा स्थापित भएको।

- अनुचित लेनदेनको परिभाषा मुलुकी अपराध संहितामा दफा २४९क थप गरी उपदफा २ को देहाय (क) देखि (ज) सम्मका ८ बुँदामा स्पष्ट परिभाषित गरिएको।
- अनुचित लेनदेन मुद्दा अनुसन्धानको सिलसिलामा यदि अनुसन्धान अधिकारीले पीडकको साथमा स्रोत नखुलेको अस्वाभाविक सम्पत्ति राखेको देखिएमा त्यस्तो व्यक्तिलाई सम्पत्ति शुद्धीकरण ऐन अन्तर्गत समेत मुद्दा चलाउने प्रयोजनका लागि सम्पत्ति शुद्धीकरण विभागमा लेखी पठाउन सक्ने प्रावधान राखिएको।
- २०७५ साल भदौ १ गतेभन्दा अगाडि घरायसमा खडा भएका तमसुकहरू पनि अनिवार्य रुपमा ६ महिनाभित्र सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयमा दर्ता प्रमाणित गरिनु पर्ने र सम्बन्धित वडाले उक्त तमसुकको सत्यता बारेमा छानविनसमेत गर्न सक्ने।
- अनुचित लेनदेनको विषयलाई लिएर कुनै साहु महाजनले पीडितलाई शारिरिक वा मानसिक हानी नोक्सानी हुने गरी कुनै पनि किसिमको धाक धम्की दिने वा हिंसा गर्ने कार्यहरू गरेमा समेत त्यस्ता साहु महाजनलाई यो मुलुकी अपराध संहिताको दफा २४९क (१) मार्फत् कारवाहीको दायरामा ल्याउन सकिने ।
- यसरी यो अध्यादेश आउनुपूर्व र अध्यादेश प्रारम्भ भई सकेपछिका अनुचित लेनदेनका मुद्दा हाललाई फरक फरक ढंगले कानूनको दायरामा ल्याउन सकिन्छ।

कानून कार्यान्वयन गर्दा जिल्ला प्रहरी कार्यालय/अन्य प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय, अदालत तथा जिल्ला प्रशासन कार्यालयहरूमा पीडितमैत्री वातावरण रहनु पर्ने तथा कानूनको कार्यान्वयन गर्ने अधिकृतहरूमा पीडितमैत्री भावना र दृढ इच्छाशक्तिको समेत खाँचो छ। प्रशासनयन्त्रनै जनताको सेवक नभइ शासकको रुपमा रहेको आरोपलाइ अन्यथा भन्न सकिने अवस्था छैन। किनकी सेवाग्राहीमा आफ्नो हक अधिकारप्रति चेतनाको अभाव, अशिक्षा र गरिबीको कारण पीडित सँधै आफ्नो हक हितबाट बन्चित हुने जोखिम रहेको छ। अनुचित लेनदेन सम्बन्धी हाल संशोधित कानून कार्यान्वयनलाई सहजीकरण गर्न जनप्रतिनिधिहरू, राजनीतिकर्मीहरू, नागरिक समाज तथा प्रेसको पनि अत्यन्त महत्वपूर्ण भूमिका रहनुपर्छ।

ख. गरिबीको रेखामुनी रहेका जनताहरूलाई लक्षित गरी निम्नानुसारका कार्यक्रमहरू ल्याइनुपर्ने।

१. <u>शिक्षामा गरीबको सहज पहुँच हुनुपर्ने :</u>

- राज्यले प्रदान गर्ने नि:शुल्क शिक्षालाई थप प्रभावकारी र गरीबमैत्री बनाउन काठमाडौं उपत्यका र देशका अन्य महानगरबाहेकका हरेक पालिकाको वडाको टोलटोलमा

निशुल्क शिक्षा र अनिवार्य रुपमा विद्यालयमा भर्ना गराउने विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने।

- गरीब/असहाय तथा निरक्षर बाबु आमाका सन्तानलाई स्कुल/कलेजको पोसाक, स्टेशनरी, खाजा, यातायातका साधन लगायत सम्पूर्ण आवश्यकताहरू निःशुल्क प्रदान गरिनुपर्ने।
- निजी विद्यालयमा घटिमा २० प्रतिशत कोटा गरीब/असहायका सन्तानलाई छुट्टयाउनु पर्ने र यो कोटामा पढ्ने विद्यार्थीलाई आवश्यक पर्ने सुविधाहरू पोसाक, स्टेशनरी, खाजा, यातायातका साधन सबै निःशुल्क हुनुपर्ने।
- उच्च शिक्षामा समेत गरीब/असहायको लागि कम्तीमा १०% कोटा निःशुल्क हुनुपर्ने।
- उच्च शिक्षाको लागि शैक्षिक ऋणको व्यवस्था हुनुपर्ने। भक्तपुर नगरपालिका लगायत केही नगरपालिकामा शैक्षिक ऋणको सुविधा प्रदान गरिसकेको पाइएकोछ ।
- गरीब र असहाय नागरिकहरुको पहिचान गरी स्थानीय, प्रदेश र संघीय सरकारले एक घर एक रोजगार कार्यक्रम अनिवार्य रुपमा सन्चालन गरी आय आर्जन गराउन पहल गर्नु पर्ने ।

२. स्वास्थ्य सेवा सुलभ र वीमा प्रभावकारी हुनुपर्ने :

स्वास्थ्य सेवा साह्रै महंगो भएको छ। सबै खालको उपचार र विशेषज्ञ सुविधा पनि ग्रामीण स्तर र सानोतिनो पालिकामा उपलब्ध हुन सकेको छैन। सहरी क्षेत्र र राजधानीमै पनि सरकारी अस्पताल कान्ति बाल अस्पताल लगायत सरकारी सामुदायिक अस्पतालले प्राइभेट अस्पतालमा बिरामी बेच्ने चलन आएको छ। सामुदायिक र अधिकांश सरकारी अस्पतालले एक्सरे, एमआरआइ, ल्याव टेष्ट, भेन्टिलेटर आदि सुविधा नभएको, मेसिन बिग्रेको आदि कारण देखाइ तल्लो स्तरका निजी अस्पतालमा आफूकहाँ आएका बिरामी बेच्ने चलनले व्यापकता पाउन थालेको छ।

राजधानी र सहरी क्षेत्रका सामुदायिक र निजी अस्पतालमासमेत सामान्य विरामीलाइसमेत चिकित्सकीय पध्दती र नैतिकता अनुसार कुनै हालतमा आवश्यक नपर्ने सिटि स्क्यान, एमआरआइ लगायत महंगा परीक्षण गराएर विरामीलाइ जतिसक्दो चुस्ने र ठग्ने प्रचलन बढेको छ। त्यही प्रचलनले गरीब र सर्वसाधारण नागरिकलाइ पनि सस्तो,सुलभ र ठीक उपचार पाउन साह्रै गाह्रो हुन थालेको छ।

सर्वसुलभ रुपमा विशेषज्ञको सेवा पाउन र स्तरीय अस्पतालमा सर्वसाधारणले चिहाउन समेत नसक्ने अवस्था रहेकोछ।

ग्रामीण र सहरी क्षेत्रमा समेत सामान्य विरामी परी ३।४ दिन अस्पताल भर्ना हुनु परेमा सामान्यतः २।३ लाख रुपैयाँ खर्च लाग्दछ। मरिएला भन्ने डरले जनताले ऋण गरेर पनि वाध्यतावस खर्च गर्नु परेको छ।

जनताले स्वास्थ्य क्षेत्रमा भोग्नु परेका यस्ता समस्याप्रति समग्रमा राज्य र पालिकाहरु उदासीन रहेको पाइन्छ। तथापि भक्तपुर नगरपालिका लगायत केही नगरपालिकाले भने स्वास्थ्य उपचारमा नागरिकलाइ राम्रो सेवा पुऱ्याईरहेको खवर सार्वजनिक भएको पाइन्छ।

स्वास्थ्य वीमा : सरकारले केही वर्षदेखि स्वास्थ्य वीमा प्रणाली शुरु गरेको छ। जेष्ठ नागरिकले वार्षिक १ लाखसम्मको उपचार सुविधा पाउँछन्। स्वास्थ्य बीमामा सुविधा लिन हरेक वर्ष अनिवार्य रुपमा नविकरण गर्नुपर्नेछ। तर यो प्रणाली प्रभावकारी हुन सकेको पाइदैन। सवै जिल्लामा लागु भइसकेको पनि छैन।

कुल जनसंख्याको एक चौथाई अर्थात् २४.६१ प्रतिशत मात्र यसमा आबद्ध छन्। सरकारी, सामुदायिक, निजी र सहकारी गरी साढे चार सयभन्दा बढी अस्पतालले बिमा अन्तर्गतको स्वास्थ्य सेवा दिन्छन्। ती अस्पतालले सेवाग्राहीलाई १ हजार १ सय ३३ प्रकारका औषधि उपलब्ध गराउनुपर्छ। महालेखापरीक्षकको प्रतिवेदन अनुसार बिमितमध्ये ३० देखि ४० प्रतिशतले नवीकरण नै गर्दैनन्। सरकारले बिमा कार्यक्रमलाई प्रभावकारी बनाएर आकर्षण बढाउँदै लानुपर्नेमा यस्तो विकर्षण उदेकलाग्दो छ।

स्वास्थ्य सेवा बिमा नियमावली, २०७५ अनुसार पाँच जनासम्मको परिवारलाई एक एकाइ मानेर वार्षिक तीन हजार पाँच सय प्रिमियम तिर्दा उक्त परिवारले प्रतिवर्ष एक लाख रुपैयाँसम्मको निःशुल्क उपचार पाउँछ। थप प्रत्येक व्यक्तिका लागि वार्षिक सात सय प्रिमियम तिर्दा प्रतिसदस्य थप २० हजारका दरले प्रतिवर्ष अधिकतम दुई लाख रुपैयाँसम्मको उपचार खर्च सरकारले बेहोर्छ। थप तीन हजार पाँच सय प्रिमियम तिरे क्यान्सर, मुटु रोग, मिर्गौला रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सोनिजम र अल्जाइमरको उपचारमा थप एक लाख बराबरको सेवा पाइन्छ। यो कार्यक्रम सबैको पहुँचमा पुगोस् भनेर नियमावलीले विपन्न तथा गरिब परिवारका लागि बिमामा आबद्ध हुन चाहिने प्रिमियम नेपाल सरकार, प्रदेश वा स्थानीय तहले बेहोर्नुपर्ने व्यवस्था गरेको छ। विपन्न परिवारलाई कार्यक्रममा आबद्ध गराउन तीनै तहका सरकारले सक्रिय अग्रसरता लिएका छैनन्, जुन निन्दनीय छ।

अहिलेको वीमा पध्दतिमा तोकिएका सामुदायिक अस्पतालमा मात्र वीमाबाट उपचार गर्न सकिन्छ। ती सामुदायिक अस्पतालमा सवै रोगको उपचार हुन पनि सक्दैन। सवै विषयका विशेषज्ञ पनि हुँदैनन्। वीमा सुविधाबाट आउने विरामीलाइ सामुदायिक अस्पतालबाट राम्रो व्यवहार पनि गरिदैन, वीमाबाट उपचार गर्न जानेलाइ फोकटमा आएको जस्तो गरिन्छ भन्ने गुनासो सुनिन्छ।

त्यसैले सर्वसाधारणले वीमाबाट औषधोपचार गराउनको लागि निम्न सुधार हुनुपर्दछ।

१. स्वास्थ्य बीमाको उपचारको हद महंगी वृध्दी भए अनुसार बढाइनु पर्दछ। एक व्यक्तिको लागि न्यूनतम ३ तीन लाखसम्मको उपचार सुविधा दिलाइनु पर्दछ।
२. वीमाको प्रिमियम पनि बढाइनु पर्दछ। अहिलेको अवस्थामा मजदुरी गर्नेले पनि वार्षिक १ हजार तिर्न कठिनाइ छैन । केवल जागरुक बनाए मात्र पुग्छ।
३. प्रिमियम तिर्न नसक्ने र गरिबीको रेखा मुनीका नागरिकको लागि सरकारले नै निशुल्क वीमा गराउनु पर्दछ।
४. उपचार सुविधा लिनको लागि स्थानीय अस्पताल लगायत राजधानीमा रहेका उच्चस्तरका नर्भिक, ग्राण्डी, बीएण्डबी, मेडिसिटी तथा उपत्यका बाहिरका धुलिखेल, नोवल, वीपी कोइराला धरान, लगायत मेडिकल कलेज अस्पतालबाट पनि वीमा कार्डबाट स्वतः उपचार पाउने पध्दति विकास गरिनु पर्दछ।
५. सरकारी वीमाबाट उपचार गराउनको लागि राजधानीका माथि उल्लेखित लगायत ठूला र प्रतिष्ठित अस्पतालको पनि ल्याब परीक्षण लगायत सवै उपचारको रेट सर्वसुलभ रुपमा सरकारले तोकी दिनु पर्दछ। सरकारी स्वास्थ्य बीमाको उपचार गराउन सवै सेवाको छुट्टै सहुलियत दर तोकिनु पर्दछ। यस्ता ठूला र सुविधा सम्पन्न अस्पतालले २० प्रतिशत बेड स्वास्थ्य बीमाबाट उपचार गराउनेलाइ किफायती दरमा प्रदान गराउनु पर्दछ। अन्य महानगर, उपमहानगर लगायत पालिकामा रहेका अस्पताल, नर्सिङ होम आदिको पनि सुविधा र अस्पतालको स्तर अनुसार सवै सेवा र उपचारको रेट सरकारले तोकिदिनु पर्दछ।
६. ती अस्पतालको उपचार पध्दती र स्तर बारे तत् तत् निकाय र संघीय सरकारले ३।३ महिनामा सुपरीवेक्षण गर्नु गराउनु पर्दछ।
७. ती जुनसुकै स्वास्थ्य संस्थामा उपचार गराउँदा वीमाको कार्ड पेश गरेपछि स्वतः उपचार सुविधा पाउने प्रणाली विकास गरिनु पर्दछ।
८. अनावश्यक ल्याव परीक्षण र उपचार गराएर बीमाबाट रकम लिएको ठहरेमा यस्तो संस्थालाइ लिएको रकमको चार दोब्बर जरिवाना गरी लाइसेन्स खारेज गरिनु पर्दछ।
९. गरीब र असहायहरूलाई अनिवार्य रूपमा निश्चित बेडसहितको निःशुल्क सेवा प्रदान गर्नुपर्ने भन्ने नेपाल सरकारको नीतिलाई प्रभावकारी रुपमा लागु गरिनुपर्ने।
१०. निजी अस्पतालहरूले गरीब र असहायको लागि निःशुल्क स्वास्थ्य सुविधा अनिवार्य रुपमा दिने प्रणाली विकास हुनुपर्ने।
११. लक्षित वर्ग गरीब/असहाय व्यक्तिलाई स्थानीय पालिकाले अनिवार्य निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा ल्याइनु पर्दछ।

स्वास्थ्य बीमाबाट यसरी सजिलैसँग उपचार गर्न सकिने पद्दती विकास गरिएमा गरीब र निमुखा जनताले साहु महाजनसँग ऋण लिन जानु पर्ने थिएन।

३. वैदेशिक रोजगारमा फ्रि भिसा, फ्रि टिकट नाम मात्रको:

१. वैदेशिक रोजगारीमा विशेष गरेर खाँडी तथा मलेसिया जस्ता देशमा श्रमिकको रुपमा श्रम स्वीकृति लिएर वैधानिक तरिकाले जाने व्यक्तिहरूलाई फ्रि भिसा, फ्रि टिकट भनिन्छ। तर व्यवहारमा २।४ लाख रुपैयाँ तिर्नु परेको गुनासो छ।

२. रोजगारमा जानेले राहदानी आफ्नै खर्चमा बनाउन सक्छन्, बनाउँछन्।

३. वैदेशिक रोजगारमा जान भिसाको लागि म्यान पावर कम्पनीसँग सम्पर्क गरी प्रकृया पूराए पछि भिसा आउँछ।

४. भिसा आएपछि म्यानपावर कम्पनीलाइ तिर्नु बुझाउनु पर्ने रकम सो भिसाको आधारमा म्यानपावर कम्पनीलाइ स्थानीय तह वा तहको वडा कार्यालयले स्वतः म्यानपावर कम्पनीमा भुक्तानी दिने प्रणालीको विकास गरिनु पर्दछ।

५. यसको लागि संघीय सरकारले वैदेशिक रोजगार कोषमा रहेको रकम सम्बन्धित पालिकाबाट विदेश गएकाको तथ्याङ्कको आधारमा पालिकालाइ रिभोल्भिङ फण्डको रुपमा पठाइनु पर्दछ।

६. म्यानपावर कम्पनीहरुले रोजगारको कोटा लिन खाडी लगायत मलेसियाको कम्पनीलाइ प्रति सिट पैसा खर्च गरेमा मात्र नेपाललाइ त्यो रोजगार कम्पनीबाट भनेजति सिट आउने रहेछ। भित्री साँठगाँठ नभएमा जुनदेशको कम्पनीले बढी पैसा दिन्छ, कोटा उसैलाइ दिने रहेछ। विदेशमा टेबुल मुनीबाट हुने यो लेनदेनलाइ कसैले पनि रोक्न सक्ने हुँदैन।मलेसियाका कम्पनीले पहिले देखि यो गर्दै आएका भन्ने समाचार सुन्न र पढ्नमा आएका छन्। फ्री भिसा फ्रि टिकट भनेर मात्र नहुने अवस्था भएकाले सरकारले श्रम तथा वैदेशिक रोजगार मन्त्रालयको अगुवाइमा रोजगार कम्पनीसँगको सहमतीमा गन्तब्य मुलुक, श्रमिकको रोजगारको सिट, कामको प्रकृति, तलब सुविधा आदीको आधारमा त्यस्तो खर्च तोकी दिनु पर्दछ। यसो हुन सकेमा श्रमिकले भुक्तानी गरेको रकमअनुसार व्यवसायीहरु स्वतः करको दायरामा स्वतः आउने छन्। यस तर्फ श्रम तथा वैदेशिक रोजगार मन्त्रालयले पनि गृह कार्य गरिरहेको बुझिन आएकोछ।

७. त्यो लागेको रकम वैदेशिक रोजगारमा जानेको तलवबाट कटाउन लगाएर बढीमा २ वर्ष भित्र नेपालको भुक्तानी दिने निकायमा सोधभर्ना गराउने प्रणाली विकास गराउनु पर्दछ।

यस्तो स्वचालित प्रणाली विकास गराउन सकेमा वैदेशिक रोजगारमा जानेले मिटरब्याजी साहुसँग अनुचित लेनदेनको माध्यमबाट ऋण लिनु पर्ने वाध्यता हुने थिएन।

वैदेशिक रोजगारमा जानेले भिसाको आधारमा वैंक र वित्तीय संस्थाबाट कर्जा पाउने पध्दती नभएकाले पनि ऋण लिन मिटरब्याजी महाजनकै शरणमा धाउनै पर्ने वाध्यताको अवस्था विद्यमान रहेको छ।

वैंक वित्तिय संस्थाबाट भिसाको आधारमा ऋण पाउने व्यवस्था हुन सके पनि यो समस्या समाधान हुने थियो। सरकारले कुन तरिका सजिलो हुन्छ त्यतैतिर कदम चाल्नु पर्दछ।

वैदेशिक रोजगारमा जानेले म्यानपावर कम्पनीलाई तिर्नुपर्ने रकम भिसाको आधारमा श्रमिक कल्याणकारी कोषमा रहेको रकमबाट स्थानीय पालिकामार्फत् ऋणमार्फत् प्राप्त गरी म्यानपावर कम्पनीलाई भुक्तानी गराउने प्रणाली बनाउनु पर्ने। रोजगारी पाएपछिको पहिलो महिनाको तलव/भत्ता देखिनै श्रमिकको निश्चित रकम कट्टी भई १ वर्षभित्र निश्चित व्याज सहित सो रकम पुन: पालिकामा फर्किनु पर्ने प्रणाली बनाइनुपर्ने।

नाम मात्र 'फ्री भिसा फ्री टिकट', सोचिनु पर्ने विषय:



म्यानपावरवालाले एक हातले विदेश जान लागेकासँग मोटो रकम लिएको र अर्को हातले विदेश जानेलाई भिसा र टिकट थमाउने गरेको छ। म्यानपावर व्यवसायीलाई हाताहाती पैसा दिन आनाकानी गर्दै कोहीकोही 'खाता नम्बर दिनुस् न, पैसा तपाईंको बैंकमा हालिदिन्छौं, कम्तीमा पैसा दिएको प्रमाण त बस्छ भन्छन् पनि ।

कसैको यस्तो अभिव्यक्ति सुनेर म्यानपावरवाला झर्किंदै भनिरहेका थिए, 'विश्वास नगर्ने हामीलाई, भयो विदेश नै जानुपर्दैन। चाहिँदैन तिमीहरूको पैसा। तिमीहरूलाई घरमा बसेर भात खाएजस्तो सजिलो हुन्छ? यो भिसा र टिकट ल्याउन कम्ती गाह्रो हुन्छ, तिमीहरूले सोचेजस्तो सजिलो छैन हो।

'फ्री भिसा फ्री टिकट त भन्नलाई मात्रै हो। तिमीहरूको भिसा र टिकट ल्याउन १० ठाउँका मान्छेका मुखमा बुजो लगाउनुपर्छ । सरकारले हामीलाई चुस्छ, हामीले पनि तिमीहरूलाई चुस्ने त हो नि। हाम्रो पैत्रिक सम्पत्ति बेचेर सरकारलाई पैसा बुझाउन सकिन्न क्यारे!'

फ्री भिसा फ्री टिकट भनेको औपचारिकताका लागि मात्रै भएको म्यानपावरका अर्का एक सञ्चालकले बताए।

'यो कुरा व्यावहारिक रूपमा लागु हुनै सक्दैन। फ्रीमा विदेश पठाउन कहाँ सकिन्छ?' उनले भने, 'हामीले युवालाई विदेश पठाउन भनी यत्रो ठूलो घरमा म्यानपावर कार्यालय खोलेका छौं, त्यसको भाडा तिर्नु पर्छ। थुप्रै कर्मचारी छन्। उनीहरूलाई तलब (पारिश्रमिक) दिनुपर्छ। बिदेसिन लागेका युवाहरूको काम सबै हामीले नै गर्ने हो। फेरि हामी पनि त बाँच्नुपर्‍यो।

सरकारले २०७२ सालमै खाडीका ६ वटा मुलुक र मलेसिया जाने कामदारका हकमा फ्री भिसा र फ्री टिकटको व्यवस्था लागु गरेको थियो। तर म्यानपावरवालाले बिदेसिन चाहनेबाट अथाहा पैसा असुल्दै आएका छन्। त्यसकारण बिदेसिन लागेकाहरू म्यानपावर व्यवसायीलाई हाताहाती पैसा बुझाउनुपर्ने बाध्यताको सिकार बनेका छन्।

विदेश पठाउने आश्वासनमा म्यानपावरले सुरुमै युवाहरूसँग ४०।५० हजार रकम लिएको हुँदा रहेछन् तर बैंकमार्फत होइन। म्यानपावरवालाले बिदेसिनेसँग बैंकमार्फत नभई अनेक विश्वास दिलाउँदै हाताहाती पैसा उठाउने गरेका छन्।

'टिकट र भिसा आइसक्यो, पैसा दिन किन किचकिच गरेको? हामीले कुनै पनि बैंक खाता खोलेका छैनौं। पैसा लिने—दिने हातैमा हो। विदेश जान मन छैन भने भन, जाने भए छिटो पैसा देऊ,' म्यानपावरका अर्का कर्मचारी विदेश जान खोज्ने युवाहरूलाई हप्काउँदै भनिरहेका थिए। सरकारबाट स्वीकृति लिएर सञ्चालित म्यानपावर कम्पनीहरूको बैंक खाता हुँदैन भन्नु आश्चर्यको विषय हो। बिदेसिने तयारीमा रहेका र म्यानपावरमा भेटिएका एक युवा साथीमार्फत त्यहाँसम्म आइपुगेको बताउँदै थिए।

म्यानपावरवालाका हातमा टिकट र भिसा आइसकेको हुन्छ तर मोटो रकम नपाएसम्म नदिने अवस्था रहन्छ। युवाहरूलाई घरको आर्थिक भार थाम्न विदेश जसरी पनि जानुपर्ने हुन्छ। त्यस्तै बाध्यतालाई अस्त्र बनाएर लाखौंलाख असुल्न पल्केका एजेन्ट लगायत म्यानपावर व्यवसायीले यहाँ वाध्यताको उपजलाइ ठगी खाने भाँडो बनाएर युवाहरूलाई सकेसम्म चुस्ने गरेका छन्।

फ्री भिसा र फ्री टिकट कामदारका हकमा लागु भएको सरकारी योजना हो। यो नीतिले श्रमिकले सुविधा पाउनुभन्दा झनै ठगीमा परेको देखिएको छ। मलेसिया र खाडीका ६ मुलुक साउदी अरब, कतार, युएई, कुवेत, बहराइन र ओमान जाने कामदारका लागि भिसा र आतेजाते हवाई टिकटबापत लाग्ने खर्च कामदारले तिर्नुनपर्ने नीति श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले लागु गरेको छ।

विदेश जाने श्रमिकले शून्य लागतमा जान पाउने र मलेसियासहित खाडी मुलुकमा श्रमिक पठाउँदा म्यानपावर कम्पनीले बढीमा १० हजार रूपैयाँ मात्रै लिन पाउने व्यवस्था छ। तर त्यो नीति व्यवस्थित तवरले कार्यान्वयन भएको छैन। फ्री भिसा र फ्री टिकटका विषयमा कुरा गऱ्यो भने एजेन्ट र म्यानपावरले डिमान्ड नै छैन भनेर तर्किने गरेको वैदेशिक रोजगारीको खोजीमा भौंतारिँदै हिँडेकाहरू बताउँछन्।

वैदेशिक रोजगारीमा जान फ्री भिसा र फ्री टिकटको नीति अव्यावहारिक र श्रमिकको हितमा कार्यान्वयन नभएकाले त्यसबारे समीक्षा भइरहेको वैदेशिक रोजगार विभागका अधिकारीहरू बताउँछन्।

नीति बनाए पनि त्यसको कार्यान्वयनको पाटो नियमन गर्न नसकेपछि कार्यदल नै गठन गरेर त्यसबारे अध्ययन भइरहेको विभागका सूचना अधिकारी कविराज उप्रेती बताउँछन्।

'कागजमा त रोजगारदाताले भिसा र टिकट निःशुल्क उपलब्ध गराएको उल्लेख गरिन्छ तर यथार्थमा श्रमिकहरूले रकम बुझाउनुपरेको उजुरी धेरै आउने गरेको छ,' उनले भने, 'यस्ता समस्यालाई कसरी व्यवस्थापन गर्ने भन्नेबारे छलफल हुन्छ। ÷

यसरी सरकारी नीतिनियम म्यानपावरले लागु नगरी विदेशमा नेपाली पठाउँदा फ्री भिसा फ्री टिकट भन्दै उक्त कामदारबाट १० हजार लिएको रसिद बनाएर अरू पैसा 'चोरबाटोबाट नगदनै लिने गरेका छन्, जसको कुनै औपचारिक अभिलेख हुन्न।

यसरी बिदेसिने क्रममा नेपालीले नेपालीलाई ठगिरहेको जानकारी भए पनि सम्बन्धित निकाय मौनता साँधिरहेका हुन्छन्। सम्बन्धित देशबाट भिसा र टिकट आएपछि वैदेशिक रोजगारीमा जाने कामदारसँग म्यानपावरले ७० हजारदेखि ५ लाखसम्म असुल्दै आएका छन्। सरकारले फ्री भिसा र फ्री टिकट लागु गरेको देश जाने कामदारसँग म्यानपावरले धेरै पैसा लिएको उजुरीसहित पीडितहरू वैदेशिक रोजगार विभागमा धाउने गरेका छन्।

'फ्री भिसा र फ्री टिकटको लाभ सरकार तथा कामदार दुवैले लिन सकेका छैनन्,' सूचना अधिकारी उप्रेतीले भने, 'तर राज्यले दिने श्रम स्वीकृतिका आधारमा हेर्ने हो भने वास्तवमा फ्री भिसा र फ्री टिकटमै कामदार गइरहेको हो कि जस्तो पनि देखिन्छ।

विभागले फ्री भिसा र फ्री टिकटका नाममा धेरै पैसा लिने म्यानपावर र एजेन्टलाई कारबाही गर्दै आएको दाबी उप्रेतीले गरे। 'वैदेशिक रोजगार जाने कामदारसँग कति पैसा लिने गरेको छ भनी विभागबाट अनुगमनमा खटिएको टोलीले म्यानपावरसँग सोध्दा १० हजार लिएको रसिद देखाउँछन् तर त्यो वास्तविक भने होइन,' उनले भने, 'धेरै रकम म्यानपावरले लिए पनि सरकारले तोकेको रसिद मात्र कामदारलाई दिने गरेको देखिन्छ। रोजगारीको खोजीमा विदेश जाने कामदार स्वयं पनि यसमा जिम्मेवारी छन्। कामदार विदेश जानुअघि लाखौं तिर्न पनि तयार हुन्छन्। समस्यामा परेपछि विदेशमा गएपछि चाँही भनेको जस्तो काम नपाएपछि मात्र यति रकम एजेन्ट र म्यानपावरलाई तिरेको भन्दै विभागमा उजुरी दिन आउँछन्।'
सरकारले निर्धारण गरेभन्दा बढी पैसा लिएको खण्डमा विभागले कारबाही गर्न सक्छ। कोही कामदार फ्री भिसा र फ्री टिकटमा विदेश गएका छन् भने कतिले ५ लाख रूपैयाँ पनि तिरेका छन्। यसलाई निर्मूल पार्न देशमै राम्रो रोजगारको अवसर सिर्जना गर्नुपर्छ। नियमनका लागि विभाग छँदैछ। हामीले अनुगमन पनि गरिरहेकै छौं। विभागमा भएका उजुरीलाई कारबाही प्रक्रियामा पनि लगेकै छौं। मन्त्रालयका जिम्मेवारी वहन गर्ने पदाधिकारीले यसलाई मनन गरे सबैलाई सहज हुन्छ। (सविता खड्काको रिपोर्टिङ नागरिक दैनिक २७ आश्विन २०८०)
यो रिपोर्ट वास्तविक हो । यसै भएर वैदेशिक रोजगारमा जानेसंग म्यानपावर कम्पनीले कस्तो रोजगारको लागि कति रकम लिन पाउने हो भन्ने कुरा फ्रीभिषा फ्री टिकटको समेत हिसाब गरेर तोकि दिनु नै सरोकारवाला व्यक्ति नठगिने उपाय हुन सक्छ । यस सम्बन्धमा अविलम्ब सरकारले व्यवसायीसंग समेत सल्लाह गरेर यकीन रकम तोकि दिनु पर्दछ।

४. <u>कृषि ऋण प्राप्तिमा कठिनाइः</u>

मल, बिउ, खेती लगायत लगायत कार्यका लागि कृषि ऋण सुलभ हुन नसके उत्पादन वृध्दिमा कठिनाइ हुने :

कृषि ऋण प्राप्तिमा न्यून वर्गका किसान लक्षित विशेष कार्यक्रमहरू संचालन गरिनुपर्ने।

किसानले मागअनुसार कृषि ऋण पाएका छैनन्। बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर व्यावसायिक रूपमै खेती गर्न चाहने करिब सवा ९ लाख किसानले कृषि ऋण नपाएको एक सरकारी अध्ययनले देखाएको छ। कृषि क्षेत्रमा पर्याप्त लगानी हुन नसक्दा उत्पादन बढ्न सकेको छैन।

राष्ट्रिय तथ्यांक कार्यालयले गत साता सार्वजनिक गरेकोकृषि गणना—२०७८ अनुसार कृषि कार्यका लागि थप ऋण आवश्यक रहेको ठान्ने कृषक परिवारको संख्या १४ लाख १५ हजार रहे पनि त्यस किसिमको ऋण पाउने कृषक परिवारको संख्या ४ लाख ८३ हजार मात्र छ। ९ लाख ३२ हजार किसान परिवार भने कृषि ऋणबाट वञ्चित छन्।

ग्रामीण क्षेत्रमा धितो कम हुने, किसानलाई बैंकहरूले विश्वास नमान्ने, कृषि क्षेत्रको लगानीलाई जोखिम ठान्ने कारणले आफूहरूले ऋण नपाएको किसानहरूको गुनासो छ।

२०८३ असारसम्म बैंकहरूले कर्जाको १५ प्रतिशत कृषि क्षेत्रमा लगानी गर्नुपर्छ। बैंकहरूले कृषिमा लगानी त गरेका छन् तर त्यो कहाँकहाँ छ भन्ने प्रश्न उठेको छ।

नेपालमा बसोबास गर्ने परिवारको संख्या ६७ लाख ६१ हजार ५९ छ। जसमध्ये ४१ लाख ३० हजार किसान परिवार छन्। परम्परागत खेती गर्दै आएका किसानलाई सहुलियत दरमा कृषि कर्जा उपलब्ध गराएर कृषि उत्पादन बढाउने सरकारले योजना बनाए पनि ऋण लिएर कृषि कर्म गर्न किसान हच्किएको तथ्यांकले देखाएको छ। किसानको बैंक तथा वित्तीय संस्थामा ऋण लिनेको पहुँच पनि न्यून देखिएको छ।

ऋण लिन चाहने किसानको बैंकमा पहुँच छैन। धेरैले सहकारी आफन्त, महिला समूह, साहुसँग लिएर काम चलाएका छन्। ऋण लिएका किसान परिवारमध्ये ३९ प्रतिशतले सहकारीबाट, १४ प्रतिशतले आफन्तसँग, १४ प्रतिशतले महिला समूहबाट ऋण लिएका छन्। बैंकबाट ऋण लिनेको संख्या न्यून रहेको छ। आर्थिक वर्ष २०७९/८० सम्म बैंकबाट ऋण लिने किसानको संख्या ६० हजार ३५० रहेको छ। नेपाल राष्ट्र बैंकका अनुसार करिब ६ खर्ब रूपैयाँ हाराहारी बैंकहरूमार्फत कृषि क्षेत्रमा लगानी भएको छ।

आर्थिक वर्ष २०७९/८० मा कृषि तथा पशुपन्छी व्यवसाय सहुलियतपूर्ण कर्जाअन्तर्गत ६० हजार ३५० ऋणीलाई १ खर्ब ३५ अर्ब ७६ करोड कर्जा प्रवाह भएको छ। आव २०७८/७९ मा कृषि तथा पशुपन्छी व्यवसाय सहुलियत कर्जाअन्तर्गत ६० हजार ५४५ ऋणीलाई १ खर्ब ३९ अर्ब २३ करोड रूपैयाँ कर्जा प्रवाह भएको छ।

आव २०७८/७९ को तुलनामा २०७९/८० मा ३ अर्ब ४७ करोड रूपैयाँ कृषि कर्जा प्रवाह घटेको छ। चालु आवको साउन मसान्तसम्म कृषि तथा पशुपन्छी सहुलियत व्यवसाय कर्जाअन्तर्गत ५९ हजार ९१९ ऋणीलाई १ खर्ब ३५ अर्ब ७७ करोड रूपैयाँ कर्जा प्रवाह भएको छ। कृषि गणनाअनुसार देशका कुल किसान परिवारमध्ये १२ प्रतिशत अर्थात् ४ लाख ८३ हजारले कृषि कर्मका लागि ऋण लिने गरेका छन्।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुणाखर भट्टले भने कृषि क्षेत्रमा कर्जा बढ्दै गएको बताउँछन्। उनका अनुसार २०८३ असारसम्म बैंकहरूले लगानी गर्ने कर्जाको १५ प्रतिशत कृषि क्षेत्रमा लगानी गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ।

'बैंकहरूले कुल कर्जाको १३ प्रतिशत कृषिमा लगानी गरेका छन्,' उनले भने, 'बरु त्यो कर्जा कहाँकहाँ लगानी भयो भन्ने प्रश्न उठेको छ। कृषि तथा पशुपालन क्षेत्रमा ठूलो कर्जा लगानी भए पनि उत्पादन र उत्पादकत्व वृद्धि नहुँदा त्यो खोजीको विषय भएको प्रवक्ता भट्टले बताए। कृषिमा पर्याप्त लगानी नहुँदा उत्पादन बढ्न सकेको छैन।

भन्सार विभागका अनुसार अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्ष २०७९/८० मा २ खर्ब ४२ अर्ब रूपैयाँका कृषि तथा पशुजन्य वस्तु आयात भएको छ। (नागरिक दैनिक २ आश्विन २०८०)

<u>दुई खर्ब सहुलियतपूर्ण कर्जा बक्यौता :</u>

सहुलियतपूर्ण कर्जा लिएका ऋणीहरूले समयमा नतिरेपछि कर्जा बापतको करिब दुई खर्ब रूपैयाँ बक्यौता रहेको छ। नेपाल राष्ट्र बैंकको नियम अनुसार बैंकहरूले करिब दुई खर्ब रूपैयाँ सहुलियत कर्जा प्रदान गरेका छन्। विभिन्न बैंकहरूबाट एक लाख ४५ हजार दुई सय २५ ऋणीले एक खर्ब ९६ अर्ब ३६ करोड सहुलियतपूर्ण कर्जा लिएको राष्ट्र बैंकले जनाएको छ।

सरकारले व्यावसायिक कृषि तथा पशुपक्षी, शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवा परियोजना, महिला उद्यमशील, दलित समुदाय व्यवसाय विकास, उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा र भूकम्प पीडितको निजी आवास निर्माणमा सहुलियतपूर्ण कर्जा दिँदै आएको छ।

अन्यको तुलनामा सहुलियतपूर्ण कर्जाको माग कृषि क्षेत्रमा बढी छ। किसानले कर्जा माग गरे पनि नपाएको गुनासो गरेका छन्।

सहुलियतपूर्ण कर्जा लिनेलाई राष्ट्र बैंकले ब्याजमा अनुदान दिने गर्छ। बजारको भन्दा सस्तो ब्याजदरमा कर्जा पाइने भएकाले पछिल्ला दिनमा सहुलियतपूर्ण कर्जाको माग बढ्दै गएको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्। स्थानीय स्तरमा उत्पादन गर्न सकिने खाद्यान्न पनि आयात गर्न थालिएपछि कृषि र पशुपालनमा जोड दिन सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गरिएको हो तर कृषि कर्ममा लागेकाहरूले सहजै त्यस्तो सुविधा नपाएको गुनासो गर्दै आएका छन्।

राष्ट्रिय तथ्यांक विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार कृषि कार्य गरिरहेका किसानले भने कर्जा नपाएको देखिएको छ। कृषक परिवारको संख्या १४ लाख १५ हजार रहे पनि कृषि ऋण लिने कृषक परिवारको संख्या ४ लाख ८३ हजार मात्र रहेको छ। नौ लाख ३२ हजार किसान परिवारले ऋण पाएका छैनन्। कृषिमा लगानी गरेर उत्पादन गर्छु भन्ने किसानले ऋण नपाएको राष्ट्रिय कृषक समूह महासंघका संस्थापक अध्यक्ष उद्धव अधिकारी बताउँछन्। आर्थिक वर्ष २०७९/८० मा कृषि तथा पशुपक्षी व्यवसाय सहुलियतपूर्ण कर्जा अन्तर्गत ६० हजार ३ सय ५० ऋणीलाई एक खर्ब ३५ अर्ब ७६ करोड कर्जा प्रवाह भएको छ। आव २०७८/७९ मा कृषि तथा पशुपक्षी व्यवसाय सहुलियत कर्जा अन्तर्गत ६० हजार पाँच सय ४५ ऋणीलाई एक खर्ब ३९ अर्ब २३ करोड रूपैयाँ कर्जा प्रवाह भएको थियो। आव २०७८/७९ को तुलनामा २०७९/८० मा तीन अर्ब ४७ करोड रूपैयाँ कृषि कर्जा प्रवाह घटेको छ। (नागरिक दैनिक ४ आश्विन २०८०)

यसप्रकार यत्रो ऋण प्रवाह हुँदा पनि खास किसानले ऋण पाएका छैनन् भन्ने वित्तीय नीति निर्माता नेपाल राष्ट्र बैंकको भनाइ रहेको पाइन्छ। अनुचित लेनदेन मिटरब्याज पीडितले पनि पाउन सक्ने अवस्था देखिन आएन ।

हुनेखाने र प्रभावशालीले नै सरकारी ब्याज सहुलियतको दुरुपयोग गरिरहेका छन्। कतिले राजीतिक प्रभाव र दवावमा सहुलियत ब्याज र अनुदानको लागिनै कृषि उद्योग देखाएर देश ठग्ने काम गरिरहेका छन्। आयोगले अध्ययन गरिरहेको क्षेत्र भनेको खास गरी अनुचित लेनदेन मिटर ब्याज पीडित झापा,मोरङ, सुनसरी, मधेश प्रदेशका ८ जिल्ला, प नवलपरासी, रुपन्देही,कपिलवस्तु, बर्दिया,दाङ र कैलाली गरी १७ जिल्ला हुन्। यी जिल्लाका गरिबीको रेखामुनीका किसानले सरल रुपमा सरकारी नीति भित्रको सहुलियत कर्जा पाउने प्रवन्ध केन्द्रीय बैङ्कको रुपमा रहेको नेपाल राष्ट्र बैङ्कसँग मिलेर नीति बनाउनु पर्दछ। जुन नीति कार्यान्वयनमा आएमा गरीब किसानले मिटर ब्याजी महाजनको चङगुलमा पर्नु पर्ने थिएन। कृषकलाइ सहुलियत ऋण दिलाउने नीति पहिले देखिनै रहे भएतापनि कृषकले सहुलियत ऋण पाउन सजिलो छैन। कृषकलाइ दिएको ऋण असूल हुन नसक्ने भएकाले बैकहरुका स्थानीय मेनेजरहरुले ऋण दिलाउन उदाशीन रहने गरेको पाइयो। ऋण असूल नगरेकोमा मेनेजरकै मूल्याङ्कन नकारात्मक हुने भएकाले ऋण नै नदिने तर्फ लागेको देखिन आयो।

बैंकहरुको ब्याज पनि हर्जाना जरिवाना गरेर २५।३० प्रतिशतभन्दा बढी हुन जाने भएकाले बैङ्कलाइ नै मिटरब्याजी भनी आरोप लगाउन थालिएको पाइन्छ। कतिपय साहुहरुले पनि बैंकले भन्दा कम ब्याज लिएको जिकिर आयोग समक्ष गरेको पाइन्छ।

कृषि विकास बैक कृषकको हितको लागि २०२१ सालमा भूमिसुधार लागु भएपछि धर्म भकारी, वचत संस्थान हुँदै कृषि विकास वैङ्क भएकोमा अहिले बाणिज्य बैक हुन पुगेको छ। ग्रामीण र कृषि विकासमा मात्र केन्द्रित गरेर अन्न, दुग्ध,मासु र फलफूल उत्पादनमा देशलाइ आत्म निर्भर गराउनेतिर लाग्नु पर्नेमा मूल नीति र लक्ष्यभन्दा बाहिर बाणिज्य बैङ्क भएर नाफा कमाउनेतिर लागेको पाइन्छ। राज्यले यो बैंकलाइ नाफातिर मात्र केन्द्रीत गराउने कि समग्रमा कृषि क्षेत्रमा उत्पादन बढाउन लगानी गर्नेतिर लगाउने हो भन्नेतिर सोचिनु पर्ने भएको छ।

अन्य बाणिज्य बैङ्कहरु, विकास बैंकहरु, वित्तिय संस्थाहरुलाइ पनि कृषि क्षेत्रमा लगानी गर्न राष्ट्र बैंङ्कले सीमा तोकि दिएको हुन्छ। तर झण्झटिलो प्रकृयाले गर्दा गरीब किसानहरुले त्यस्तो सहुलियत ब्याजको ऋण पाउन सक्दैनन्। १० करोड ऋण लिन र गरिब किसानले १।२ लाख ऋण लिन एउटै लामो प्रकृया अपनाउनु पर्ने रहेछ।

कतिपय अवस्थामा सवारी साधन र घर कर्जामा ६ प्रतिशत ब्याज तोकिएको अवस्थामा कृषि ऋणमा ८।९ प्रतिशतभन्दा बढी ब्याज थियो भन्ने गुनासो पाइयो।

सरकारले नै कृषि ऋणलाइ व्यवहारमा प्राथमिकता दिएको देखिन आएन।

खेतीपाती, मल बिउ औजार, कृषि उद्यम,फलोद्यान, जुस, ग्रामीण स्तरमा साना कोल्ड स्टोर आदीको लागि दुरुपयोग हुन नपाउने गरी ऋण सुविधाको व्यवस्था यी बैंङ्क मार्फत सरकारले दिलाउनु पर्दछ।

गरीब किसानले खेतीपाती, मल बिउ खरिदको लागि उसको खेती गर्ने जग्गाको क्षेत्रफलको आधारमा २ लाखसम्म ऋण जग्गाको लालपुर्जा नभएमा नागरिकताको प्रमाणपत्र धरौटी राखेर दिने प्रणाली विकास गरिनु पर्दछ।

गरिब किसानका सन्तानको उच्च शिक्षाको लागि पनि शैक्षिक संस्थालाइ नै भुक्तानी दिने गरी बढीमा २ लाखसम्म ऋण दिने व्यवस्था गरिनु पर्दछ।

गरीबका रेखा मुनीका किसान र गरिब जनताको लागि काम अनुसार ऋणको प्रवन्ध स्थानीय सरकारले पनि गरिदिनु पर्दछ।

<u>सामाजिक व्यवहारमा फजुल खर्चले गरीब पिसिएकाः</u>

१. जन्म, पास्नी, ब्रतवन्ध, बिबाह र मरण जस्ता सामाजिक संस्कारका कार्य गर्न समेत धेरै रकम खर्च हुने गरेको पाइन्छ।

२०३३ सालमा सामाजिक व्यवहार सुधार ऐन प्रारम्भ भएपछि केही वर्षसम्म बिबाह ब्रतबन्ध लगायत सामाजिक व्यवहारमा कानून कार्यान्वयन भएर केही नियमन भएको थियो।

२. जन्तिमा नियन्त्रण, भोज खुवाउने, जन्तिको संख्यामा नियन्त्रण भएको थियो। तर अहिले सामान्य व्यवहारमा पनि हुने खाने र सक्नेले हजारौं हजारलाइ पार्टिप्यालेसमा भोज दिन्छन्। अनि समाजमा त्यही देखासिकीले गर्दा गरिब र नसक्नेले पनि बाध्यताबस सामाजिक व्यवहार चलाउन पर्ने भएको छ। ब्यक्तिहरुको भोजमा नै दशौं लाख खर्च हुने गर्दछ।

३. मधेशमा बिबाहमा तिलक र अन्यत्र दाइजोले गरीब र मध्यम वर्गलाइ सताएको छ। यो कानून कार्यान्वयन र नियमनमा समयानुकूल पुनर्विचार गर्नु पर्ने तिर सरकारले सोच्नु पर्दछ।

४. कृषि विकास बैंक/साना किसान सेवा जस्ता बैंक/वित्तीय संस्थाहरूलाई गरीबमैत्री कार्यक्रम ल्याउन लगाई कृषक सहकारी संस्था गठन गरी सो मार्फत् यसको भरपर्दो अनुगमन संयन्त्रमार्फत् अनुगमनको व्यवस्था मिलाइनु पर्ने। कम्तिमा जम्मा लगानीको १५% रकम कृषक र गरीबलाई लगानी गर्नैपर्ने अनिवार्य कानुनी व्यवस्थाको दुरुपयोग भइ रहेको छ। गरिब र किसानको नाममा हुनेखाने पहुँचवालाले ऋण दुरुपयोग गरिरहेको तिर नेपाल राष्ट्र बैङ्कले नियमनकारी कार्य गर्नु पर्दछ।

- गरिबको नाममा सहुलियत कर्जा दुरुपयोग हुनु भएन। भएकोमा कानूनी कारबाही गरिनु पर्दछ। सरकारले राष्ट्र बैङ्कमार्फत अनुगमन गरी कारबाही गराउनु पर्दछ।

५. निजी क्षेत्रबाट संचालित बैंक/वित्तीय संस्थाहरूमा अनिवार्य रुपमा गरीब लक्षित कार्यक्रमहरू राख्न लगाइनु पर्ने।

विगतमा राखिएका यस्ता कार्यक्रमहरूसमेत अनुगमन संयन्त्र भरपर्दो नहुँदा निजी बैंक/वित्तीय संस्थाहरूले त्यस्ता कार्यक्रमहरू प्रभावकारीरुपमा संचालन नगरेको भन्ने तथ्यसमेत लाई महसुस गरी प्रभावकारी अनुगमन संयन्त्रद्वारा अनुगमनको व्यवस्था मिलाउने।

६. भड्किलो रुपमा सामाजिक रीतिरिवाज मनाउने प्रचलनलाई न्यूनीकरण गर्न पालिका/वडाहरूले जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने। भड्किलो सामाजिक संस्कार गर्ने गराउने व्यक्तिहरूलाई राज्यको सेवा सुविधा पाएको भए कट्टा गर्ने र नपाएको भए नदिने।

७. दाइजो प्रथा लगायत विवाहमा गरिने अनावश्यक प्रतिस्पर्धालाइ न्यूनीकरण गर्न पालिका/वडाहरूले विशेष जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने।

८. प्रचलित केही सामाजिक व्यवहार सुधार ऐन, २०३३ लाई समयानुकूल अद्यावधिकरणका साथै आवश्यक संशोधन गरी कार्यान्वयनमा ल्याउने। यदि यो ऐनमा समय सापेक्ष सुधार समेत गरी ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनुपर्ने।
९. अनुचित लेनदेनका कारण साहुले अदालतमा मुद्दा दायर गरी पीडित (ऋणी) का घरजग्गासमेत आफ्नो नाममा कायम गर्ने प्रयोजनका लागि अदालतबाट फैसला कार्यान्वयनसमेत गरी घरबारविहीन अवस्थामा पुऱ्याएको पुष्टि हुन आएमा त्यस्ता व्यक्तिहरूलाई स्थानीय तहको सिफारिशमा राज्यबाट गठित भूमि (सुकुम्बासी)आयोगमार्फत् प्राथमिकतामा राखी घरबासको लागि आवश्यक जग्गा प्रदान गर्ने र घरका लागि सहुलियत पूर्ण ऋण (निर्व्याजी) उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने।

<u>पीडकलाइ कारबाहीको लागि अपनाउनु पर्ने कानूनी प्रकृया:</u>

आयोग गठन हुँदा कार्यदिशको **दफा २ (ग) मा अनुचित लेनदेन गर्ने पीडकलाइ प्रचलित कानून बमोजिम कारबाही र सजाय गर्नको लागि सिफारिश गर्ने** भन्ने परेकोमा त्यस कार्यदिशको सम्बन्धमा यस प्रकार सुझाव पेश गरिएको छ ।

पीडकलाई कारवाहीको सिफारिश

यस आयोग गठन हुँदाका अवस्थामा उपरोक्त उल्लेखित बुँदा समेत यस आयोगको कार्यदिशमा समेटिएको थियो । यसै कार्यदिशको भावना बमोजिम हरेक जिल्ला प्रशासन कार्यालयमा यस आयोगको सिफारिशमा सहायक प्र.जि.अ. हरुको संयोजकत्वमा सहयोगी कार्यदल गठन भएका छन् । उक्त कार्यदलले जिल्ला प्रशासन कार्यालयमा पीडितहरुबाट दर्ता हुन आएका निवेदनहरुलाई दर्ता क्रमको आधारमा पीडित र विपक्षी वीचमा छलफल गर्न लगाई वास्तविक ऋण रकमको सांवा र कानून बमोजिमको व्याज साहूहरुलाई दिलाई भराई दिने सम्बन्धमा सहमति गराउने कार्य गरिरहेको अवस्था छ । यसरी साहू र ऋणी अर्थात् निवेदक र विपक्षी वीच आपसी छलफल द्वारा विवादको समाधान भएमा दुवै पक्ष वीच आपसी भाईचारा र सामाजिक सद्भाव कायमै रहने, आपसमा सौहार्द्रता, आत्मियता र मित्रवत सम्बन्ध रहन गई रागद्वेष र कलुषित भावना हट्ने र दुवै पक्षको जीत हुने र समाजमा स्थायी शान्ति, सद्भाव र अमनचयन बढ्ने उद्देश्यले यस आयोगले निवेदक र विपक्षी वीच एक आपसमा छलफल गरी घरसारमा भएका लेनदेनमा सहमति गर्न कार्यदलले सहजिकरण गर्ने व्यवस्था मिलाईएको छ । यसरी निवेदक र विपक्षी वीच पटकपटक वा ३ पटक सम्म छलफल गराउँदा पनि सहमति नभएमा वा विपक्षीले पीडित उपर अदालतमा मुद्दा दायर गरी छलफल गर्न अटेर गरेमा कार्यदलबाट त्यस्ता विपक्षी वा साहू महाजन उपर पीडित अर्थात् निवेदकलाई साविकको प्रचलित मुलुकी अपराध संहिताको ठगी सम्बन्धी प्रकरणको उपयुक्त दफा २४९ वा २५२,

२५३ तथा हालको मुलुकी अपराध संहिताको दफा २४९(क) मा वर्णित कसुर बमोजिम जिल्ला प्रहरी कार्यालय वा नजिकको इलाका प्रहरी कार्यालयहरुमा गई जाहेरी दिई सूचित गरी त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयहरुलाई दिनुपर्ने गरी यस आयोगबाट कार्यदलहरुलाई सुझाव दिइएको अवस्था छ । कार्यदलहरुले आफू समक्ष छलफल भएका निवेदनहरुमा सहमति नभएको अवस्थामा त्यस्ता प्रत्येक निवेदक र विपक्षीहरुको नाम, ठेगाना उल्लेख गरी पीडित र जिल्ला प्रहरी कार्यालयलाई जानकारी दिने व्यवस्था गर्न लेखि पठाए बमोजिम मधेशका ८ जिल्लाहरुमा प्रहरी कार्यालयहरुबाट पीडक उपर कानूनी कारवाही गर्ने कार्य प्रारम्भ समेत भै सकेको छ। अत: छलफलबाट सहमति हुन नसकेका निवेदकहरुको जाहेरी उपर जिल्ला प्रहरी कार्यालय वा इलाका प्रहरी कार्यालयहरुले प्रचलित कानून बमोजिम अनुसन्धान, तहकिकात सम्पन्न गरी जिल्ला सरकारी वकील कार्यालयमा अनुसन्धान प्रतिवेदन पेश गर्ने र जिल्ला सरकारी वकीलले अभियोग पत्र तयार गरी जिल्ला अदालतमा मुद्दा दायर गर्ने गरिएको र अदालतहरुबाट पनि त्यस्ता अनुचित लेनदेन सम्बन्धी मुद्दामा विपक्षीहरुलाई थुनामा राखेर पुर्पक्ष गर्ने वा धरौटीमा राख्ने गरी मुद्दाको पुर्पक्ष गर्ने आदेश भईरहेको अवस्था छ।

त्यसैले अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धमा २८००० उजुरी पर्न आए। त्यसमध्ये करिब ५२०० पाँच हजार दुइ सय निवेदकको आपसी मिलापत्रबाट सहमती भयो । सहमती हुन नसकेका बाँकी निवेदनको सम्बन्धमा आयोगको सुझाव बमोजिम प्रजिअलाई मिलापत्र गराउने गरी अविलम्ब प्रचलित कानूनमा समसामयिक संशोधन गर्नुपर्ने अवस्था छ । छलफलद्वारा सहमति अर्थात् मिलापत्र हुन सकेका बाहेक मिलापत्र गर्न नमानेका पीडकहरु (साहुहरु) को हकमा माथि लेखिए बमोजिम साविकको प्रचलित मुलुकी अपराध संहिताको ठगी सम्बन्धी प्रकरणको दफा २४९ वा २५२,२५३ तथा हालको मुलुकी अपराध संहिताको संशोधित दफा २४९ (क) बमोजिम पीडितको जाहेरी लिएर प्रहरीले अनुसन्धान तहकिकात सम्पन्न गरी सरकारी वकील समक्ष पेश गरेको अनुसन्धान प्रतिवेदन बमोजिम सरकारी वकीलले जिल्ला अदालतमा मुद्दा चलाउनु पर्दछ । कानूनी राज्य भएकाले मुद्दा लगाउँदा कानूनको रीत पुऱ्याएर गर्नु पर्ने हुन्छ । कानूनी रीत नपुगेमा मुद्दा कमजोर हुन गई सफलता नमिल्ने तर्फ प्रहरी र सरकारी वकीलहरु सचेत रहनु पर्दछ ।

<u>लघुवित्त कर्जा सम्बन्धमा:</u>
अनुचित लेनदेन मिटर ब्याज पीडित क्षेत्रमा पनि कर्जाको सुविधा भएमा पीडितको सम्बोधन हुने थियो । लघुवित्त कर्जा उनीहरुको लागि पनि आवश्यक नै छ । तर लघुवित्तको केही समस्या देखिएकाले तिनको सम्बोधन हुनु पर्दछ । लघुवित्त सम्बन्धी केही नयाँ तथ्यहरु यस प्रकार देखिन आए।

पिछडिएका नागरिकको लागि सजिलोसंग कर्जा प्राप्त गरेर आय आर्जन गर्ने गराउने उद्देश्ले लघुवित्त कार्यक्रम ल्याइयो । अनुचित लेनदेन अर्थात् मिटर ब्याजले जनताको घरखेत खाएर बिचल्ली पारे जस्तै लघुवित्तले पनि ऋणीको बिल्लीबाठ बनाएको खवर बराबर सार्वजनिक हुँदै आएको पाइन्छ । लघुवित्त पीडितहरुको धर्ना र जुलुसले लघुवित्त नियमनकर्ता राष्ट्रबैंकले समस्याको चूरो पत्ता लगाउन टोली गठन गरेर हालै अध्ययन गरायो ।

लघुवित्त सम्बन्धमा तलका केही तथ्यहरु बाहिरिएका पाइयो ।

चार वर्ष अघिसम्म ९१ वटा लघुवित्त नेपाल राष्ट्र बैंकबाट लाइसेन्स लिएर सञ्चालित थिए। मर्जर/एक्विजिसन नीतिपछि घटेर अहिले ५७ वटा यस्ता संस्था बैंकिङ बजारमा क्रियाशील छन्। तथापि, विकास वित्त (डेभेलपमेन्ट फाइनान्स) को यो लघु वा माइक्रो मोडलको विकास वित्त (डेभेलपमेन्ट फाइनान्स) को के उद्देश्य थियो, त्यो उद्देश्य कति हासिल भयो र त्यसले मुलुकको कुन आर्थिक—सामाजिक उत्थानको उद्देश्यलाई देखिने गरी सघाउन सक्यो भन्ने प्रश्न त अनुत्तरित छँदै छ, यसले लक्षित भनिएको वर्गको हितभन्दा बढी कतै अहित त गरेन भन्ने ज्वलन्त सवाल यतिखेर खडा भएको छ ।

बैंक तथा वित्तीय संस्थासम्बधी ऐन (बाफिया)—२०७३ को दफा ३२(५) ले राष्ट्र बैंकबाट इजाजत प्राप्त 'घ' वर्गका वित्तीय संस्थाले **'लघुवित्त वित्तीय संस्था नाम प्रयोग गर्ने'** उल्लेख भएबाहेक लघुवित्त भनेको के हो वा के चाहिँ होइन भन्ने कानुनी रूपमै प्रस्ट छैन। पहिले नै विकास बैंकका रूपमा सञ्चालित भएका, ऋण दिने एनजीओका रूपमा स्थापित भएकादेखि आकर्षक ब्याज—कमाइको लोभमा लघुवित्तकै नाममा ठूला वाणिज्य बैंकहरू आफैंले स्थापना गरेका सुदखोर संस्थाहरू सबै अहिले कानुनतः एउटै डालोमा अटाएका छन्।

पाँचै वटा विकास क्षेत्रमा सरकारी लगानीमा ग्रामीण विकास बैंकहरू स्थापनाको निर्णय गर्दा औपचारिक बैंकिङ सेवा नपुगेका गरिब र वित्तीय सेवाको बहिष्करणमा परेका जनतासम्म वित्तीय पहुँच (फाइनान्सियल एक्सेस) विस्तार गर्ने, बिनाधितो ऋण दिएर लघु उद्यमको प्रवर्द्धन गर्ने र गरिबी घटाउनेसहितका अन्तर्निहित लक्ष्य लिएको देखिन्छ। तर, सात वर्षअघि आएको 'बाफिया' ले यस्तो कुनै उद्देश्य किटेको छैन। यसको दफा ४९ को उपदफा ४(क) ले लघुवित्तले 'लघु व्यवसाय'लाई लघुकर्जा दिने उल्लेख छ। 'लघुउद्यम' शब्द मूल ऐनमा परेको छैन। तर अंग्रेजी अनुवादमा 'माइक्रो एन्टरप्राइजेज' भनिएको छ। यस्तै, उपदफा ४(घ) ले ऋण लिएर व्यवसाय गर्न चाहने 'समूहलाई आवश्यक पर्ने सेवा तथा परामर्श प्रदान गर्ने' उल्लेख गरेर 'कन्सल्टेन्सी' को भूमिका पनि लघुवित्त संस्थाहरूले नै गर्नुपर्ने तोकेको छ। एकातर्फ मूल परिभाषा नै प्रस्ट नपार्ने र अर्कातर्फ व्यवसाय सञ्चालनको 'कन्सल्टेन्सी' समेत ऋणदाताले नै गरिदिने अति अपेक्षाले सिर्जना गरेको दिशाहीनताको सिकार नेपालको सिंगै लघुवित्त क्षेत्र भएको छ ।

पछिल्लो तथ्यांक अनुसार, ५७ वटा लघुवित्त वित्तीय संस्थाका ५,१४२ शाखा छन्। २३ लाख ऋणीले कर्जा लिएका छन्। यो संख्या 'क' वर्गका वाणिज्य बैंकका शाखा संख्या ५,०१५ र १८ लाख ऋणी संख्याभन्दा सीमान्त मात्रै बढी हो। जबकि, वाणिज्य बैंकका शाखाहरू ७५३ वटै स्थानीय तहमा स्थापित भइसक्दा पनि १०० पालिकामा लघुवित्त संस्थाका शाखा खुलेका छैनन्। अथवा, बैंकहरूभन्दा पनि लघुवित्तहरू बढी सहरकेद्रित छन्। अहिले नीति–निर्माता, संस्थाका सञ्चालक र नियामकहरू समेतबाट यी संस्थाहरूको उपस्थितिकै कारण औपचारिक वित्तीय सेवाको सञ्जाल मुलुकका विकट स्थानहरूसम्म पुगेको, जनतामा बचतको बानी बसेको र बैंकिङ कारोबार सचेतना विस्तार भएको तर्क आइरहेका छन्। आर्थिक विकासमा भएको योगदानका तथ्यांकहरू विरलै छन्।

यसको अर्थ, यो सिंगो लघुवित्त प्रणाली र अभियान वास्तवमा वित्तीय साक्षरता अभियानमा मात्र सीमित भएको प्रमाणित हुन्छ। वास्तवमा, अहिलेसम्मको सम्पूर्ण अभ्यास साँचो अर्थमा 'लघुवित्त' प्रणालीको विकास नभएर 'लघुकर्जा' वितरणमा मात्र सीमित भयो जसले लघुबचत, लघुबिमा, लघुउद्यम आदिलाई बढोत्तरी गरेन। लघुवित्तको सर्वाधिक अपेक्षित आयाम भनेको यसले साना ताथा मझौला उद्योगको विस्तार र तिनलाई राष्ट्रिय औद्योगिकीकरणको 'इकोसिस्टम' सँग जोड्नु हो। यसतर्फ कुनै उल्लेख्य उपलब्धि हासिल भएको छैन।

राजनीतिक नेतृत्व र नीति–निर्माणको तहमा लघुवित्तप्रतिको अर्थहीन मोह अन्त्य हुनु जरुरी छ। प्रचार गरिएजस्तो यसले लघुउद्यम, गरिबी निवारण, वित्तीय पहुँच आदि कुनै पक्षमा पनि उल्लेख गर्न लायक योगदान गरेको छैन। यो सम्भवै थिएन। किनभने, कोषको लागत नै २० प्रतिशतभन्दा बढी पर्ने ऋण लिएर व्यावसायिक क्षमता र तालिम नभएका विपन्नले गर्ने व्यावसायिक लगानीले कुनै चामत्कारिक नाफा दिन कदापि सक्दैन। तसर्थ, नेपाल राष्ट्र बैंकजस्तो नियमनकारी संस्थाले यसको सुपरिवेक्षकीय क्षमतामा विस्तार, संस्थागत सुशासन, ब्याजदर सहुलियत आदि औजारबाट यसलाई सुधार्ने अवधारणा नै सबभन्दा पहिले त्याग्नुपर्छ। त्यसको विकल्पमा योजना बनाउनुपर्छ।

दोस्रो, अहिले सबै स्थानीय तहमा वाणिज्य बैंककै शाखाहरू पुगिसकेकाले ती क्षेत्र र जिल्लामा सक्रिय लघुवित्त संस्थाहरूले दिइरहेको सेवालाई वाणिज्य बैंकका ती शाखाहरूमार्फत नै दिने पद्धतिमा समाहित गर्नु आवश्यक छ। यसले लघुवित्तहरूलाई वाणिज्य बैंकहरूको ऋणदाता एजेन्टका रूपमा काम गरेर नाफा कमाउनुपर्ने र त्यसको भार अचाक्ली चर्को ब्याजदरका रूपमा ग्राहकले बेहोर्नुपर्ने अनुचित अभ्यासको अन्त्य गर्छ।

यस्तो समायोजना वा मर्जर स्वाभाविक किन पनि छ भने ५७ वटा क्रियाशील लघुवित्तमध्ये ४६ वटामा तिनै वाणिज्य बैंकको लगानी छ। कतिपय ती बैंकका सहायक कम्पनीकै रूपमा खडा भएका छन्। १ अर्बभन्दा ठूलो पुँजी भएका २० वटा लघुवित्तका हकमा 'ख' वा 'ग'

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९

वर्गका वित्तीय संस्थासरह हैसियत दिएर नियमन गर्ने वा मर्जर वा एक्विजिसनमा जान त्यहीअनुसार प्रोत्साहन गर्न सकिन्छ । (प्रा अच्युत वाग्ले, कान्तिपुर कार्तिक २७, २०८०)

<u>राष्ट्र बैंकको अध्ययन अनुसार</u>

संस्थाको उच्च विस्तार, निश्चित क्षेत्रमा संस्थाको अधिकेन्द्रीकरण, बहुबैंकिङ, केही ग्राहकमा ऋण ग्रस्तताको अवस्था, संस्थाहरूको कमजोर आन्तरिक नियन्त्रण प्रणाली, क्षमताभन्दा अत्यधिक विस्तारित प्रणाली, कमजोर संस्थागत सुशासन, बिग्रँदो कर्जा अनुशासन, लक्ष्य विचलन, ऋण नतिर्ने समस्यालगायतका कारणहरूले लघुवित्त संस्थामा दबाबको अवस्था आएका हुन् ।

<u>लघुवित्त वित्तीय संस्थाहरुबाट एउटै व्यक्तिले २३ संस्था र २९ खाताहरुबाट कर्जा लिएको पाइएको ।</u> अर्का एक ऋणीले १७ संस्थाबाट २२ खातामार्फत ५२ लाख कर्जा लिएको देखिन आएको छ । ऋणको दोहोरोपन अर्थात् बहुबैंकिङको समस्याले लघुवित्तमा विकराल रुप लिएको देखिएको । यसले ऋण लिने तर यसको भार धेरै हुँदा तिर्न नसक्ने र अन्ततः कतिपयले स्वतः मिनाहाको माग राख्दै आन्दोलनमा पनि उत्रिएका देखिएको । लघुवित्तमा कुल ३९ लाख ३५ हजार १७१ कर्जा खाता रहेका । १ हजारभन्दा कम रकमका ४ लाख १ हजार ८०६ खाता रहेको । २३ लाख १ हजार २९३ ऋणीका ३५ लाख ३३ हजार ३२५ कर्जा खाता रहेको । कुल ऋणीमध्ये ७०.४ प्रतिशतले १ मात्र खाताबाट, २७.८ ले २ देखि ५ खाता. १.५ प्रतिशतले ६ देखि १० खाताबाट र ०.२ प्रतिशतले १० भन्दा बढी खाताबाट कर्जा लगेको देखिन आयो । (ममता थापा अन्नपूर्ण पोष्ट २२ कार्तिक २०८०)

लघु वित्त वा कुनै पनि वित्तिय संस्थाबाट लिइने कर्जाको सम्बन्धमा प्रश्न उठ्छ कि ऋण के कामको लागि लिइन्छ ? अनि खर्च के मा गरिन्छ ?

कति प्रतिशत ऋणको सदुपयोग हुने गरेको छ ?

उत्पादनशील काममा लागेको छ वा छैन ?

घर खर्च गर्न र विलासी वा देखासिकी उपभोगको लागि त खर्च गर्ने गरिएको छेन ?

झुटमुट कारण देखाएर ऋण लिने गरिएको त छैन ? अधिकांशमा ऋण माग्ने र दिने नीति दूषित छ ।

नियमन प्रभावकारी हुन किन सकेन ? कसको कमजोरी ? नेपाल राष्ट्र वैंकको त होइन होला ?

लघु वित्तबाट लिएको कर्जाबाट लगानी कुन योजना वा के काममा प्रयोग गरियो भन्ने तिर हेरियो वा हेरिएन ? सदुपयोग गरियो वा गरिएन भन्ने निरीक्षणबाट देखिनु पर्नेमा नियमनकारी निकायबाट समयमै सम्बोधन नगरेकै कारणले मिटरब्याज र लघुवित्तमा समस्या माथि समस्या जेलिएको देखिन आयो ।

वित्तीय संस्थाबाट ऋण लिने घरपरिवार २५ प्रतिशत मात्र

ऋण लिनेमध्ये सबैभन्दा बढी मधेशमा २८.८८ र सबैभन्दा कम सुदूरपश्चिममा २१.९६ प्रतिशत रहेको एक अध्ययनले देखायो ।

कुल घरपरिवारमध्ये साढे १२ प्रतिशतमा कम्तीमा १ जना व्यक्ति प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिमवाला रहेका ।

विगतको तुलनामा नेपालमा वित्तीय सेवाको विस्तार तीव्र भए पनि अपर्याप्त रहेको।

नेपालभरका कुल घरपरिवारमध्ये करिब साढे २५ प्रतिशतले मात्र बैंक तथा वित्तीय संस्था र सहकारीबाट ऋण लिएको एक सरकारी प्रतिवेदनले देखाएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको 'राष्ट्रिय जनगणना २०७८ को विस्तृत नतिजा तथा विश्लेषणात्मक प्रतिवेदन' ले देशभरका कुल ६६ लाख ६० हजार ८ सय ४१ घरपरिवारमध्ये २५.५९ प्रतिशतले मात्र वित्तीय संस्था र सहकारीबाट ऋण लिएको देखाएको हो ।

'प्रदेशगत रूपमा हेर्दा बैंक तथा वित्तीय संस्था र सहकारीबाट ऋण लिने परिवार सबैभन्दा बढी मधेशमा २८.८८ र सबैभन्दा कम सुदूरपश्चिममा २१.९६ प्रतिशत देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'प्रदेशअनुसार हेर्दा त्यस्ता ऋण लिने परिवार सबैभन्दा बढी मधेशमा २८.८८ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिममा २१.९६ प्रतिशत देखिन्छ ।÷ यद्यपि साढे २५ प्रतिशतभन्दा बाहेक घरपरिवारले वित्तीय संस्थाबाट ऋण लिन पाएनन् वा उनीहरूको पहुँच पुगेन भन्ने रूपमा विश्लेषण गर्न नहुने तथ्यांक अधिकारीहरू बताउँछन् ।

देशभरका कुल घरपरिवारमध्ये ४१ लाख २२ हजार ६ सय ९० अर्थात् ६१.८९ प्रतिशत परिवारमा कम्तीमा १ जना सदस्यको बैंक तथा वित्तीय संस्थामा निक्षेप खाता रहेको प्रतिवेदनले देखाएको छ । 'कुल २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ जनसंख्यामध्ये ७४ लाख ९ हजार १ सय ८१ जना अर्थात् २५.५६ प्रतिशत व्यक्तिको बैंक तथा वित्तीय संस्था (सहकारी संस्थाबाहेक) मा कम्तीमा एउटा निक्षेप खाता रहेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'कुल १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ जना पुरुषमध्ये २६.४२ र कुल १ करोड ४९ लाख ११ हजार २७ जना महिलामध्ये २४.७४ प्रतिशतको बैंक तथा वित्तीय संस्थामा कम्तीमा एउटा खाता छ ।÷ (यज्ञ बञ्जाडे कान्तिपुर कार्तिक १५, २०८०)

लघुवित्तहरू सामाजिक बैंकिङभन्दा पनि कमर्सियल बैंकिङकै मोडेलमा अघि गए, नाफामै केन्द्रित भए, त्यसकै कारण अहिले समस्या आएको हो ।

लघुवित्त संस्थालाई नाफामूलक तथा कमर्सियल बैंकिङभन्दा पनि सामाजिक बैंकिङका रूपमा अघि बढाउनुपर्छ । समग्रमा लघुवित्त वित्तीय संस्थाहरूलाई लघुवित्तको परिभाषाअनुसार नै अघि बढाउनुपर्छ ।

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग

समाजमा ब्यांकएबल र गैरब्यांकएबल गरी दुई प्रकारका समुदाय हुन्छन् । एक, ब्यांकएबल समुदायसँग उद्यम, धितो, व्यावसायिक योजना हुन्छन् । जसले गर्दा उनीहरूले प्रत्यक्ष रूपमा कमर्सियल बैंकबाटै कर्जाजस्ता वित्तीय सेवा लिन सक्छन् । तर, समाजमा कुनै पनि अचल सम्पत्ति नभएका, व्यवसाय नभएका व्यक्ति पनि हुन्छन्, जोसँग बैंकमा राख्ने धितोसमेत हुँदैन । तर, उनीहरूलाई कर्जाजस्तो वित्तीय सेवा भने चाहिन्छ । बैंकमा राख्न धितो नहुँदा उनीहरू कमर्सियल बैंकको कर्जाजस्ता वित्तीय सेवाबाट वञ्चित हुन्छन् । साथै, उनीहरू जोखिम पनि लिन सक्दैनन् । त्यो अवस्थामा विपन्न वर्गका समुदायलाई समेत वित्तीय सेवा दिने उद्देश्यअनुसार सामाजिक बैंकिङको अवधारणामा विश्वबजारमै लघुवित्त आएको हो । नेपालमा पनि सामाजिक बैंकिङ अर्थात् गरिब, सीमान्तकृत, निम्नवर्गका समुदायमा वित्तीय सेवा पुऱ्याउने उद्देश्यअनुसार नै लघुवित्त वित्तीय संस्थाको स्थापना गरिएको हो । त्यस्ता समुदायमा वित्तीय पहुँच पुऱ्याउने, कर्जा विस्तार गर्ने उद्देश्यअनुसार नै राष्ट्र बैंकले लघुवित्तलाई सञ्चालनको अनुमति दिएको हो । सोही कारण नेपालमा वित्तीय पहुँच बढेको पनि छ, यो राम्रो पक्ष हो । तर, राष्ट्र बैंक कहाँ चुक्यो भने लघुवित्तलाई सामाजिक बैंकिङको मोडेलमा अघि बढाउन सकेन । लघुवित्तहरू सामाजिक बैंकिङभन्दा पनि कमर्सियल बैंकिङकै मोडेलमा अघि गए, उनीहरू नाफामै केन्द्रित भए । त्यसैले गर्दा अहिले यस्तो समस्या आएको हो । राष्ट्र बैंकले सुरुमै लघुवित्तका प्रमोटर (लगानीकर्ता)लाई तपाईंहरू नाफामा केन्द्रित हुने होइन, थोरै नाफामा सामाजिक बैंकिङ विस्तार गर्ने (गरिब, सीमान्तकृतलगायतका समुदायलाई वित्तीय सेवा दिने) भनेर तालिम नै दिनुपर्ने हो । तर, त्यो कुरा राष्ट्र बैंकले प्रमोटरलाई बुझाउन सकेन । स्थापित हुनका लागि लघुवित्त सुरुका केही समय कमर्सियल मोडेलमा अघि बढ्न आवश्यक थियो होला । तर, सधैंभरि नै त्यो मोडेल आवश्यक होइन । तर, लघुवित्तहरू वित्तीय रूपमै बलियोसँग स्थापित हुँदा पनि राष्ट्र बैंकले लघुवित्तलाई सामाजिक बैंकिङको मोडेलमा अघि बढाउन सकेन । लघुवित्त पनि 'क', 'ख', र 'ग' वर्गका बैंकजस्तै कमर्सियल मोडेलमै सञ्चालन भए । राष्ट्र बैंकले सामाजिक बैंकिङको रूपमा लघुवित्तलाई अघि बढाएको भए यो समस्या नै आउने थिएन ।

साथै, स्वयं लघुवित्त वित्तीय संस्था पनि सामाजिक बैंकिङ मोडेलमा अघि बढेनन् । सञ्चालकले प्रमुख कार्यकारी अधिकृत (सिइओ)लगायतका व्यवस्थापन समूह, शाखा प्रमुखलगायतका उच्चपदस्थ कर्मचारीलाई व्यवसाय तथा नाफा कमाउने टारगेट दिने प्रवृत्ति पनि देखियो । त्यसले गर्दा पनि लघुवित्त क्षेत्रमा समस्या देखिएको हो ।

सुरु—सुरुमा लघुवित्त क्षेत्रमा समस्या आएन । कमर्सियल बैंकको तुलनामा लघुवित्तको ब्याजदर यसै पनि बढी हुन्छ । त्यसमाथि नाफा कमाउने नाममा पहिला लघुवित्तले २३—२४ प्रतिशतसम्म ब्याज लिए । यद्यपि, राष्ट्र बैंकले पछि त्यसलाई नियन्त्रण गऱ्यो । तर पनि लघुवित्तको ब्याजदर उच्च नै छ । तर, उता ऋणीको कर्जा तिर्ने क्षमता कम भयो ।

उनीहरूले कर्जा लगेर उत्पादनमा लगानी गरेनन् । अधिकांश ऋण घरखर्चमै प्रयोग भयो । त्यसले गर्दा ऋणीहरूको ऋण तिर्ने क्षमता बढ्न सकेन । त्यसपछि उनीहरूले अर्को लघुवित्तबाट ऋण लिएर लघुवित्तकै ऋण तिर्न थाले । बिस्तारै–बिस्तारै मल्टिपल बैंकिङको समस्या व्यापक भयो । लघुवित्तहरू अल्पकालीन नाफामा केन्द्रित भए । त्यसले गर्दा समस्या देखिएको छ ।

ग्राहकलाई वाणिज्य बैंकबाट कर्जा पाउन योग्य बनाएर लघुवित्तले आफ्नो सेवा दिन छोड्नुपर्छ । तर, लघुवित्तहरू ग्राहकलाई सधैंभरि आफैं कर्जा दिएर लुट्ने रणनीतिमा अघि बढे । उनीहरूको क्षमता विकासमा सहयोग गरेनन् । यस कारण पनि समस्या आएको हो । अहिले कमर्सियल बैंकहरूले विपन्न क्षेत्रमा ५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने प्रावधान छ । तर पनि नेपालमा गरिबी निवारण भएको छैन । तसर्थ, अब त्यस्तो पैसा, सरकारका विभिन्न कोष भएको पैसा एकै ठाउँमा जम्मा गरेर एउटा विशेष कोष बनाउनुपर्छ र त्यही पैसामार्फत नै लघुवित्तले विपन्न क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्छ । त्यसो गर्दा लघुवित्तहरूमा तरलता अभावको समस्या हुँदैन । साथै, कर्जाको ब्याजदर सस्तो बनाउन पनि ठूलो सहयोग पुग्छ । साथै, लघुवित्तको मोडेल नै सामाजिक बैंकिङ बनाउनुपर्छ । लगानीकर्तालाई नै तिमीहरू नाफामूलक होइन, थोरै नाफामा विपन्न वर्गमा वित्तीय सेवा विस्तार गर्न कन्भिन्स गराउनुपर्छ । ***डा. शालिकराम पोखरेल, नयाँ पत्रिका २०८० मङ्सिर ५***

लघुवित्तमा एउटै व्यक्तिले २३ वटा संस्थाबाट २९ खाताबाट ऋण लिएको माथिको विवरणबाट देखिन आएको छ । ऋणमाथि ऋण तथा अर्को संस्थाको ऋण तिर्न पनि ऋण र जथाभावी उपभोगको लागि पनि ऋण लिने गरेको पाइन्छ । एक व्यक्तिले एउटा संस्थाको ऋण नतिरी अन्य बीसौंभन्दा बढी संस्थासंग ऋण लिन पाइने सुविधाले ऋणको दुरुपयोग हुने गरेकोमा विवाद छैन ।

लघुवित्त वित्तीय संस्थामा एकभन्दा बढी संस्थाबाट कर्जा लिन पाउने हालको व्यवस्था हटाएर अधिकतम तीन संस्थाबाट कर्जा लिन सकिने व्यवस्था गर्न राष्ट्र बैंकको एक अध्ययन प्रतिवेदनले सुझाएको छ ।

अहिले राष्ट्र बैंकको अध्ययन प्रतिवेदनलेनै ३ संस्थासंग ऋण लिन सुविधा दिने प्रस्ताव पनि विचारणीय छ । एक संस्थाबाट लिएको ऋण चुक्ता नगरी सो ऋण तिर्न नै अर्को संस्थाबाट ऋण लिन पाइने सुविधाले ऋणको दुरुपयोग हुनेमा अन्यथा भन्न सकिदैन ।

लघुवित्तका कमजोरी हटाएर मधेश प्रदेशका जिल्लामा पनि सन्चालन गरेमा मधेशका पिछडिएका गरीबको कल्याण हुने थियो । बाणिज्य बैंकहरुबाट ५ प्रतिशत लगानी पिछडिएका क्षेत्रमा गर्नु पर्ने प्रावधानलाइ मधेश क्षेत्रमा कार्यान्वयन गराउन सकेमा त्यही रकम मधेशका गरीबलाइ पनि ऋण दिंदा प्रयोग गराउने तिर राज्यको ध्यान जानु पर्दछ ।

बैङ्क, वित्तीय संस्था, सहकारी र लघुवित्तहरु धितो लिलाममा सकुयः

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९

आम सर्वसाधारण र गरीब समेतले बैङ्क, वित्तीय संस्था, सहकारी र लघुवित्तबाट ऋण लिने गरेको पाइन्छ । यी संस्थाहरुबाट ऋण दिएपछि गरीब र कारोबारीले पनि समयमा ऋण तिर्न सक्दैनन् । समयमा ऋण तिर्न बुझाउन नसकेपछि भाखा नाघ्ने वित्तिकै धितो राखेको जग्गालाइ लिलामीमा चढाइन्छ। लिलामीमा चढाइदा अधिकांशमा त्यतिबेला घर जग्गा सम्पत्तिको पुनः मूल्याङ्कन गरिदैन। पहिले ऋण लिँदा गरेको न्यून मूल्याङ्कनकै आधारमा कम मूल्यमा लिलाम गरिन्छ। मूल्याङ्कननै गरेको खण्डमा पनि देखावटी रुपमा कम नै मूल्याङ्कन गरिन्छ। चलनचल्तीको प्रचलित मोलमा मूल्याङ्कन गरिदैन। कम मोलमा लिलाम गरिँदा ती संस्था आफैले सकार गर्छन् । अनि एक दुइ वर्षभित्र सावाँ र ब्याजसम्म असूल गरेर देखावटी रुपमा संस्थालाइ नोक्सान नभएको पारेर आफ्नै मिलुवालाइ घर जग्गा बिक्री गर्छन्। यसरी मिलेमतोमा बिक्री गरिन्छ र मिलेमतोमा ऋणीको सम्पत्ति खाने गरिन्छ ।

यस प्रकार बैङ्क, वित्तीय संस्था, सहकारी र लघुवित्तहरुले ऋणीको धितो लिलाम गरी खाने प्रचलन बढेको छ। यस्तो बिकृति हटाउनको लागि निम्न सुझाव प्रस्तुत छः

१. पहिलो पटक भाखा नाघ्ने वित्तिकै लिलाममा चढाउनु भन्दा पहिले ऋणीलाइ साँवा ब्याज तिर्न बुझाउन पर्याप्त समय दिनु पर्दछ। पटक पटक मौका प्रदान गरिनु पर्दछ ।
२. मौका दिँदा पनि ऋण नबुझाएमा मात्र पुनः प्रचलित मोलमा मूल्याङ्कन गराएर मात्र प्रतिस्पर्धामा लिलाम गरिनु पर्दछ ।
३. लिलाममा कसैले नसकारेमा राष्ट्रिय स्तरका दैनिक ब्रोडसिट पत्रिकामा पुनः सूचना निकालेर अर्को पटक लिलाम गरिनु पर्दछ ।
४. दोस्रो पटक पनि लिलाममा कसैले नसकारेमा मात्र ती संस्थाले आफूले सकार गर्नु पर्दछ।
५. ती वित्तिय संस्थाले सकारेकोमा पनि मिलेमतोमा कसैलाइ विक्री गर्न नपाइने। पुनः लिलामको सूचना निकालेर लिलाम गराउनु पर्ने वाध्यात्मक प्रावधान कानूनी रुपमा बनाइनु पर्दछ ।
६. यस्तो कानूनी व्यवस्था गरेमा गरीब ऋणीका धितो ज्येथा जथाभावी लिलामी गरेर गरीब ऋणीलाइ धितो सम्पत्तिबाट बेदखल गर्ने काम हुन पाउने थिएन ।

कृषि ऋण अनुदान गरीब र साना किसानमा पुगेनः

अनुचित लेनदेन (मिटर ब्याज)पीडित समक्ष पुगेनः

धनी व्यापारीको पोल्टामा कृषि ऋणको अनुदानः

उत्पादनशील अर्थतन्त्र निर्माणका लागि उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्ने उद्देश्यले सरकारद्वारा ब्याज अनुदानको सहुलियत कर्जा कार्यक्रम सञ्चालनमा आएको हो ।

राज्यद्वारा महिला उद्यमशीलता कर्जामा ६ प्रतिशत र बाँकी नौ प्रकारको कर्जामा ५ प्रतिशत ब्याज अनुदान दिँदै आएको छ ।

कर्जा लक्षित वर्गमा नपुगेको, गलत प्रयोजनमा उपयोग भएको, लगानीअनुसार प्रतिफल प्राप्त हुन नसकेकोलगायत कारण देखाउँदै सरकारले चालु आर्थिक वर्षको बजेटमा कर्जा उपयोगिताबारे अध्ययन गर्ने घोषणा गरेको छ ।

सरकारले ०७५ सालदेखि औपचारिक रूपमा ब्याज अनुदानको सहुलियत कार्यक्रम सञ्चालन गरेको हो । सरकारको निर्देशनमा राष्ट्र बैंकले ०७५ कात्तिक २० मा 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि ०७५' जारी गरेको थियो । सुरुमा यो कर्जा स्वैच्छिक थियो ।

तर बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्न नमानेपछि राष्ट्र बैंकले संख्या नै तोकिदिएर अनिवार्य बनायो । दुई वर्षअघि फेरि स्वैच्छिक बनाइयो । कृषि तथा पशुपक्षी, शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवा परियोजना, महिला उद्यमशील, दलित समुदाय व्यवसाय विकास, उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा, भूकम्पपीडितको निजी आवास निर्माण, कपडा उद्योग, सीटीईभीटीबाट तालिम प्राप्त र युवा स्वरोजगार कर्जासहित १० प्रकारका कर्जाका लागि सरकारले ब्याज अनुदान दिँदै आएको थियो । यो कार्यक्रमअन्तर्गत गत असोजसम्म १ लाख ४२ हजार ३ सय ५ ऋणीलाई १ खर्ब ८७ अर्ब ८८ करोड कर्जा प्रवाह भएको छ । त्यसमध्ये ५८ हजार ५ सय ७० ऋणीले १ खर्ब ३१ अर्ब १० करोड रुपैयाँ कृषि तथा पशुपक्षी व्यवसायका लागि कर्जा लिएका हुन् । ८१ हजार १ सय २१ महिलाले ५४ अर्ब ३ करोड रुपैयाँ महिला उद्यमशील कर्जा लिएका छन् । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षकअन्तर्गत २ हजार ६ सय १४ ऋणीले लिएको २ अर्ब ७६ करोड कर्जा बक्यौता रहेको राष्ट्र बैंकको तथ्यांक छ ।

यो कार्यक्रम सुरु गरिँदा आन्तरिक कृषि उत्पादन बढ्ने, वैदेशिक रोजगारीबाट फर्केकालाई स्वदेशमै रोजगार दिन सकिने, महिला उद्यमीको संख्या बढ्ने, दलित समुदायद्वारा सञ्चालित व्यवसाय विस्तार हुने, प्राविधिक र व्यावसायिक शिक्षा लिएकाहरू स्वरोजगार बन्ने अपेक्षा थियो । तर पाँच वर्षको अवधिमा सहुलियत कर्जाअन्तर्गत ९८.३८ प्रतिशत कृषि र महिला उद्यमी शीर्षकमा प्रवाह हुँदा न कृषि उपजको उत्पादन बढेको देखिएको छ न त वास्तविक नयाँ महिला उद्यमी थपिएकै छन् । कार्यक्रमअन्तर्गत ब्याज अनुदानका लागि मात्र हालसम्म २२ अर्ब ३९ करोड रुपैयाँ खर्च भइसकेको छ । *राष्ट्र बैंकको अध्ययन प्रतिवेदनले पनि सहुलियतपूर्ण कर्जा कार्यक्रममार्फत प्रवाह भएको कृषि ऋण घरजग्गा खरिद गर्न, गाडी,*

मोटरसाइकल किन्नलगायत अनुत्पादक क्षेत्रमा लगानी भएको देखाएको छ । राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जवाफदेही बनाउन नसक्दा सहुलियत कर्जा कार्यविधिविपरीत लगानी भएको र अपेक्षित रूपमा लक्षित समूहमा पुग्न नसकेको, अधिकांश महिला उद्यमीकर्जा उत्पादनभन्दा व्यापारमा प्रवाह भएको प्रतिवेदनको निष्कर्ष छ ।

कृषि ऋणमा ब्याज अनुदान साना किसान र मिटर ब्याजमा पीडित देखिएका गरिबीको रेखामुनीका नागरिकलाइ अन्न बाली खेती गर्न, कुखुरा पालन, गाइ भैंसी पालन, दुध मासु उत्पादन बढाउने जस्ता कृषि व्यवसाय गरेर उत्पादन बढाउन यस्तो ऋण अनुदान दिनु पर्दछ । साना किसानले नै यो कृषि ऋणमा ब्याज अनुदान लिएर हिमाल, पहाड र तराइमा खाध्यान्न, दलहन, कोदो जस्ता बाली, धान गहुँ जस्ता अन्न बाली, दुध, मासु आदीको उत्पादन बढाएमा राष्ट्रिय रुपमा आयात निर्भरतामा राम्रो योगदान पुग्ने थियो।

<u>कृषि ऋणमा ब्याज अनुदान सम्बन्धमा निचोडः</u>

१. **कृषि ऋणमा ब्याज अनुदान लिनको लागि ठूला कृषि तथा पशुपन्छी उध्योगले कम्तिमा मौसमी बाहेक १०० एकसय भन्दा बढी विपन्न वर्गका स्थानीयलाइ रोजगारी दिने हुनु पर्दछ । त्यो कृषि उध्योगबाट उत्पादित कृषि उपजले राष्ट्रिय उत्पादनमा भरथेग पुराउने हुनु पर्दछ । उत्पादित कृषि उपजको अभिलेख रहने गरी मात्र त्यस्ता उध्योगलाइ ब्याज अनुदान दिने कानूनी व्यवस्था हुनु पर्दछ ।**

२. **हालको कृषि तथा पशुपन्छी ऋण अनुदान पद्दतिमा परिवर्तन गरेर यस क्षेत्रमा प्रवाह हुने ऋण मध्ये ५० प्रतिशत ऋण गरीब साना किसान र मिटरब्याज पीडित जस्ता वर्ग तथा समूहमा ब्याज अनुदान दिने प्रणाली विकास गरिनु पर्दछ ।**

<u>गरिब किसान र गरिबीको रेखामुनीका नागरिकलाइ सुलभ कर्जा दिलाउने तर्फ कानूनी व्यवस्था गर्नु पर्ने :</u>

अनुचित लेनदेन अर्थात् मिटर ब्याज पीडितहरु अधिकांश मधेश प्रदेशका ८ जिल्ला र पश्चिम नवलपरासीमा रहेका देखिन आयो। यी ९ जिल्लामा करिब २४ हजार पीडितहरुका निवेदन पर्न आएका छन् । अझैपनि म्यादभित्र निवेदन दिन छुटेको भन्ने पनि धेरै गुनासो आइरहेको छ ।

राजधानी लगायत शहरी क्षेत्रमा जग्गा कारोबारी र ठूलो मात्रामा व्यापार गर्ने र क्यासिनोमा जुवा खेल्नेहरु बीच पनि ठूलो रकमको अनुचित लेनदेनमा मिटरब्याजी खेलो हुनेगरेको थाहा हुन आयो । अनुचित लेनदेन कारोबार हुँदाका समयमा नै साहुहरुले खाली चेकमा सही गराएर लिने र समयमा रकम फिर्ता नपाएमा चेक बाउन्समा मुद्दा दिने गरेको देखिन आयो। यो प्रवृत्ती हिमाल, पहाड, तराइ सबै तिर रहेको पाइयो ।

आयोगबाट मुख्यतः मधेश प्रदेश र पश्चिम नवलपरासीका पिछडिएका र गरिबीको रेखामुनीका नागरिकको समस्यामा केन्द्रित भएर हेरियो, काम गरियो । त्यसरी हेर्दा र देखिएका समस्याको आधारमा विचार गर्दा गरिब र किसानहरुको लागि दैनिक व्यवहार चलाउन पनि ऋणको आवश्यकता परिरहने देखियो ।

खेती किसानी गर्न मल, बिउ खरिद लगायत बाली लगाउन र भित्र्याउँदा मजदूर लगाउनसमेत आवश्यक पर्ने रकम जुटाउन ऋणको आवश्यकता पर्ने देखिन आयो। साथै जन्म, ब्रतबन्ध, बिबाह र मरणसम्ममा पनि मधेशतिर धेरै खर्च गर्नु पर्ने चलन रहेको छ। सन्तानको शिक्षा दीक्षा र औषधोपचारमा तथा वैदेशिक रोजगारमा जानको लागि समेत ऋणको आवश्यकता पर्ने रहेछ ।

यस्तो अवस्थामा गरिब किसान र गरिबीको रेखामुनीका नागरिकलाइ सजिलैसंग ऋण पाउन सक्ने र दुर्घटनामा परेमा निशुल्क उपचार गराउने समेत भरपर्दो कानूनी र वैध व्यवस्था स्थानीय तह, प्रदेश र संघीय सरकारले कानूनी रुपमै गरिनु पर्दछ।

सुलभ ऋण दिलाउने प्रकृया:

१. नागरिकताको प्रमाणपत्र धितो राखेर १ वर्ष भित्र कर्जा र बढीमा १० प्रतिशत ब्याज फिर्ता बुझाउने गरी एक लाख रुपैयाँसम्म स्थायी बसोबास भएकालाइ स्थानीय तहको जमानीमा बैंकले निवेदन परेको ७ दिनभित्र कर्जा दिलाउने कानूनी व्यवस्था गरिनु पर्दछ।

२. एक लाख भन्दा बढी ५ लाख रुपैयाँसम्मको ऋण ऋणी वा कसैको जग्गा धितो राखेर वा वैंकले पत्याएको माथवर जमानीमा सम्बन्धित स्थानीय तहको सिफारिशमा निवेदन परेको १५ दिनभित्र बैकबाट ऋण दिलाइ उक्त ऋणको साँवा ब्याज २ वर्षभित्र फिर्ता गर्नु पर्ने कानूनी ब्यवस्था गरिनु पर्दछ ।

३. जन्म मरण विवाह व्रतबन्धजस्ता सामाजिक व्यवहारको लागि ५० हजार रुपैयाँसम्मको कर्जा १ वर्षभित्र साँवा र ब्याज फिर्ता गर्ने गरी सम्बन्धित स्थानीय तहले नागरिकताको प्रमाणपत्र धितो राखेर दिने दिलाउने कानूनी व्यवस्था गरिनु पर्दछ।

४. आफ्नो कुनै नागरिक दुर्घटनामा परेमा सरकारी स्वास्थ्य वीमाले उपचार गर्न नपुगेमा स्थानीय तहले सरकारी अस्पतालबाट निशुल्क उपचार गराइ दिने कानूनी व्यवस्था हुनु पर्दछ ।

स्थानीय रुपमा गाउँघरमा आपसी लेनदेन गर्दा निम्न बमोजिम गरी गर्नु गराउनु पर्ने:

१. बढीमा ५ लाख रुपैयाँ सम्म साहुले ऋण दिन सक्ने ।
२. वैङ्किङ माध्यमबाट ऋणीलाइ ऋण दिएको हुनु पर्ने ।

३. ऋणी र निजको परिवारको कुनै पनि सदस्य वा ऋणीको तर्फबाट अन्य कसैसंग साहुले जग्गा पारित गराएर लिन नहुने ।
४. ऋणी र निजको परिवारको कुनै सदस्यबाट साहुले खाली चेकमा सही गराएर लिन नहुने ।
५. यस्तो ऋणमा १० दश प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने ।
६. यस्तो तमसुक सम्बन्धित वडा कार्यालय वा पालिका कार्यालयको सचिवले दर्ता गरेपछि मात्र मान्यता पाउने।
७. स्थानीय रुपमा माथिको व्यहोरा पूरा गराइ परम्परागत रुपमा तमसुक लेनदेन भएकोमा सम्बन्धित वडा र पालिकाको सचिवले अनिवार्य रुपमा तमसुक दर्ता गराउने व्यवस्था गराउनु पर्नेछ।

मधेश प्रदेश र स्थानीय तहको भूमिका:

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी समस्याको मुख्य उदगम स्थल भनेको मधेश प्रदेश र पश्चिम नवलपरासी देखिन आयो । स्थानीय समस्याको समाधान पनि स्थानीय रुपमै हुन सके रचनात्मक हुन जान्छ। त्यसैले यो अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी समस्या समाधानमा वडा तह देखिनै राजनीतिक रुपमा स्थानीय जनप्रतिनिधिहरु सकृय भएर लागेमा समाधान गराउन सजिलो हुने थियो । स्थानीय समस्या के हो र कस्को कस्तो भूमिका भन्ने पनि स्थानीय जनप्रतिनिधिलाइ थाहा हुने भएकाले स्थानीय तह सकृय भएमा समाधान सजिलैसंग हुने थियो । मधेश प्रदेश र स्थानीय तहले यो अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी समस्या आफ्नो क्षेत्रका नागरिकको समस्या सम्झेर समाधानमा लाग्ने हो भने समस्या समाधान सजिलै हुने थियो । यसर्थ मधेश प्रदेश सरकार र स्थानीय पालिका अर्थात् स्थानीय सरकारलेनै यो समस्यामा सम्बोधन गरेमा समस्या समाधान हुने भएकाले यो आयोग सम्बन्धितको ध्यानाकर्षण गराउन चाहन्छ ।

मेलमिलाप गराउन प्रजिअलाइ अधिकार दिने सम्बन्धी सुझाव

अनुचित लेनदेनमा मिलापत्र गराउने सम्बन्धमा प्रजिअलाइ केही अधिकार दिनु पर्दछ । समय तोकेर केही वर्षको लागि परेका निवेदन फछ्यौंट गराउने प्रयोजनको लागि मात्र ।

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगको २०८० साल असार १७ गते को वैठकबाट निर्णय गरेर सरकारलाइ सुझाव दिइएको थियो।

अनुचित लेनदेनलाइ अपराध कायम गर्ने अध्यादेश र विधेयक सम्बन्धमा केही सुधार गर्नु पर्ने देखिएकाले सो सम्बन्धमा आयोगबाट सुझाव दिइएको थियो ।

यस आयोग गठन भइसकेपछि नेपाल सरकारले अनुचित लेनदेनलाइ अपराध कायम गर्ने गरी फौजदारी अपराध संहितामा दफा २४९क थप गरी प्रचलित ऐनमा संशोधन गर्ने जारी मिति २०८०।१।२० मा केही नेपाल ऐनलाइ संशोधन गर्ने अध्यादेश जारी गरेको थियो ।उक्त अध्यादेश निष्कृय भएपछि उक्त अध्यादेशलाइ समेत रुपान्तरण गरेर संघीय संसदबाट प्रतिनिधिसभाबाट २०८०।४।१२ मा सर्वसम्मतिबाट मुलुकी अपराध संहितामा संशोधन भएको छ ।

अनुचित लेनदेन सम्बन्धमा यस आयोग गठन भएपछि र यस आयोग गठन हुनु अघिनै जिल्ला प्रशासन कार्यालयहरुमा परेका निवेदन सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट छलफलको माध्यमबाट मेलमिलाप गराउने गरी ऐनमा समसामयिक संशोधन गर्न र साहु महाजनका तर्फबाट अदालतमा जाहेरी वा फिराद पत्र दायर भएका अवस्थामा अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगले वा सरकारले तोकेको म्यादभित्र जिल्ला प्रशासन कार्यालयहरुमा निवेदन दर्ता गरेको भन्ने कुरा जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरी पठाएमा अदालतले अनिवार्य रुपमा लेनदेन रकमको स्रोत यकिन गरी स्रोत पुष्टी भएमा मात्र बिगो ठहर गर्न सक्ने छ भन्ने प्रावधान समेत ऐनमा संशोधन गर्न तलको सुझाव प्रस्तुत गरिएको छ ।

कानून संशोधन गराउन सुझावः

अनुचित लेनदेन मिटरब्याज सम्बन्धमा हालको कानूनको सन्दर्भमा संशोधन हुनु पर्ने केही बुँदाहरुः

पीडित (ऋणी) र साहु (महाजन) बीच छलफल गराइ मिलापत्र गराउने सम्बन्धमा हालको कानूनमा संशोधन गर्नु पर्ने बुँदाहरुः

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ क(१) ले अनुचित लेनदेन गराउन नहुने गरी बर्जित गरेको छ ।ऐ क(२)ले ले ८ किसिमका कार्यलाइ अनुचित लेनदेनको परिभाषामा राखेको छ ।

यस आयोग गठन भएपछि गृह मन्त्रालयको निर्देशनमा मिटर ब्याज पीडित जिल्लाहरुमा सहायक प्रमुख जिल्ला अधिकारीहरुको संयोजकत्वमा कार्यदल गठन गरी सोही कार्यदलबाट छलफल गराइ मिलापत्र गराइदै आइएको छ । सो कार्यदलमा सहायक प्रजिअ,सहायक सरकारी वकील र प्रहरी अधिकृत रहने गरिएको छ।

जिल्लाको कार्यदलबाट मात्र छलफल गराइ मिलापत्र गराउँदा धेरै समय लाग्ने गरेको छ। सम्झाउँदा बुझाउँदा अलि बढी समय लाग्नु स्वभाविक नै हो । जिल्लामा गठित कार्यदलबाट फछ्र्यौटमा समय लागि काममा ढिलाइ भएकाले गत असोज ७ गते देखि जिल्लाका इलाका

प्रशासन र इलाका प्रहरी कार्यालयहरुबाट पनि ऋणी र साहु बीच छलफल गराइ मिलापत्र गराइदै आएको छ । छलफलको माध्यमबाट मिलापत्र गराउन ५ लाखसम्मका घरायशी लेनदेनका तमसुकमा इलाकामा पठाउने गरेकोमा इलाकाबाट पनि राम्रो काम हुँदै आएको पाइएकोछ ।

<u>कार्यदल, छलफल र मिलापत्र</u>

यो काम आयोगको पहलमा गृह मन्त्रालयको निर्देशनमा हुँदै आएको छ । यो मिलापत्रको काम गराउन कुनै कानूनी व्यवस्था भएको छैन। हुनतः दुइ पक्ष बीचको विवादमा मिलापत्र गर्ने गराउने काम अदालतबाट शुरु भइ अहिले मिलापत्रमा कानूनी व्यवस्था भइ सकेको छ। मेलमिलाप सम्बन्धी ऐन, २०६८ जारी भइ सकेको छ ।सो ऐन बमोजिम न्यायिक निकाय र अर्धन्यायिक निकायबाट मिलापत्र गराउन भने कानूनी प्रकृया अपनाउनु पर्ने हुन्छ। तर अहिले कार्यदलबाट गराइदै आएको मिलापत्र भने यो ऐन भन्दा बाहिर पर्दछ।

त्यसैले आयोगमा हाल परेका करिब २८००० अठ्ठाइस हजार निवेदन मध्ये करिब ७ सात हजार जति मात्र फर्छ्यौट भएकाले बाँकी निवेदनको हकमा कानूनी अधिकार प्राप्त निकायमा छलफल गराइ मिलापत्र गराउन सके बाँकी करिब २० बीस हजार निवेदनको पनि टुङ्गो लाग्ने थियो ।

आयोगको म्याद सकिएपछिको अवस्थामा कानूनी रुपमा मिलापत्र गराउने बाटो भएमा सदाको लागि बाँकी निवेदन र भविषयमा पर्न आउने थप निवेदन फर्छ्यौट हुने थियो। यसको लागि तलको व्यवस्था गर्न सुझाव गरिएको छ ।

<u>मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ पछि २४९ क को उपदफा (६) पछि उपदफा (७) र (८) थप गर्ने ।</u>

अनुचित लेनदेन सम्बन्धी अध्यादेश आउनु पूर्व नेपाल सरकारबाट गठन गरिएको अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९ ले मिति २०८० वैशाख १७ गतेदेखि अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी पीडित निवेदकहरूको तर्फबाट ७७ जिल्लाको जिल्ला प्रशासन कार्यालयमा पीडित सहायता कक्ष खडा गरी कार्यालयबाटै निःशुल्क रुपमा फारम भराइएको थियो।

सवै जिल्लामा गरी पीडित ऋणीका कुल निवेदन २८००० अठ्ठाइस हजार परेको छ । मधेश प्रदेशका ८ जिल्लामा मात्र २१३५५ निवेदन परेका छन् । पश्चिम नवलपरासीमा १८६२ समेत गरी ९ जिल्लामा मात्र २३३९७ निवेदन परेको छ ।

हाल उक्त पीडित ऋणीका तर्फबाट पर्न आएका निवेदन उपर साहु महाजन र ऋणी (आसामी) बीच छलफलको माध्यमद्वारा मेलमिलाप गर्न आयोगको परामर्शमा गृह मन्त्रालयबाट सवै जिल्ला प्रशासन कार्यालयहरुमा सहयोगी कार्यदल Task Force गठन

गरिएको छ। उक्त कार्यदलबाट साहु र आसामी दुवै पक्षलाई कार्यालयमा उपस्थित गराई दुवै पक्षबीच छलफलको माध्यमद्वारा मिलापत्र गराउने प्रयास सुरु भएको छ ।

यही २०८० मङसिर २४ गतेसम्म मधेश प्रदेशका ८ जिल्ला, पश्चिम नवलपरासी र अन्य जिल्लाहरुमा गरी लगभग ५२०० ऋणी पीडितका निवेदनहरु ऋणी र साहु बीच आपसी मन्जुरीले मेलमिलापबाट फछ्र्यौट भइ सकेको छ । मेलमिलापको फलस्वरुप साहुले ऋणीलाइ २१८ विघा (७९३ कित्ता) जग्गा फिर्ता गरेका छन् । अदालतबाट फैसला भएकोमा पनि साहुले स्वेच्छाले जग्गा फिर्ता गरेका छन् ।

आपसी छलफलबाट मेलमिलाप गराउँदा दुवै पक्षको जीत भएकोछ। मिलापत्रबाट निवेदन फछ्र्यौट गराउँदा दुवैको जीत Win Win हुने स्थिति हुन्छ । कसैको हार र जीत हुँदैन ।

फौजदारी र देवानी संहिताको कसूर र मुद्दा शुरु अदालतमा (जिल्ला अदालतमा) मुद्दा लाग्ने हुन्छ । अदालतमा चलेको विचाराधीन मुद्दामा मिलापत्रको काम पनि अदालतबाट नै हुन्छ। अहिले यो जाँचबुझ आयोगमा परेका २८००० अनुचित लेनदेन सम्बन्धी उजूरी सम्बन्धमा मेलमिलापबाट छिटो समाधान गराउन थप कानूनी व्यवस्था गर्नु पर्ने भएको छ ।

त्यसको लागि यस आयोगमा परेका निवेदन र आयोग गठन हुनु पहिले जिल्ला प्रशासन कार्यालयहरुमा परेको निवेदन सम्बन्धमा जिल्ला प्रशासन कार्यालयले (प्रमुख जिल्ला अधिकारीले) ऋणी र साहु दुवै थरलाइ बोलाइ छलफलद्वारा मिलापत्र गराउने अधिकार कानूनी रुपमा दिनु पर्दछ ।२८००० बढी निवेदन परेका मध्ये मधेशका ८ र पश्चिम नवलपरासीमा एकै जिल्लामा गरी करिब २४ हजार निवेदन परेकाले दिनको १० वटा छलफल गराउन गाहरो हुने भएकाले बाँकी निवेदन छलफल गराउन २ वर्षको समय दिनु मनासिव देखिन्छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ पछि थप भएको दफा २४९क को उपदफा (६) पछि तलको उपदफा (७) र (८) थप गर्नु पर्ने ।

<u>थप गर्नु पर्ने उपदफा</u>

(७) अनुचित लेनदेन सम्बन्धमा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ ले तोकी दिएको समयावधि भित्र ७७ जिल्ला प्रशासन कार्यालयहरुमा परेका पीडित ऋणीका २८००० अठ्ठाइस हजार आयोग गठन हुनु पूर्व जिल्ला प्रशासन कार्यालयहरुमा परेका करिव ३००० तीनहजार समेत ३१००० एकतीस हजार उजुरीका सम्बन्धमा उजुरकर्ता ऋणी र साहु बीच सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारीले छलफलबाट मेलमिलाप गराउनेछ। मेलमिलापको लागि छलफल गराउँदा प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकील कार्यालयका अधिकृत

प्रतिनिधि तथा स्थानीय निकायका सम्बन्धित वडाका जनप्रतिनिधिलाइ समेत बोलाउन सक्नेछ।

मेलमिलापको लागि छलफलमा बोलाउँदा उपस्थित हुने कर्तब्य सम्बन्धित स्थानीय निकायको जनप्रतिनिधिको हुनेछ ।

जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन तथा इलाका प्रहरी कार्यालयहरुमा आयोगले तोकेको समयावधिभित्र पीडितका(ऋणीका)तर्फबाट परेका निवेदनहरुमा प्रमुख जिल्ला अधिकारीको अगुवाइमा छलफलको माध्यमद्बारा मेलमिलाप गराउन यो उपदफा लागु भएको मितिले २ वर्षको समयावधि हुनेछ।

<u>थप गर्नु पर्ने उपदफा</u>

(८) घरायशी लेनदेनका विषयमा साहु वा धनीका तर्फबाट शुरु अदालतमा परेको जाहेरी वा फिरादपत्रबाट चलेका मुद्दाहरुमा बयान दिने वा प्रतिउत्तर पेश गर्ने क्रममा अदालतमा उक्त मुद्दा दायर हुनु पूर्व पीडितले आफूले जिल्ला प्रशासन कार्यालयमा अनुचित लेनदेन (मिटर ब्याज) पीडित भनी निवेदन दिएको जिकिर गरेमा र प्रस्तुत मुद्दा अनुचित लेनदेन सम्बन्धी हो भनी उलेल्ख गरेकोमा अदालतबाट जिल्ला प्रशासन कार्यालयमा यसको सत्यता वारेमा लेखी पठाउँदा निवेदन दिएको पुष्टि हुन आएमा त्यस्ता प्रकृतिका मुद्दाहरुमा अदालतले अनिवार्य रुपमा लेनदेन भएको रकमको स्रोत यकीन गरी स्रोत पुष्टी भएमा मात्र माग दावी, बमोजिम विगो ठहर गर्नु पर्ने । केवल तमसुक, जाहेरी वा साक्षीको वकपत्रलाइ मात्र आधार लिइ दावी विगो ठहर गर्नु नहुने।

पीडकहरुबाट अदालतमा मुद्दा दायर गरेको अवस्थामा अदालतबाट तमसुकमा भएको सही वा चेकमा भएको सही मात्र सनाखत गरी रकमको स्रोत सम्बन्धमा र प्रतिवादीका अन्य प्रमाण र जिकिरतर्फ कुनै प्रश्न नगरी तमसुक वा जाहेरीलाइ मात्र आधार मानेर फैसला गर्ने गरेको भन्ने अधिकांश पीडितहरुको गुनासो रहेको। अनुचित लेनदेन सम्बन्धी मुद्दामा साहूले आफ्नो पक्षमा सवै नक्कली प्रमाण बनाएर राख्ने तर पीडितलाइ कुनै प्रमाण नदिने कारण अनुचित लेनदेन सम्बन्धी मुद्दामा प्रमाण बुझ्ने र प्रमाणमा लिने तरिकामा समयानुकूल परिवर्तन गर्नु पर्ने आवश्यक देखिएको ।

<u>नोट तोकिएको समयावधि भित्र मेलमिलाप हुन नसकेमा कानूनी बाटो खुला हुने हुनाले अरु केही खुलाइ रहनु पर्दैन । प्रजिअलाइ केही विवाद हेर्न अधिकार समेत भएकाले यो अधिकार मेलमिलाप गराउने मात्र हो । मुद्दा छिन्ने होइन।</u>

५. सारांशः

क. समाजमा विशेष गरेर मधेश प्रदेश लगायत तराई/मधेशका अन्य जिल्लाहरूमा गरिबीको रेखामुनी रहेका मानिसहरूको लागि अनुचित लेनदेन अभिशाप भएको छ। आफ्ना आधारभूत आवश्यकता परिपूर्तिको लागि बाध्यात्मक अवस्थामा साहुबाट ऋण लिनुपर्ने र ऋण लिई सकेपछि साहुको आर्थिक, सामाजिक र दुर्व्यवहार समेतको अत्याचार भोग्नु गरीबको लागि नियति नै बनेको अवस्थामा देखियो।

ख. नेपाल सरकारद्वारा यस्ता पीडितहरूको समस्या समाधान गर्ने उद्देश्यले अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी जाँचबुझ आयोग गठनपश्चात् आयोगले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत् पीडितको निवेदन लिई यस्ता निवेदनहरूको डिजिटल तथा म्यानुअल विश्लेषण गर्दा अनुचित लेनदेन भयावह सामाजिक विकृतिको रूपमा रहेको पुष्टि हुन आयो।

ग. स्थलगत भ्रमण, सरोकारवालाहरूसँगको अन्तरक्रिया तथा पीडितहरूसँगको भेटघाटबाट समेत यो विकृति अत्यन्त जटिल समस्याको रूपमा रहेको भन्ने पाइयो।

घ. साहुसँग आफ्नो पक्षमा प्रमाण लाग्ने सम्पूर्ण प्रमाण बनाएर राख्ने तर ऋणीसँग कुनैपनि प्रमाण नहुनुले साहुहरुलाइ प्रचलित कानुनबमोजिम कानूनी दायरामा ल्याउन असम्भव प्रायः देखियो।

ङ. मिति २०८०।०१।२० गते राजपत्रमा प्रकाशित भएको र पछि संसदबाट पास भई संहिताहरूमा भएको थप कानूनी व्यवस्थाले सो मितिभन्दा पछाडिका अनुचित लेनदेनलाई अपराधिकरण गरी कानुनबमोजिम कारवाही हुने बाटो खुले तापनि विगतमा भएको अनुचित लेनदेनका पीडितहरूलाई न्याय दिलाउन साविकको ठगी सम्बन्धी व्यवस्था बाहेक नयाँ कानूनी व्यवस्था आकर्षित नहुने नै भयो।

च. विगतका अनुचित लेनदेनका समस्याहरूमा उल्टै साहुबाट ऋणीको विरुद्ध अदालतमा मुद्दा हाली कतिपय केस फैसला भई कार्यान्वयनसमेत भइसकेका, कतिपय कार्यान्वयनको चरणमा रहेका र कतिपय विचाराधीन अवस्थामा रहेकोसमेत पाइयो।

छ. कतिपय पीडितहरू चेक बाउन्स सम्बन्धी मुद्दामा साहुको जाहेरीमा अदालतको आदेशले कारागारमा रहेका, कतिपयको विरुद्धमा पक्राउ पूर्जी जारी भएको र कतिपयको घरजग्गा साहुले रजिष्ट्रेसन पास गराई हडपेको र कतिपयको घरजग्गा लिलाम भइसकेको वा हुने क्रममा रहेको समेत पाइयो।

ज. गरिबीको रेखामुनी रहेका मानिसहरू बाहेक विशेष गरेर सहरबजारमा घरजग्गा खरिद वा कारोबार, आफ्नो व्यवसाय बढाउन वा नयाँ व्यवसाय गर्न वा अन्य कारणले समेत मध्यमवर्गीय र केही उच्च वर्गका मानिसहरूले समेत चर्को व्याजमा (मिटरव्याज) ऋण

लिने र ऋण तिर्न नसकी घर/जग्गा लिलाम वा चेक बाउन्सको मुद्दा खोजिएको पनि पाइयो।

झ. यसरी कानूनी कारवाहीले मात्र पीडितहरूलाई न्याय दिलाउन नसकिने अवस्था भएकोले आयोगको सिफारिशमा नेपाल सरकार गृह मन्त्रालयको आदेशानुसार पीडितकातर्फबाट निवेदन परेका सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सहयोगी कार्यदल गठन भएको छ। जसमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयको सि.प्र.अ., सरकारी वकिल कार्यालयको प्रतिनिधि, पीडितको प्रतिनिधी तथा आवश्यकताअनुसार अन्य कर्मचारीहरूसमेत राखिएको छ।

ञ. यो कार्यदललाई कार्यसम्पादनमा सघाउ पुराउने आयोगले Guidelines बनाएर पठाएको, आचारसंहिता बनाएर पठाइएको साथै कार्यदलले गर्नुपर्ने कार्य तथा तरिका बारेमा आयोगका पदाधिकारीबाट मधेश प्रदेशका जिल्लाहरुमा पटक पटक स्थलगत रूपमा भ्रमण गरी ब्रिफिङसमेत गरिएको छ।

ट. यो कार्यदलले निवेदक तथा साहु (विपक्षी) दुवै पक्षलाई झिकाई छलफलको माध्यमद्वारा दुवै पक्षलाई सहमतीमा ल्याई पीडितको पक्षमा न्याय दिलाउने कार्य चलिरहेको छ।

ठ. यो कार्यदलले हालसम्म करिब ५२०० पाँचहजार दुइसय वटा निवेदकका निवेदनहरूलाई छलफलको माध्यमद्वारा सहमती गराउन सफल भएका छन् भने २१८ विघा (७९३कित्ता) जमिन साहुबाट ऋणीलाई फिर्ता दिलाउनुको साथै साहुले ७ अर्ब ६२ करोड रुपैयाँ माग गरेकोमा माग गरेको भन्दा ५ अर्ब ८९ करोड घटीमा १ अर्ब ७२ करोड रुपैयाँमा सहमती गराउन सफल भएको छ।

ड. कार्यदलले कार्य सम्पादन गर्ने क्रममा कतिपय साहुहरू बोलाउँदा नआउने, अदालतबाट निषेधाज्ञा लिने, उपस्थित भएर पनि सहमतीमा नआउने तथा मिलापत्र भएर पनि कार्यान्वयन नगर्ने जस्ता क्रियाकलापहरूले समयसमयमा कार्यदलको कार्यमा अवरोध सृजना हुने गरेको छ।

ढ. यसरी अटेर गरी उपस्थित नहुने साहुहरूलाई यदि प्रचलित कानुनबमोजिम कानुनको दायरामा ल्याउने अवस्था भएमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयले पीडितबाट जाहेरी लिई आकर्षित हुने प्रचलित कानुनबमोजिम कानूनी दायरामा ल्याइने गरिएको छ। हालसम्म विभिन्न मुद्दा शीर्षकमा २५वटा मुद्दा दर्ता भई कानूनी कारवाही अगाडि बढाइएको छ।

आयोग उपर निषेधाज्ञा र वन्दीप्रत्यक्षीकरण मुद्दा परी २५ थान लिखित जवाफ दिइएको ।

ण. बाह्र जिल्लाहरूमा ५०० भन्दा बढि निवेदन परेको हुनाले जिल्ला प्रशासन कार्यालयमा रहेको कार्यदलले मात्र फछ्यौंट गराउँदा धेरै समय लाग्ने देखिएकोले हाल रू.५ लाख वा सोभन्दा कम रकम लेनदेन भएका निवेदन जसमा अदालती प्रकृयामा नगएका र

व्यवसायिक मिटरव्याजी साहु विरुद्धका निवेदनहरू बाहेकका निवेदनहरूलाई सम्बन्धित इलाका प्रशासन कार्यालय र इलाका प्रहरी कार्यालयमार्फत् पनि फछ्यौंट गराउने व्यवस्था मिलाइएको छ।

त. अनुचित लेनदेन सम्बन्धी निवेदनमा मुलुकी अपराध तथा मुलुकी देवानी संहिताहरूमा भएको नयाँ व्यवस्था तथा प्रचलित अन्य कानूनबमोजिम कारवाही गर्ने सम्बन्धमा आयोगका पदाधिकारीहरूद्वारा सम्बन्धित जिल्ला प्रहरी कार्यालय/इलाका प्रहरी कार्यालयमा कार्यरत सि.प्र.अ. तथा अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी कर्मचारीहरूलाई आयोगको तर्फबाट Guidelines बनाएर पठाउनुको साथै स्थलगत ब्रिफिङसमेत गरिएको थियो।

थ. माथि उल्लेख भएबमोजिमको निवेदन फछ्यौंट गर्ने प्रकृयालाई हालसम्म पर्न आएका र यसपछि गृह मन्त्रालयबाट तोकिएको अवधिसम्म पर्ने सम्पूर्ण निवेदन फछ्यौंट नभएसम्म निरन्तरता दिनुपर्ने देखिन्छ।

द. प्राप्त हुन आएका निवेदनमध्ये करिब २५/३०% निवेदनहरू केहि बनावटी केही बैंक/वित्तीय संस्थासँग सम्बन्धित तथा केही ठूलाठूला व्यावसायिक कारोबारका समेत रहेको देखिएकोले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई यस्ता आयोगको कार्यक्षेत्रभित्र नपर्ने निवेदनहरूलाई निवेदकलाई बोलाई सम्बन्धित निकायमा कानूनी उपचारमा जानू भनी जानकारी गराइ निवेदन फिर्ता गराउन अनुरोध गरिएको छ।

ध. आयोगको कार्यकाल समाप्त भइसकेपछि पनि गृह मन्त्रालयमा अनुचित लेनदेन सम्बन्धी विषय हेर्ने गरी सहसचिवको नेतृत्वमा शान्ति सुरक्षा महाशाखामा अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी डेस्क स्थापना गरी उक्त महाशाखाको पहल कदमीमा फछ्यौंट हुन बाँकी निवेदनको फछ्र्यौंट प्रकृयालाई निरन्तरता दिनुपर्ने देखिन्छ।

न. यसरी विगतमा भएका अनुचित लेनदेन सम्बन्धी निवेदनहरूलाई एकातर्फ फछ्यौंट गर्दै लैजानुपर्ने हुन्छ भने अर्कोतर्फ अनुचित लेनदेन सम्बन्धमा कानुनमा भएका नयाँ व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्दै लैजानुपर्ने समेत देखिन्छ।

प. जबसम्म समाजमा गरिबहरूले साहुसँग ऋण लिनुपर्ने वाध्यकारी अवस्था रहन्छ तवसम्म अनुचित लेनदेनको जोखिम रहिरहन्छ। यसैले राज्यको तर्फबाट गरीबहरुको आधारभूत आवश्यकता पूर्तिको लागि सुझाव खण्डमा दिइएका बुँदाहरुको कार्यान्वयनमा स्थानीय तहमा विशेष व्यवस्था गरिनुपर्छ।

यसमा विशेष गरेर स्थानीय तहको प्रत्यक्ष रेखदेखमा भरपर्दो र सुलभ स्वास्थ्य बिमा, गरिब विद्यार्थीलाई सम्पूर्ण शुल्क मिनाहासहितको शिक्षामा पहुँच, वैदेशिक रोजगारमा जान सहुलितपूर्ण ऋण, सरकारका तर्फबाट सञ्चालित रोजगार र आयमूलक कार्यमा

प्राथमिकता, सर्वसुलभ कृषि ऋणको व्यवस्था तथा गरीबको सहजरूपमा बैंक/वित्तीय संस्थाहरूमा पहुँच हुने व्यवस्था मिलाईनुपर्ने देखिन्छ।

फ. पीडितहरुको विपक्षमा अदालतको अन्तिम फैसलाको कार्यान्वयनको कारणले सुकुम्बासी भएका गरिबीको रेखामुनीका अनुचित लेनदेन पीडितको हकमा स्थानीय तहको सिफारिशमा भूमि आयोगबाट प्राथमिकताका साथ आवश्यक जग्गा र घर घडेरी वितरण गरिनु पर्दछ ।

अनुसूचि यसैसाथ नत्थी गरिएको छ ।

०००००

अनुचित लेनदेन (मिटर व्याज) सम्बन्धी
जाँचबुझ आयोग, २०७९
२६ मार्ग २०८०